जातिशास्त्रीय अध्ययन श्रृङ्खला २७

सुरेल जातिको चिनारी

डा. तारामणि राई
दिवस राई
सुबास सुरेल

प्रकाशक

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

सुरेल जातिको चिनारी

लेखक : डा. तारामणि राई, दिवस राई र सुबास सुरेल
प्रबन्ध सम्पादक : सरीना गुरुङ
भाषा सम्पादक : पदम राई

प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

सर्वाधिकार : प्रकाशक

प्रकाशन प्रति : ३००
संस्करण : प्रथम, वि.सं. २०७९ (सन् २०२२)

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौँ, नेपाल
फोनः +९७७-०१-४१०२६०२

ISBN NO. : 978-9937-9548-9-1

ETHNOGRAPHIC PROFILE OF SUREL COMMUNITY : AUTHORS *DR. TARA MANI RAI, DIVASH RAI AND SUBASH SUREL* IN 2022

प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन ।

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूका मातृभाषा, लिपि, संस्कार-संस्कृति प्रकाशन गर्ने सिलसिलामा '**सुरेल जातिको चिनारी**' नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुभाषा, बहुसंस्कृति, बहुधर्म नेपालको विशिष्ट परिचयहरू हुन्। यी अमूल्य निधिहरूको विकास, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ। यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, मातृभाषा साहित्य र समाज विकासमा नेपाल सरकारले प्रोत्साहन गर्दै आइरहेको छ। '**सुरेल जातिको चिनारी**' त्यही श्रृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन गरिएको हो।

प्रस्तुत कृतिले सुरेल समुदायका भाषिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी यस क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा कुनै द्विविधा छैन।

अन्त्यमा, लेखकत्रय **डा. तारामणि राई, दिवस राई र सुबास सुरेल**का साथै सम्पूर्ण सुरेल दिदीबहिनी, दाजुभाइहरूको उन्नति, प्रगतिका लागि हार्दिक शुभकामनासहित यस कृतिको लेखन, सम्पादन र प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।

असार, २०७९

.....

(गोकुलप्रसाद घर्ती)

उपाध्यक्ष

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प्रकाशकीय

जातिशास्त्रीय अध्ययन श्रृङ्खला - २७ मा **सुरेल जातिको चिनारी**लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र सुरेल जाति उत्थान समाजको संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको हो ।

नेपालका आदिवासी जनजातिहरूको जातीय, भाषिक, धार्मिक, सांस्कृतिकजस्ता विविध विषयहरूमा सहयोग गर्न **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना भएको हो । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा **राष्ट्रिय विकास समिति**मार्फत आदिवासी जनजातिहरूलाई सहयोग भइरहेको थियो । वि.सं. २०५८ सालमा ऐनमार्फत **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना र समायोजन भई आदिवासी जनजातिहरूको हितमा वृहत्तर र प्रभावकारी रूपमा यो समुदायको लागि काम गरिरहेको छ ।

पिछडिएका यी समुदायलाई देशको मूल प्रवाहमा ल्याउनको लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरूमार्फत सहयोग भइरहेको छ । आदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्तावेज, जातीय, भाषिक, सामाजिक, आर्थिक, धार्मिक, आदि विविध आयामका दस्तावेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम गर्दै आइरहेको छ । यसैको निरन्तरतास्वरूप '**सुरेल जातिको चिनारी**' प्रकाशित गरिएको हो ।

प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहहरूको जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धानदाताद्वय **डा. तारामणि राई, दिवस राई र सुबास सुरेल**ले आ.व. २०७६/०७७ मा **सुरेल जातिको चिनारी**को अध्ययन-अनुसन्धान गर्नुभएको थियो । सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्दति, मार्गनिर्देशन, सुपरीवेक्षण कार्य डा. चैतन्य सुब्बा, डा. कृष्ण भट्टचन, प्रा.डा. ओम गुरुङले गर्नुभएको थियो । त्यस्तै, उप-प्राध्यापक डा. डम्बरध्वज चेम्जोङले विश्लेषणात्मक टिप्पणी गर्नुभएको हो । सुरेल जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्नेछ भन्ने अपेक्षा गरिएको छ । यस प्रकाशित पुस्तकमा व्यक्त विचारहरू लेखकहरूका निजी हुन् ।

अन्तमा अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखकद्वय, 'सुरेल उत्थान संघ'को सहकार्य, यो कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नुहुने पदम राई साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्षरूपमा जोडिनुभएका महानुभावहरूलाई एकमुष्ट रूपमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

असार, २०७९

सरीना गुरुङ
निमित्त प्रमुख
प्राज्ञिक तथा अनुसन्धान महाशाखा

दर्ता नं. ३४९

सुरेल जाति उत्थान समाज

गौरीशंकर-५, सुरी, दोलखा

स्था. २०६१

पत्र संख्या :-
चलानी नं. :-

शुभकामना

सुरेल नेपालको लोपोन्मुख आदिवासी जनजाति हो । यस जातिबारे विस्तृत जातिशास्त्रीय अध्ययन हुन नसकिरहेको बेला यो अध्ययनले केही हदसम्म त्यो अभावलाई पूर्ति गर्नेछ भन्ने विश्वास लिएको छु । यस समुदायको सामाजिक, सांस्कृतिक-धार्मिक, ऐतिहासिक एवम् भाषिकलगायत विविध पक्षको गहन अध्ययन-अनुसन्धान गरी आफ्नो कलमको माध्यमबाट यो कृति तयार गर्नुभएकोमा बौद्धिक व्यक्तित्व डा. तारामणि राईलगायतलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

कुनै पनि जातिको संस्कृति उक्त जातिको पहिचानमा नभई सिङ्गो देशको पहिचान र गौरवको विषय हो । यो पुस्तकलाई प्रकाशन गर्नका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । यो पुस्तक लेखनका क्रममा अध्येताहरूलाई सुरेल समुदायका विभिन्न विशिष्ट व्यक्तित्वहरू, सम्बन्धित विषयका विज्ञहरूसँग छलफल गरी पुस्तकलाई अन्तिम रुप दिनुभएको छ ।

अन्त्यमा यो पुस्तक तयार गरी यो रुपमा उपहार दिनुभएकोमा डा. तारामणि राईलगायत सम्पूर्ण सहयोगीहरूलाई म व्यक्तिगत तथा सम्पूर्ण सुरेल समाजको तर्फबाट हार्दिक धन्यवाद एवम् उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष
सुरेल जाति उत्थान समाज

हाम्रो भन्नु

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले नेपालको आदिवासी जनजातिबारे जातिशास्त्रीय अध्ययन अनुसन्धान गराउँदै आइरहेको छ। यसै सन्दर्भमा सुरेल जातिको समेत केही वर्ष अघि अध्ययन गराएको थियो।

नेपाली समाज विविधतापूर्ण छ। यो समाजको प्रमुख आधारस्तम्भका रुपमा रहेका आदिवासी जनजातिहरूको एकीकृत समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन हुन नसकेको अवस्थामा प्रतिष्ठानले गरेको यो पहल सह्हानीय छ। यसले नेपालको सामाजिक इतिहास पुनर्लेखनलाई सहयोग पुऱ्याउने कुरामा कुनै दुई मत छैन। यसै क्रममा सुरेल जातिको अध्ययन गरी जातिशास्त्रीय विवरणिका तयार गर्ने जिम्मा हामीलाई दिएकामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

नेपालको लोपोन्मुख आदिवासी जनजातिको रुपमा रहेको सुरेल जातिबारे विस्तृत जातिशास्त्रीय अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यो अध्ययनले केही हदसम्म त्यो अभावलाई पूर्ति गर्नेछ भन्ने विश्वास लिएका छौं। यो अध्ययन गर्नुपूर्व अध्ययनका विषयमा निर्देशन गर्नुहुने डा. चैतन्य सुब्बा, डा. कृष्ण भट्टचन, प्रा.डा. ओम गुरुङप्रति विशेष आभार व्यक्त गर्दछौं।

स्थलगत अध्ययनका क्रममा सुरेल जातिको मूलथलो दोलखा जिल्लाको गौरीशङ्कर गाउँपालिका वडा नं. ४ मा अवस्थित सुरी गाउँ पुगेका थियौं। त्यस क्रममा बासको प्रबन्धलगायत गाउँले परिवेशमा सत्कार गर्नुहुने, साथसाथै सुरेल जातिमा रहेको सूचनादाता र स्रोतव्यक्तिहरूको पहिचान गरी उक्त ठाउँमा समेत पुऱ्याई सेतुको भूमिका निर्वाह गरिदिनुहुने सुरेल उत्थान संघका अध्यक्ष सुवाश सुरेलप्रति नतमस्तक छौं। यसै क्रममा उहाँको जहान प्रमिला सुरेललगायतले गर्नुभएको सत्कार एवम् सहयोगप्रति नतमस्तक छौं। निश्चय नै उहाँहरूको आत्मीय सहयोग नभइदिएको भए यो कार्य संभव हुनेथियो वा हुने थिएन यसै भन्न सकिँदैनथ्यो। त्यसैगरी सूचना र स्रोत उपलब्ध गराइदिनु हुने नाक्सो मानवीर सुरेल, तीर्थबहादुर सुरेल, यमबहादुर सुरेल, खड्कबहादुर सुरेल, धनकुमारी सुरेल, हरिकुमारी सुरेललगायत सुरेल समुदायप्रति हामी नतमस्तक छौं। सुरी गाउँभन्दा केही तल रहेको बुरुम्फीमा सूचना सङ्कलनमा अतुलनीय सहयोग पुऱ्याउनुहुने संस्थाका उपाध्यक्ष, कोषाध्यक्ष लगायतलाई नसम्झिनु सोह्रै आना अर्घेलो हुन जान्छ।

अन्त्यमा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका पूर्व उपाध्यक्ष चन्द्रबहादुर गुरुङ, पूर्व सदस्य-सचिव गोविन्दलाल माझी साथै वर्तमान उपाध्यक्ष गोकुलप्रसाद घर्ती, वर्तमान सदस्य-सचिव कमलप्रसाद राजवंशी, प्राज्ञिक महाशाखाको अनुसन्धान अधिकृत सरिना गुरुङ लगायतप्रति धन्यवाद दिन चाहन्छौं ।

अनुसन्धाता

डा. तारामणि राई

दिवस राई

सुबास सुरेल

विषय–सूची

अध्याय १ : अध्ययनको परिचय १

१.० पृष्ठभूमि १

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको पुनरावलोकन ४

१.५ अध्ययनको महत्व र औचित्य ५

१.६ अध्ययन विधि ६

१.६.२ अनुसन्धानको संरचना ७

१.६.३ तथ्याङ्कको प्रकृति, स्रोत र साधन ७

१.६.४ तथ्याङ्क सङ्कलन विधि ७

१.६.५ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण ८

१.७ अध्ययनको सीमा ९

१.८ अध्ययनको संगठन ९

अध्याय २ : सुरेल जातिको उत्पत्ति र इतिहास १०

२.० पृष्ठभूमि १०

२.२ जाति उत्पत्तिसम्बन्धी मिथक र इतिहास १०

२.४ किपट र भूमिहरणको कथा १३

२.३ भौगोलिक वितरण र स्थाननाम १५

२.४ सारांश १७

अध्याय ३ : भाषिक तथा जनसङ्ख्या वितरण १९

३.० पृष्ठभूमि १९

३.१ जनसङ्ख्या वितरण १९

३.२ भाषा र भाषा परिवार २१

३.३ भाषिक अवस्था २३

३.४.१ लिपि, लेख्य परम्परा एवम् अध्ययन-अनुसन्धान २३

३.४.२ बहुभाषिकता २३

३.४.१ भाषिक जीवन्तताको स्थिति (Language viatiality) २३

३.४.२. भाषिक अभिवृत्ति २८

३.४.३ भाषा प्रयोगका क्षेत्रहरू २९

३.२.३ सुरेल भाषाको १०० शब्द ३१
३.५ सारांश ३५

अध्याय ४ : सामाजिक संरचना र सम्बन्ध ३७
४.० रुपरेखा ३७
४.१ बासस्थान र घरको बनोट ३७
४.२ परिवार, थर र उपथरहरू ३९
४.३ नाता सम्बन्ध ४१
४.३.१ टाढाको नातेदार (non-affinal) ४१
४.३.२ नजिकको नातेदार (affinal kinship) ४२
४.३.२ मितेरी साइनो (fictive kinship) ४३
४.४ ढोगभेट ४३
४.५ खानपान ४४
४.६ वेशभुषा तथा गरगहना ४४
४.७ सारांश ४५

अध्याय ५ : धार्मिक–सांस्कृतिक अनुष्ठान र चाडपर्व ४६
५.० पृष्ठभूमि ४६
५.१ धर्म ४६
५.२. धार्मिक एवम् सांस्कृतिक अनुष्ठान ४७
५.२.१ भूमे पूजा ४७
५.२.२ चन पूजा ४९
५.२.३ बम्बू कुल अर्थात् थानी पूजा ५०
५.२.४ दोक्री ५१
५.२.५ इवि ५१
५.२.६ अन्य चाडपर्व र अनुष्ठान ५२
५.३ सारांश ५२

अध्याय ६ : जीवन चक्रीय संस्कार ५३
६.० पृष्ठभूमि ५३
६.१ जन्म ५३
६.२ न्वारान ५४
६.३ पास्नी ५४

६.४. छेवर र गुन्यूचोली ५५
६.६ मृत्यु ५८
६.७ सारांश ५९

अध्याय ७ : आर्थिक तथा राजनैतिक परम्परा र अभ्यास ६०
७.० रुपरेखा ६०
७.१ परम्परागत आर्थिक प्रणाली ६०
७.१.१ उत्पादन वितरण प्रणाली ६१
७.१.२ श्रम विभाजन ६२
७.१.३ प्राकृतिक स्रोत साधनको मौलिक व्यवस्थापन ६३
७.१.४ खाद्य सुरक्षा प्रणाली ६३
७.२ वर्तमान अवस्थामा आर्थिक प्रणाली ६४
७.५ परम्परागत संस्था ६६
७.६ राजनैतिक तथा सामाजिक आन्दोलन ६७
७.७ सारांश ६७

अध्याय ८ : शिक्षा र स्वास्थ्य ६९
८.० रुपरेखा ६९
८.१ शैक्षिक अवस्था ६९
८.२ स्वास्थ्य ७८
८.३ सारांश ७८

अध्याय ९ : सहभागिता, परामर्श र समावेशीकरण ८०
९.० रुपरेखा ८०
९.१ सहभागिता र सहकार्य ८०
९.१.१ सरकारी निकाय वा राजनैतिक पार्टीमा सहभागिता ८१
९.२ संस्थागत प्रयास र समावेशीकरण ८३
९.३ सारांश ८४

अध्याय १० : सारांश र निष्कर्ष ८६
१०.० रुपरेखा ८६
१०.१ सारांश ८६
१०.३ निष्कर्ष ९०
सन्दर्भसूची ९३
परिशिष्ट ९५

तालिका सूची

तालिका ३.१: लोपोन्मुख जातिको जनसङ्ख्या र वक्तासङ्ख्या विवरण २०

तालिका ३.१: विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम २४

तालिका ३.२ : सुरेल वक्ताहरूको विवरण २५

तालिका ३.३ : विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण २८

तालिका ३.३ : सुरेल भाषाको १०० शब्दसूची ३१

तालिका ७.१: सुरेल जातिको नाममा रहेको जग्गाजमिनको विवरण ६४

तालिका ८.१: विष्णेश्वरी प्राविमा अध्ययनरत छात्रछात्राको विवरण ७०

तालिका ८.२ मा छात्र र छात्राको विवरणलाई प्रस्तुत गरिएको छ जसको आधारमा महिला र पुरुषको सहभागितालाई अवलोकन गर्न सकिन्छ । ७२

तालिका ८.२: छात्र र छात्राको विवरण ७२

तालिका ८.३: कक्षा ६ देखि १० सम्मको विवरण ७३

तालिका ८.४: कक्षा ६ देखि १० सम्मका छात्रछात्राहरूको कक्षागत विवरण ७४

तालिका ८.६ : हालसम्म एसएलसी उत्तीर्ण सुरेलहरूको विवरण ७५

तालिका ८.७ : एसएलसी उत्तीर्ण छात्र र छात्राको सहभागिता ७७

तस्बिर सूची

तस्बिर २.१: सुरेल जातिको बस्ती १४

तस्बिर २.२ : सुरेल जातिको मुख्य जग्गाजमिन भएको ठाउँ १७

तस्बिर ३.१: विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण ३१

तस्बिर १.३: सुरेल जातिको घर ३९

तस्बिर ४.१ कम्पनी हार र चुरा ४४

तस्बिर ५.१: सुरेलहरूको भूमेथान ४८

तस्बिर ५.२: सुरेलहरूको भूमेथान ४८

तस्बिर ७.१: चोयाको डोको र गुन्द्री बनिरहेको ६२

तस्बिर ९.१ : साबुन बनाइरहेका सुरेल महिलाहरू ८३

रेखाचित्र सूची

रेखाचित्र २.१ सुरेलहरूको तत्कालीन किपटका सिमाना १३

तस्बिर २.१: सुरेल जातिको बस्ती १४

रेखाचित्र ३.१: भाषा परिवार २२

रेखाचित्र ३.१: विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण २८

रेखाचित्र ४.१: सुरेल जातिको थर ४०

रेखाचित्र ८.१: सुरेल समुदायबाट छात्र-छात्राको कक्षागत विवरण ७३

रेखाचित्र ८.३: कक्षा ६ देखि १० सम्मका छात्रछात्राहरूको कक्षागत विवरण ७५

रेखाचित्र ८.४ : एसएलसी उत्तीर्ण छात्र-छात्राको विवरण ७८

अध्याय १

अध्ययनको परिचय

१.० पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो। संघीय संरचनामा मुलुक गइसकेपछि अहिले नेपालमा ७ वटा प्रदेशहरू बनेका छन् भने ७५३ वटा स्थानीय तहहरू छन्। यहाँ बसोबास गर्ने सम्पूर्ण समुदायहरूको आ-आफ्नै परम्परा, संस्कृति, मूल्य-मान्यताहरूमा फरक-फरक विशेषता पाइन्छन्।

प्रत्येक आदिवासी जनजातिहरूको आ-आफनो अस्तित्व पहिचान गर्ने मौलिक सांस्कृतिक परम्परा छन्। नेपाल विश्वको सानो मुलुक भए पनि विविध भाषा, धर्म, जीवनशैली, वेशभूषा, चाडपर्व र लोक-संस्कृतिका हिसाबले धनी मुलुकको रूपमा रहेको छ। त्यसैले नेपाल बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक राष्ट्रको रूपमा परिभाषित हुँदै आएको छ। प्राचीन एवम् ऐतिहासिक मानवसभ्यताको उद्गम भूमिका रूपमा नेपाल एक विशिष्ट स्थानका रूपमा चिनिँदै आएको छ। यहाँ भौगोलिक बनावटअनुसार जाति/जनजातिहरूको बसोबास वा आफ्नै भौगोलिक अवस्था रहेको पाइन्छ। यसरी विशिष्ट सभ्यता, सांस्कृतिक धरोहरलाई उँचो एवम् गौरवशाली बनाइराखेको छ। भौगोलिक विभाजनअनुसार नेपाललाई हिमाली, पहाडी र तराई गरी तीन खण्डमा विभाजन गरी हेर्ने गरिएको छ। त्यस्तै, जातिगत विवरणलाई पनि यसैको आधारमा राख्न सकिन्छ। ऐतिहासिक कालखण्डदेखि नै भौगोलिक बसोबासको पहिचान बन्दै आएको छ। हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा, ल्होमी, भोटे, पहाडी क्षेत्रमा बसोबास गर्ने क्षेत्री, ब्राह्मण, विभिन्न जनजातिहरू राई, लिम्बू, गुरुङ, मगर, नेवार, तामाङ, सुनुवार, सुरेल र अन्य एवम् पेसागत जातिहरू कामी, दमाई, सार्की आदि

र तराई क्षेत्रमा बसोबास गर्ने तराई मूलका बासिन्दाहरूमा भोजपुरी, मैथिली, थारू, धिमाल, राजवंशी, ताजपुरिया, कोचे, मेचे, सतारका साथै अन्य कैयौँ जातिहरू छन्। सबै जातजाति तथा जनजातिहरूका भाषा, धार्मिक परम्पराहरू, चालचलन, संस्कृति राष्ट्रका बहुमूल्य सम्पदा हुन्।

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र मुलुकका रूपमा आत्मसात गरेको छ। त्यतिमात्रै होइन, समाजवादउन्मुख मुलुकका रूपमा परिकल्पना गर्दै सामाजिक न्यायको सिद्धान्तमा आधारित समानुपातिक समावेशी मुलकका रुपमा अघि सारिएको छ। इतिहासको लामो कालखण्ड एउटा जातको वर्चश्व कायम हुँदै आयो। त्यसले एकल धर्म, एकल भाषा र एकल वर्णाश्रमको दवदबाले अन्य जातिहरूलाई बहिष्करणमा पार्ने दुष्प्रयास गऱ्यो। त्यसको परिणामस्वरूप सबै जातजाति, दलित, महिला, मधेसी, भाषाभाषी तथा उत्पीडित वर्ग, क्षेत्र, समुदायको समावेशी बन्न सकेन भने सीमित जात र वर्गको मात्र हालीमुहाली भयो। त्यसैले गर्दा सर्वसाधारण नेपाली नागरिक, जातजातिहरू, समुदायहरू, जातीय, क्षेत्रीय, लैङ्गिक, वर्गीय आदि सबै प्रकारको भेदभाव, उपेक्षा, शोषण, दमन र उत्पीडन सयौं वर्षदेखि खेप्दै आएका छन्।

नेपालका अनेक जातिको बसोबास छ। ती जनजातिहरूमध्ये सुरेल जाति पनि एक हो। सुरेलहरू मङ्गोल समुदायका हुन् र विभिन्न लोपोन्मुख आदिवासी जनजातिहरूमध्ये सुरेल पनि एक जाति हो। उनीहरूको छुट्टै मौलिक भाषा, धर्म, संस्कृति, रहनसहन, वेशभूषा, जीवनपद्दति रहेको पाइन्छ। यो जातिका मानिसहरू सरल र मिजासिला हुनाका साथै इमानदार स्वभावका हुन्छन्। उनीहरूको कुनै बेला आफ्नै किपट भए पनि अहिले उनीहरू सानो घेरामा खुम्चिएका छन्। यो जातिका बारेमा केही अनुसन्धाताहरूले छिटफुट अध्ययन गरेको भए पनि राज्यकै तहबाट गहन अध्ययन-अनुसन्धान भएको पाइँदैन।

१.२ अध्ययनको समस्या

नेपाल विभिन्न आदिवासी जनजातिहरूको बाहुल्य भएको मुलुक हो। तर सीमित कथित उपल्ला जाति ब्राह्मणवादी राज्यसत्ताका कारण नेपालको इतिहासको लामो कालखण्डदेखि नै एकलौटी राज्य सत्ता गर्दै कायम गर्दै आइरहेकाले आदिवासी जनजाति, दलित, महिला मधेसी, उत्पीडित वर्ग, क्षेत्रले राज्यको मूलधारमा सहभागिता जनाउने अवसर पाएनन्। परिवर्तित शासन व्यवस्थाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकलाई अर्थपूर्ण रूपले संस्थागत

गर्नका लागि उनीहरूको भाषा, धर्म-संस्कृति संरक्षण, संवर्द्धन गर्दै उनीहरूलाई स-सम्मान रूपले राज्यको मूल प्रवाहमा समाहित गर्नु आजको देशको बदलिँदो राज्यप्रणालीअनुसार आवश्यक छ।

क) सुरेल जातिको उत्पत्तिबारे मौखिक इतिहास वा मिथकहरू कस्ता-कस्ता छन् ?

ख) उनीहरूको अहिलेको जनसाङ्ख्यिक एवम् भाषिक अवस्था कस्तो छ ?

ग) सुरेल जातिमा विद्यमान सामाजिक संरचना र नातासम्बन्ध के कस्ता किसिमका छन् ?

घ) उनीहरूको रहनसहन, जीवनचक्रीय प्रणाली (जन्मदेखि मृत्युसम्म) आदिको परम्परा कस्तो रही आएको छ ?

ङ) परम्परागत आर्थिक प्रणाली, राजनैतिक एवम् राजनैतिक संस्था कस्तो थियो ? अहिले ती कुराहरूमा के कसरी बदलाव आइरहेका छन् ?

च) उनीहरूको भाषिक एवम् शैक्षिक अवस्था कस्तो छ ?

छ) राज्यको मूलधारमा उनीहरूको सहभागिता, उपस्थिति एवम् समावेशिताको अवस्था कस्तो रही आएको छ ?

१.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य आदिवासी जनजातिमध्ये सुरेल जातिको जातीय परिचय तयार गर्नु हो। तथापि अध्ययनको उद्देश्यलाई विशिष्टिकृत गरी निम्न बुँदामा प्रस्तुत गरिएका छन्:

क) सुरेल जातिको उत्पत्ति, इतिहास, मिथक आदिको जातिशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्नु,

ख) बसाइँसराइ, जनसाङ्ख्यिक एवम् भाषिक वितरणबारे प्रकाश पार्नु,

ग) सुरेल जातिमा विद्यमान सामाजिक संरचना र नातासम्बन्धको विश्लेषण गर्नु,

घ) उनीहरूको धार्मिक, सांस्कृतिक पूजाआजा र चाडपर्व एवम् रहनसहन, जीवन चक्रीय प्रणाली (जन्मदेखि मृत्युसम्म)बारे चर्चा गर्नु

ङ) परम्परागत आर्थिक प्रणाली, राजनैतिक एवम् राजनैतिक संस्थाको बारेमा व्याख्या गर्नु

च) उनीहरूको भाषिक एवम् शैक्षिक र स्वास्थ्यबारे प्रकाश पार्नु

छ) सुरेल जातिको परामर्श, सहभागिता र समावेशीको अवस्थाबारे परिचर्चा गर्नु

१.४ पूर्वकार्यको पुनरावलोकन

सुरेल जातिको बारेमा त्यति धेरै अध्ययन भएको पाइँदैन । जे जति भएका छन्, ती अध्ययनहरूले सुरेल जातिलाई समग्रमा बुझ्न सहयोग पुग्दैन । यद्यपि अहिलेसम्म सुरेल जातिबारे गरिएका अध्ययनहरूको समीक्षार्थ पुनरावलोकन गरिएको छ ।

नेपाली बृहत् शब्दकोश (२०६३)ले सुरेल जातिलाई नेपालको पूर्वी भागमा बसोबास गर्ने एक जातिको रुपमा उल्लेख गरेको छ ।

शर्मा (२०४९) ले हज्सनको भनाइलाई उल्लेख गर्दै एउटा किंवदन्तीलाई अघि सारेका छन् । किंवदन्तीअनुसार किरात जाति पाँच भाइका वंशजहरू क्रमशः जेठोको सन्तान सुरेल, माइलाको सन्तान सुनुवार, साइँलाको सन्तान राई र काइँलाको सन्तान लिम्बू र कान्छाको सन्तान हायू भनेर उल्लेख छ। यसले सुरेलहरू किराती हुन् भन्ने कुरालाई पुष्टि गर्न खोजिएको देखिन्छ ।

जिरेल (२०५१)ले सुरेललाई किरात जातिको एक शाखाको रुपमा उल्लेख गरेका छन् । सुरेलहरू राई, लिम्बू, कोइँच-सुनुवार तथा हायूको दाजुभाइ हुन् भनी उल्लेख गरेको पाइन्छ। यस भनाइबाट सुरेलहरू किरातकै एक वंशका रूपमा बुझ्न उद्यत गराउँछ ।

भट्टचन र चेम्जोङ (सन् २००६)ले अन्तर्राष्ट्रिय श्रम संगठनको परियोजना अर्न्तगत आदिवासीहरूको हकअधिकार एवम् वर्तमान अवस्थाको बारेमा अध्ययन गर्ने क्रममा सुरेल जातिको समेत अध्ययन गरेका हुन् ।

बोर्चेस (सन् २००८) मा समाजभाषा वैज्ञानिक स्थितिको चर्चा गरिएको छ। उनले सुरेल समुदायमा २०० जना वक्ता रहेको र उनीहरूले दैनिक जीवनमा घरपरिवारमा बोल्ने कुरा उल्लेख गरेकी छन् ।

आचार्य (२०६६) ले सुरेल जातिको बसोबास भएको कारणले सुरी रहन गएको भन्ने कुरालाई उल्लेख गरेका छन् ।

युवा पुस्ताले यो भाषा नबोल्ने कुरालाई समेत प्रकाश पारेकी छन् । सुरेल

महिलाहरू निरक्षर रहेको र पुरुषहरू देवनागरी लिपिमा लेखपढ गर्न सक्ने कुरा उल्लेख गरेका छन् ।

सुरेल जातिको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययनका क्रममा श्रेष्ठ (२०६७)ले लेखेका छन् :

> चेतनाको अभाव, दयनीय आर्थिक, सामाजिक एवम् शैक्षिक स्थितिले गर्दा सुरेलहरूको जीवनयापन साह्रै नै कष्टकर देखिन्छ । शिक्षित जनशक्तिको अभावले गर्दा सम्पूर्ण सक्रिय जनशक्ति कृषि तथा कृषि मजदुरमै निर्भर रहेको देखिन्छ । समाजको प्रत्येक क्षेत्रमा सुरेल जातिको पहुँच शून्य नै देखिन्छ । राजनीतिक क्षेत्रमा यस जातिलाई आजसम्म कुनै पनि पदमा निर्वाचित वा मनोनित गरेको देखिदैँन । सरकारी नोकरीतर्फ नेपाल प्रहरी र सेनामा एकएक जना रहेको, अन्य व्यापार व्यवसाय एवम् संघसंस्थामा काम गर्नेको सङ्ख्या शून्य रहेको दृष्यले समाजको प्रत्येक क्षेत्रमा सुरेल जाति पिछडिएको स्पष्ट देखिन्छ (पृ.८७-८८) ।

ढकाल (सन् २०१७) ले सुरेल भाषाको समाजभाषा वैज्ञानिक अध्ययन गरेका छन् । यस अध्ययनमा सुरेल भाषाको २१० शब्दसूची तयार गर्ने, प्रयोग क्षेत्रहरूलगायत भाषाको विविध क्षेत्रहरूको चर्चा गरेका छन् । नयाँ पुस्ताले सुरेल भाषा नबोल्ने तथ्यलाई उजागर गरेका छन् ।

ढकाल र खतिवडा (२०७५) ले लोपोन्मुख अवस्थामा रहेको सुरेल भाषाको शब्द र पाठ सङ्कलन गरेका छन् ।

१.५ अध्ययनको महत्व र औचित्य

विभिन्न जाति समुदाय, धर्म, संस्कृति र भाषाभाषीले नेपालको विविधिताको परिचय दिएको छ । त्यसैले एक जातिको मात्र भाषा, धर्म, संस्कृति, सामाजिक रहनसहन आर्थिक पद्धतिको जगेर्ना र विकासले न स्वस्थ्य नेपाली समाजको निर्माण हुन्छ न त समग्र राष्ट्रको विकास नै हुन्छ । यहाँ हिन्दु कथित उच्च वर्ग र जातिको नै राज्यको हरेक अङ्गहरूमा पहुँच रहेको पाइन्छ । अन्य आदिवासी जनजाति, दलित, महिला (विशेष आदिवासी महिला) तथा मधेसका जातजातिहरूको उपस्थिति नगन्य मात्रामा पाइन्छ । कतिपय निकायहरूमा आदिवासी जनजातिको उपस्थिति

शून्य छ भन्दा पनि फरक नपर्ला। राज्यको विभेदकारी नीतिले आदिवासी जनजातिहरूको धर्म, संस्कृति, भाषा लोप हुनुका साथै सामाजिक, आर्थिक पछौटेपन व्याप्त छ भने कतिपय लोप हुने क्रममा रहेको छ।

आदिवासी जनजातिहरूमध्ये सुरेल आदिवासीको आर्थिक स्थिति दयनीय रही आएको छ भने र राजनीतिक मूलप्रवाहमा निकै कम उपस्थिति रहेको छ। सामाजिक रूपमा पनि तथाकथित मूलप्रवाहबाट बहिष्करणको स्थितिमा छ। यो अध्ययनले सुरेल जातिको विविध पक्षहरूको बारेमा उजागर गर्नुका साथै त्यसैले यिनै पक्षहरूको सेरोफेरोमा केन्द्रित रहेर अध्ययन गरेको यस अध्ययनको निम्नानुसार महत्व रहेको छ।

- यस अध्ययनबाट आएको अनुसन्धानात्मक पक्षले सुरेल जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि कुराका बारेमा जानकारी लिनका लागि यो महत्वपूर्ण हुन सक्छ भने सुरेलको जीवनस्तरका बारेमा स्पष्ट पार्न मद्दत गर्दछ ।
- यो अध्ययनबाट सम्बन्धित जाति र सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूलाई यी जातिका लागि योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यन्वयन गर्न सघाउ पुऱ्याउँछ।
- यस अध्ययनको मुख्य उद्देश्यअनुसार सुरेल जातिलाई समाजशास्त्रीय, मानवशास्त्रीय एवम् भाषाशास्त्रीय हिसाबले उनीहरूको अवस्था र जीवनपद्धतिको बारेमा अध्ययन गर्न सहयोग पुग्दछ।

१.६ अध्ययन विधि

यस खण्डमा उद्देश्यअनुरूप अध्ययनका लागि आवश्यक अनुसन्धान विधिहरूका बारेमा उल्लेख गरिएको छ। अध्ययन-अनुसन्धानका लागि अध्ययन क्षेत्रको छनौट र अध्ययन गर्दा अपनाइएका विधि साथै कस्ता- कस्ता किसिमको तथ्याङ्क कसरी सङ्कलन गरिए भन्ने कुरालगायत उल्लेख गरिएको छ।

१.६.१ अध्ययन क्षेत्र छनोटको औचित्य

स्थलगत अध्ययनका लागि सुरेल जातिको मूलथलो वा पुख्र्यौली थलोका रूपमा रहेको दोलखा जिल्लाको गौरीशङ्कर गाउँपालिका वडा नं. ४

(साविकको सुरी गाउँ विकास समिति) सुरी गाउँलाई छनोट गरिएको छ। सुरेल जातिको यही नै मूलथलो भएकाले यस जातिको सामाजिक, सांस्कतिक, आर्थिक तथा राजनीतिक गतिविधिलाई उद्देश्यअनुरूप कार्य गर्नका लागि छनोट गरिएको छ ।

१.६.२ अनुसन्धानको संरचना

अध्ययन-अनुसन्धान कार्यलाई उपलब्धिमूलक बनाउन, विश्वसनीय रूपबाट तथ्याङ्कहरू सङ्कलन गर्न र विश्लेषण गर्न वर्णनात्मक अनुसन्धान ढाँचा र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ।

१.६.३ तथ्याङ्कको प्रकृति, स्रोत र साधन

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक गरी दुई प्रकारका तथ्याङ्कलाई सङ्कलन गरिएको छ। अध्ययन पूरा गर्न सङ्कलन गरिएको तथ्याङ्कहरू सङ्ख्यात्मक र गुणात्मक दुई प्रकृतिका रहेका छन्। जसमा सङख्यात्मक प्रकृतिमा आवश्यकताअनुसार तालिका, प्रतिशतजस्ता सामान्य तथ्याङ्कीय आकँडाहरू प्रयोग गरिएको छ भने गुणात्मक प्रकृतिमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। यस अध्ययनका लागि लक्षित समूह, छलफल, अवलोकन (observation), अन्तर्वार्ता, विशेष व्यक्तिसँगको छलफलजस्ता सूचना सङ्कलनका विधिहरू प्रयोग गरी सुरेल जातिभित्रका सामाजिक, आर्थिक, सांस्कृतिक, जनजीवनसम्बन्धी जानकारी वृद्धवृद्धा, नाक्सो (पुजारी), बुद्धिजीवी, समाजसेवी, शिक्षक, महिला आदि सबैबाट तथ्याङ्क सङ्कलन गरिएको छ। त्यस्तै, तथ्याङ्क सङ्कलनको क्रममा नोटबुक, क्यामेरा आदि अध्ययन सामग्री साधनका रूपमा प्रयोग गरिएको छ।

१.६.४ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको क्रमका निम्न विधि अपनाइएको छ ।

(१) अन्तर्वार्ता (interview schedule)

भाषा, संस्कृति, सामाजिक रहनसहन, राजनीतिक, आर्थिक जीवनपद्धतिका बारेमा असंरचित प्रश्नावलीहरू (चेकलिस्ट)द्वारा उत्तरदाताहरूबाट जानकारी प्राप्त गरियो।

(२) **अवलोकन (observation)**

यो जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षको अध्ययनको क्रममा सामाजिक, सांस्कृतिक, आर्थिक पक्षहरू जस्तोः खानपिन, घरको बनावट, खेतीपाती गर्ने तरिका, चाडपर्व, रहनसहन केही मात्रामा अध्ययन अवधिभर प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

(थ) **लक्षित समूह छलफल (focused group discussion)**

यस अध्ययनका लागि सुरेल जातिको बाहुल्यता भएको क्षेत्रलाई लिइएको छ। जसमा रामेछाप जिल्लाको सुकाजोर गाविसअन्तर्गत रहेका मुढाजोर, पालिगाउँ बर्डडाडा र वितार्टारङ आदि गाउँहरू र रामेछाप गाविसको वडा नं. ८ मा बसोबास गरिरहेका सुरेल आदिवासी जनजाति समुदायबाट उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, जनजीवनसम्बन्धी र आफ्नो पुर्खा, पुख्यौंली थलो, राजनीतिमा सहभागिताका साथै उनीहरूमा भएका मौलिक परम्पराको स्थिति बारेमा छलफल गरी निष्कर्ष निकालिएको छ।

(४) **विशेष व्यक्तिसँगको अन्तर्वार्ता (key informant interview)**

विशेषतः अध्ययनलाई प्रभाकारी बनाउनका लागि सम्बन्धित जातिका अग्रज, बुढापाका (पुरुष र महिला), शिक्षक र नाक्सो (पुजारी) आदिसँगको कुराकानीमा यो शोध आधारित छ।

१.६.५ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूमध्ये गुणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई तथ्यपरक बनाउन आवश्यकताअनुसार वर्णन र विश्लेषण गरिएको छ। परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई आवश्यकताअनुसार तालिका बनाई प्रस्तुत गरिएको छ। यस अध्ययनको प्रस्तुतीकरणलाई वर्णनात्मक पक्षमा जोड दिइए पनि आवश्यकताअनुसार विश्लेषणात्मक पक्षलाई पनि स्थान दिइएको छ।

१.७ अध्ययनको सीमा

यस अध्ययनको उद्देश्यसँग सम्बन्धित विषयअनुसार प्रभावकारी हुन सकोस् भनेर अध्ययनलाई सीमाबद्ध गरिएको छ। जसका निम्नानुसार सीमाहरू रहेका छन्।

(१) विशेषतः यो अध्ययन क्षेत्र सुरेल आदिवासी जाति रहेको जिल्ला दोलखाको गौरीशङ्कर गाउँपालिका वडा नं. ४ सुरी गाउँमा केन्द्रित गरिएको छ। यो ठाउँ सुरेल जातिको मूलथलो हो भने यस ठाउँबाट अन्यत्र बसाइँसराइ गएको पाइँदैन। गएको भए पनि विभिन्न काम, अध्ययन र रोजगारीको अवसरका क्रममा मात्र गएका छन्।

(२) अध्ययनका लागि घरधुरी सर्वेक्षण गर्ने प्रयत्न भए पनि सम्बन्धित जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता तथा समूह छलफल गरिएको छ।

(३) यस अध्ययनमा वर्णनात्मक, विश्लेषणात्मक रूपमा सुरेल जातिहरूको सामाजिक आर्थिक, सांस्कृतिक रहनसहन जनजीवनको अवस्था, उत्पत्ति, पुख्यौंलीथलो आदिमा केन्द्रित गरिएको छ।

१.८ अध्ययनको संगठन

यस अध्ययनलाई व्यवस्थित बनाउनका लागि नौवटा अध्यायमा निम्नानुसार विभाजन गरिएको छः

अध्याय १ : अध्ययनको परिचय
अध्याय २ : इतिहास र जातीय उत्पत्ति
अध्याय ३ : भाषिक एवम् जनसाङ्ख्यिक वितरण
अध्याय ४ : सामाजिक संरचना र सम्बन्ध
अध्याय ५ : धार्मिक, सांस्कृतिक पूजाआजा र चाडपर्व
अध्याय ६ : जीवनचक्रीय संस्कार
अध्याय ७ : आर्थिक तथा राजनीतिक परम्परा र अभ्यास
अध्याय ८ : शिक्षा र स्वास्थ्य
अध्याय ९ : सहभागिता, परामर्श र समावेशीकरण
अध्याय १० : सारांश र निष्कर्ष
सन्दर्भ सूची परिशिष्ट

अध्याय २

सुरेल जातिको उत्पत्ति र इतिहास

२.० पृष्ठभूमि

हरेक जातिको उत्पत्तिसम्बन्धीको इतिहास र किंवदन्ती आफ्नै हुने गर्दछ। सुरेल जातिको पनि उत्पत्ति र इतिहास आफ्नै किसिमको रहेको छ। यस अध्यायको खण्ड २.१ मा सुरेल जातिको उत्पत्तिसम्बन्धी मिथक र किंवदन्तीबारे छलफल गरिनेछ। त्यसैगरी खण्ड २.२ सुरेल जातिले आवाध गरेको भूमि र किपटको अवस्था र भौगोलिक वितरणका बारेमा परिचर्चा गरिएको छ। खण्ड २.३ मा यस अध्यायको सारांशलाई समावेश गरिएको छ।

२.२ जाति उत्पत्तिसम्बन्धी मिथक र इतिहास

आदिवासीहरूको हिजोको इतिहास मौखिक परम्परा (oral tradition) मा रहँदै आएको छ। हरेक जातिको उत्पत्तिसम्बन्धी आफ्नै मौलिक किंवदन्ती, मिथक र इतिहास हुने गरेको छ। यो आम आदिवासीहरूको चरित्र हो।

सुरेल जातिको पनि जाति उत्पत्ति र आगमनको आफ्नै इतिहास र किंवदन्ती रहेको छ। स्थलगत अध्ययनका क्रममा सुरी गाउँ पुग्दा ६१ वर्षका मानवीर सुरेलले सुरेल जातिको आगमनबारे निम्नानुसार कथा सुनाए-

हाम्रो पूर्खाहरू सिमङ्ममङगढबाट आएका हुन्। सिमङ्गढममङगढ चाहिँ कहाँबाट आएको हो भन्ने कुरा थाहा छैन। त्यहाँबाट सबभन्दा पहिले बासे र वीरवल पूर्खाहरू आएका थिए रे। उनीहरू ससुरा-ज्वाइँ थिए। उनीहरू अहिलेको

ठाउँमा शिकार र तीर खेल्दै आइपुगेको हो रे। त्यो बस्ती पहिलेको माझीको किपट रहेछ। त्यो ठाउँमा आइपुग्दा माझी बस्तीमा रुवावासी भैरहेको रहेछ। माझीहरूले साविकको श्यामा गाविसका शेर्पाहरूबाट अन्नपात ल्याएर खाए, तर उक्त ऋण तिर्न नसकेपछि शेर्पाहरूले आफ्ना केटाकेटी खोसेर लगे ।

पुर्खाहरूले किन रोएको भनी सोधेपछि बेलिविस्तार लाएछन्। शेर्पाबाट ल्याएको अन्नपातको ऋण तिर्न सकेनौं। त्यसको साटो हाम्रा केटाकेटीहरूलाई कमराकमारीको रुपमा राख्न लिएर गए। त्यसै क्रममा माझीहरूले अनुनय विनय गर्दै हाम्रो पूर्खालाई भनेछन्, 'हाम्रो केटाकेटी ल्याइदिए हाम्रो सिरीखुरी जग्गाजमिन छोडिदिन्छौं।'

त्यसपछि हाम्रो पुर्खाले सोधेछन्- केटाकेटीले कस्तो भाषा बोल्छ ? के भनेर बोलायो भने आउँछ त?'

'बेटाबेटी आउ रे!' भन्यो भने हाम्रा केटाकेटीहरूले बुझ्छन्।

हाम्रो पूर्खाले पनि 'बेटाबेटी आउ रे' भनेर बोलाउँदा शेर्पाहरू आए । तीरले हान्ने सोचेर उक्त ठाउँतर्फ गएछन्। शिकार खेल्दै जाँदा उक्त ठाउँमा पुगे। माझीहरूले सिकाएझैं उनीहरूले पनि 'बेटाबेटी आउ रे!' भन्दै केटाकेटीहरूलाई बोलाए। केटाकेटीहरूले सुनेर दौडिएर आए। त्यसपछि ती केटाकेटीहरूलाई लिएर माझीहरूको घरमा गए। त्यसपछि माझीहरू पनि खुसी भएर शर्तबमोजिम जग्गाजमिन छोडेर सुरी खोलाको किनारमा रहेको बुरुम्फी भन्ने ठाउँमा झरे।

माझीहरूबाट जग्गाजमिन प्राप्त गरेपछि बासे र वीरवलले त्यहीं नै थातथलो बनाएर बसे। बासे र वीरवल ससुरा-ज्वाइँ थिए। हामी दुरबिचाको सन्तान हो भने ज्वाइँ चाहिँ तुङ्कुचा परे। हाम्रो मावलीहरू मावली पऱ्यो। एकअर्काको कुटुम्बेरी भएपछि बिहेबारी चल्यो।

सुरेलहरू कहाँबाट आए भन्ने विषयमा प्राचीनतम् कुरा त्यति धेरै आउन सकेको देखिँदैन। सिमङ्ममङ गढ भनेको अहिले भनिने सिम्रौनगढ नै हो। सुरेलहरूले आफूलाई किराती मान्ने गर्छन् र केही किरातीहरू सिम्रौनगढ हुँदै पूर्वोत्तर गएको मान्छन्। यद्यपि धेरैजसो मिथक र उपलब्ध ऐतिहासिक प्रमाणहरूले पूर्व कोशी हुँदै प्रवेश गरेको मान्छन्।

सुरेलहरूले जाति उत्पत्तिको मिथक यो भन्दा धेरै नभएको बताउँछन् भने यो जातिले त्यस्ता श्रुतिमा आधारित कुरा बिर्सेका कारण पनि भन्न नसकेको देखिन्छ। त्यसो त केही अध्ययन र स्रोतमाथि सङ्कलन गरिए भन्दा फरक पनि दिइएको पाइन्छ।

श्रेष्ठ (२०६७)ले मधुसूदन आचार्यको सुरेल जातिको वस्तुगत विवरण २०६२ बाट उधृत गर्दै लेखेका छन् :

यकाङ्कास्थलीबाट सिकार खेल्ने क्रममा धनुकाण काँधमा बोकी सिकारको खोजीमा निस्किएका दुई व्यक्ति बासे र वीरवल दोलखा जिल्लाको तामाकोशीको किनारैकिनार आउँदा हाल सुरी गाविसको वडा नं. ८ मा सुरी खोला र खारे खोलाको संगमस्थल गुरुम्फी भन्ने स्थानमा आइपुगेको र उक्त स्थानमा माझीको बसोबास रहेको थियो। सो स्थानमा आइपुग्दा माझीको परिवारमा रुवाबासी भइरहेको र सिकारी बासे र वीरवललाई आफूले (हाल श्यामा गाविस)को लोमासाको शेर्पा ऋण लिएको अवस्था ती दुई बासे र वीरवल आफ्नो हतियार लिई सुरी खोलाको किनारैकिनार हाल कलङ्खोला भन्ने स्थानबाट चेर्दुङको लिई सुरी खोलाको किनारैकिनार हाल कलङ्खोला भन्ने स्थानबाट चेर्दुङ लेकमा पिछा गर्दै जाँदा बालिका रोएको सुनेपछि ती दुईले बाटो छेकी शेर्पालाई भागेपछि यर्मुप भन्ने स्थानमा बच्चालाई समाती सकुशल गुरुम्फी ल्याई माझी परिवारलाई जिम्मा लगाएको बताइन्छ।

त्यसपछि आफ्नो छोरी सकुशल फिर्ता ल्याइदिएकामा उक्त व्यक्तिहरूलाई आफ्नै साथमा बस्न अनुरोध गरेपछि दुवै एकै परिवारभैं बस्न थाले। कोही सिकार वन्यजन्तुको त कोही माछाको। दुवै एकै घरमा बस्दै गए। रहँदा बस्दा माझीका दुई छोरी बासे र वीरवलले विवाह गरे। सो पछि माझीले गुरुम्फी र सुरीको आफ्नो जग्गाजमिन सबै बासे र वीरवललाई छाडी माझी परिवार तामाकोसी किनारैकिनार (हाल सुनखानी गाविस वडा नं. ३) मलेपुमा आएर बसेको कुरा उनका अग्रजले बताएको किक्य अविरे बताउँछ।'

२.३ सुरेलहरूको किपट

सुरेल जातिले किपट बाँधेको देखिन्छ। किपट बाँध्दा तामाङहरूसँग नै बाँध्नु परेको रहेछ। किपट बाँध्दाखेरि तुङ्कुचाभन्दा दुर्बिचाकै महत्वपूर्ण भूमिका देखिन्छ। तुङ्कुचाहरूले १२ माना जति जाने चौंठी लिएर पछि पछि र दुर्बिचाले सिन्दूर लाउँदै हिँडेछ। सुरीटारबाट सुरु भएको अम्लिसे, दुम्सिदिङ, मस्दिङ, च्योर्दुङ हुँदै

बासा आइपुग्दा तामाङभन्दा अगाडि किपट बाँध्न सफल भएछ। तामाङहरू भने ढुङ्गाको ढिस्को बनाउँदै हिँड्दा ढिला हुन पुग्यो र सुरेल पूर्खाहरूसँग हार माने।

रेखाचित्र २.१ सुरेलहरूको तत्कालीन किपटका सिमाना



२.४ किपट र भूमिहरणको कथा

आदिवासीहरूलाई विस्थापित गर्ने सबैभन्दा ठूलो हतियार उनीहरूको भूमिमाथिको हस्तक्षेप हो। विश्वकै परिदृष्यमा हेर्ने हो भने आदिवासीहरूलाई सीमान्तकृत गर्नुको पछाडि उनीहरूलाई बिस्तारै उनीहरूको भूमिबाट विस्थापित गरिएका छन्। आदिवासीहरूको भूमिलाई लिएर भूगोलविद् बर्नार्ड निस्म्यान (२००३)ले भनेका छन्, 'बन्दुकले भन्दा नक्सा-नापीले बढीभन्दा बढी आदिवासीको भूमि हडपिएको छ र यससँगै उनीहरूको भाषामा रहेका स्थाननामहरूलाई नामेट पारिएका छन्।'

सुरेलहरूको किपट एकात्मक र केन्द्रीकृत राज्यसत्ताको उदय भएपछि उनीहरूको किपट खोसियो नै, कर प्रणालीको मारमा पर्न थाले । त्यति मात्रै होइन, उक्त ठाउँमा डिठ्ठालाई नै लानुपर्ने रहेछ। उनलाई बिर्ता पनि दिनु पर्नेरहेछ, जसले गर्दा बिस्तारै बिस्तारै उनीहरूको जमिनमाथिको अधिपत्यमा ग्रहण लाग्दै गयो। मुलुकी ऐन आइसकेपछि त्यसले झन् निरिह बनाउन थाल्यो। उनीहरूले मुद्राको कारोबार गर्न धेरै नजानेका कारण पनि सानातिना लेनदेनमा समेत बिस्तारै भएको जग्गा जमिन नै गुमाउँदै गए।

हामी स्थलगत अध्ययनको क्रममा पुग्दा पिठोमा समेत जग्गा दिएको ठाउँ देखाए। एउटा घटनाको प्रसँग नै तीर्थबहादुर सुरेलले सुनाएः

हाम्रो बाजेको दिदीलाई नै डिठ्ठाले गर्भ बोकाएछ। सुत्केरी भएपछि सुत्केरी स्याहार्नका लागि सुत्केरी खर्च लिन गएछ। सुत्केरी खर्च माग्दा पैसा दिइरहेथ्यो। बाजेले सोचेछन् किन उसकै सुत्केरी हो, के भयो र जति लिइए पनि हुन्छ भनेर टन्न लिएछ। तर उसले त त्यो सबै पैसा बाजेको नाममा पो चढाएको रहेछ। हाम्रो बाजेको नाम गजबहादुर थियो। सुरेल भाषामा गजको अर्थ 'टाउके' भन्ने हो। डिठ्ठाले पनि जोडसँगले माथिबाट कराउँदै भनेछ, 'ए टाउके मेरो पैसाको सेराखेत दिन्छस् कि हल गोरु दिन्छस्?' बुझ्ने हो भनेर अहिलेको कानूनअनुसार त त्यै डिठ्ठालाई जाक्नुपर्ने हो। तर त्यसबेला डिठ्ठा त राजा जस्तै थियो। त्यसैल केही गर्ने अवस्था नै थिएन। बरु बाजेले खेतको साटो हल गोरु नै दिएको भए हुने तर सेराखेत दिनुभएको रहेछ। बुझ्ने हो भने उसलाई न जग्गा दिनुपर्ने हो, न हलगोरु नै दिनुपर्ने हो। हाम्रो बाजेको बुद्धि।

तत्कालीन परिवेशका बारेमा तीर्थबहादुर सुरेलले समीक्षा गर्दै केही आफ्नै पुर्खाहरूको गल्ती भएको र बढी चाहिँ हामीलाई राज्यसत्ताले समाप्त बनाएको गुनासो सुनाए। अहिले पनि हेर्दा पैनीखेत जति लगभग सकिएको र भएको राम्रो जग्गा, जमिन पनि खसआर्य समुदायले लिइसकेका रहेछन्। कुनै बेलाको किपटवालहरू अहिले लगभग भूमिहिन अवस्थामा पुगेको छन्। अहिले उनीहरूको आफ्नो जग्गा, जमिनबाट वर्षदिन खान पुग्ने स्थिति छैन।

तस्बिर २.१: सुरेल जातिको बस्ती

२.३ भौगोलिक वितरण र स्थाननाम

बागमती प्रदेशअन्तर्गत रहेको दोलखा जिल्लाको चरिकोटबाट १२ कोसको दुरीमा रहेको गौरीशङ्कर गाउँपालिका (साविकको सुरी गाउँविकास समिति) को वडा नं. ४ सुरी गाउँ उत्तरतर्फ फर्केको छ। करिब २७°४१" देखि २७°४५" उत्तरी अक्षांश र करिब ८६°२०" पूर्वी देशान्तरमा रहेको यो गाउँ समुद्री सतहको करिब १२०० मिटरदेखि झण्डै ३००० मिटरसम्मको उचाइमा रहेको छ। जिल्ला नापी कार्यालयले नाप-नक्सा गरेको भू-भाग भने करिब २७३२ हेक्टर छ[१]।

सुरीको पूर्वमा श्यामा, पश्चिममा लादुक र खारे, उत्तरमा चंखु तथा दक्षिणमा भ्यूँकु आदि रहेको छन्। सुरेल जातिहरूको सुरी गाउँमा सुरेल भाषामा नै स्थाननाम अर्थात् गाउँठाउँ, खोलानाला आदिको नाम रहेको पाइन्छ, जसलाई निम्नानुसार उल्लेख गरिएका छन् :

१) *गुलुम्फी* > *गुरुम्फी* -अपभ्रंसित रुप

(चिहान पोल्न लाने ठाउँ, कालान्तरमा यो ठाउँ नै स-सानो बजार केन्द्रको रुपमा स्थापित हुन पुगेको छ। अहिले जलविद्युतका केही कार्यालहरू समेत स्थापित भैसकेका छन्।)

२) *नाक्सो*

(भूमे बुझाउने नाक्सोबाट नाम रहन गएको हो। नाक्सो सुरेल जातिमा सबैभन्दा ठूलो उपथर मानिन्छ भने उसले मात्र भूमे बुझाउनुपर्छ।)

३) *बार्नेप (बार+नेप)*

('घचेट्नु' भन्ने अर्थ लाग्छ, तर स्थाननाम कसरी रहन गएको भन्नेबारे यसै भन्न सकिने अवस्था छैन।)

४) *चुल्क्याइप*

(हाडबिरेको फेंद-यसैको नामबाट ठाउँको नाम रहन गएको हो।)

५) *सेल्कायप*

(कटुस भन्ने अर्थ लाग्छ। पर्याप्त मात्रामा कटुस पाइने हिसाबले कालान्तरमा

---

१ श्रेष्ठ (२०६७) ले नापी विभागले उपलब्ध गराएको सूचना समावेश गरेका छन् ।

यहीं नामबाट नै स्थाननाम रहन गएको भन्ने अनुमान गर्न सकिन्छ।)

६) *च्याकुतर (च्याक+तुर)*

(*च्याक्*को अर्थ 'ओसार' र *तुर* 'तोरी' भन्ने अर्थ लाग्छ। यसैबाट पछि ठाउँको नाम बन्न पुगेको देखिन्छ।

७) *फोरपु*

(फरसको अर्थ 'ओखर' हुने भएको र ओखर पाइने ठाउँ नै पछि यो ठाउँको नाम *फोरपु* रहन गएको भन्ने गरिन्छ।)

८) *लुबुङ*

(ढुङ्गा थुप्रिएको ठाउँ, ढाडेनी परेको ठाउँ)

९) *खैचुप*

(जग्गा, एउटा मान्छेले पछ्याउँदै जाँदा अन्ततः त्यो ठाउँको नाम नै खैचुप बन्न पुगेको देखिन्छ।)

१०) *खोतेनाङ* (कोतेनाङ हुँदै कोथनाङबाट अपभ्रंश भएर खोतेनाङ हुन पुगेको)

(खोतेनाङको अर्थ 'छेपारो' भन्ने लाग्छ। प्रशस्त मात्रामा छेपारा पाइने भएकाले कालान्तरमा यहीं नामबाटै ठाउँका नाम बन्न पुगेको।)

११) *नेपाङ्कु* - नेवाङ (नें 'नाक' + पाङ 'जुका', नाकमा जुका पस्ने भन्ने अर्थ लागे पनि

१२) *मेस्याल* - मेस् 'भैंसी'+ *आल* 'आहाल' भैंसी खेल्ने आहाल

भैंसी खेल्ने आहाल (जो अहिले छैन।) नै कालान्तरमा मेस्याल ठाउँको नामका रुपमा स्थापित हुन पुग्यो।

१३) *मान्थेम*

(घेराउ गर्ने थलो, घेरिएको थलो, यहीं थलोबाट ठाउँको नाम रहन गएको हो।)

१४) *केर्नाङ*

डाँडाको बारी अर्थात् डाँडा रहेको बारी ।

१५) *तेर्मुप-चेर्मुप*

(टिमुरका बोट पाइने तर अहिले उक्त ठाउँमा टिमुर पाइदैन ।)

१६) *मस्दिङ-* (मेस्दिङबाट अपभ्रंश भएर मस्दिङ हुन पुगेको ।) मेस् 'भैंसी'+*दिङ* 'चहुर' भैंसी चर्ने ठाउँ अर्थात् चहुर ।

१७) *कुकुरबाङ* (कुचुबाङाट अपभ्रंश भएर कुकुरबाङ हुन पुगेको, *कुचु* 'कुकुर'+*बाङ* 'पानी' कुकुरले पानी खाने ठाउँबाटै कालान्तरमा ठाउँको नाम बन्न पुगेको हो ।

सुरेलहरूले चर्ची आएको भू-भाग र वरिपरका खोलानाला, वनपाखा आदिका नामहरू सुरेल भाषामा नै प्रशस्तै रहेका पाइन्छन् । यी नामहरूले उनीहरूको आदिम भूमि हो भन्ने कुरालाई देखाउँछ । पछिल्लो चरणमा कतिपय स्थाननामहरू भने अपभ्रंश भएका पनि छन् । कतिपय खस नेपाली भाषामा अनुदित भएका छन् । अपभ्रंशको क्रम पनि बढ्दै गएको देखिन्छ ।

तस्बिर २.२ : सुरेल जातिको मुख्य जग्गाजमिन भएको ठाउँ

२.४ सारांश

आम आदिवासीहरूको उत्पत्तिसम्बन्धीको मिथक, इतिहास आदि श्रुति परम्परामा

नै सीमित रहँदै आएको छ। ती मिथक मौलिक परम्पराको हुने गर्दछ, तर समयको अन्तराल, बसाइँसराइ र अन्य जाति या भाषिक संरचनामा आइसकेपछि त्यस्ता मौलिक परम्परा हराउँदै गएको पनि हुन सक्छ। किपट नै प्राप्त गरेर बसेका सुरेलहरूले एकात्मक केन्द्रीकृत राज्यसत्ताको कारण भूमि गुमाउँदै गए। काँधमा बोकेर ल्याएका डिठ्ठाले र उनका सन्तानले बिस्तारै षड्यन्त्र र जालझेलपूर्वक सुरेलहरूको जग्गाजमिन हडपे । सुरेलहरूले आफूहरू सिमङममङगढबाट आएको त बताउँछन् तर त्यस अघिको कथा भन्न सक्दैनन्। सिकार खेल्दै आउने क्रममा उनीहरू आजको ठाउँमा आएको भन्छन्। त्यहाँ रहनुको कारण पनि उनीहरूले खनीखोम्री गरेर खाने जग्गा माझीका बच्चाहरूलाई उद्दार गरेबापतउ प्राप्त गरेका थिए। उक्त ठाउँमा लामो समयदेखि भोगचलन गरेकै कारण पनि स्थाननामहरू सुरेल भाषामा अद्यावधि रहेको पाइन्छ।

अध्याय ३

भाषिक तथा जनसङ्ख्या वितरण

३.० पृष्ठभूमि

सुरेल लोपोन्मुख जाति हो। यो जातिको जनसङ्ख्या अति नै कम छ। वक्ता सङ्ख्या ५० जनाभन्दा बढी रहेको पाइँदैन। यस अध्यायको खण्ड ३.१ मा जनसङ्ख्या वितरणका बारेमा चर्चा गरिएको छ। सुरेल भाषा र भाषिक परिवारको बारेमा खण्ड ३.२ मा छलफल गरिएको छ। खण्ड ३.३ मा यस अध्यायको सारांशलाई समावेश गरिएको छ।

३.१ जनसङ्ख्या वितरण

नेपालमा आधिकारिक रूपमा वि.सं. १९६८ सालदेखि जनगणना हुँदै आएको छ। प्रत्येक १० वर्षमा गरिने जनगणनामा जाति-भाषिक लगायतका तथ्याङ्कहरू उल्लेख गरिन्छन्। केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०५८ मा गरेको गणनाअनुसार आदिवासी जनजातिहरूको जनसङ्ख्या ८४,६०,७०१ अर्थात कूल जनसङ्ख्यामा ३७.२५% रहेको उल्लेख गरेको थियो, तर उक्त जनगणनाले राजपत्रमा सूचीकरण भएका आदिवासी जनजातिमध्ये ४३ वटा आदिवासी जनजातिहरूको जनसङ्ख्यालाई समावेश गरेको थियो भने १६ वटा सूचीकृत आदिवासी जनजातिहरू छुटेका थिए।

२०६८ सालको ११औं जनगणनाले नेपालको कूल जनसङ्ख्या २,६४,९४,५०४ उल्लेख गरेको छ भने सूचीकृत भएका मध्ये ४६ आदिवासी जनजातिहरू र अन्य छुटेका आदिवासी जनजातिहरूलाई समेत जोड्दा ३५.४ प्रतिशत अर्थात्

९३,६८,१७८ हुन आउँछ। जसमा ५९ जाति आदिवासी जनजाति समुदायहरूमध्ये वनकरिया, सुरेल, सियार, थुदाम, फ्रि, मुगाल, लार्के, छैरोतन, ताङ्बे, तीनगाउँले थकाली, बाह्र गाउँले र मार्फाली थकाली गरी १२ वटा आदिवासी जनजाति समुदायहरू छुटेका देखिन्छन् (जनगणना २०६८)। आदिवासी जनजाति समुदायमा सबैभन्दा बढी जनसङ्ख्या थारूको देखिन्छ, जसको नेपालको कूल जनसङ्ख्यामा १२.९५ उपस्थिति छ। त्यसैगरी कूल जनसङ्ख्यामा तामाङहरूको सङ्ख्या ११.४५ रहेको छ।

नेपालमा नेपाली भाषाको वक्ता भनेर १,१८,२६,९५३ (४४.६५%) उल्लेख गरेको छ। आदिवासी जनजाति मातृभाषा बोल्ने वक्ता सङ्ख्या ६०,१९,२२१ (५०.९५%) देखिन्छ। २०६८ सालको राष्ट्रिय जनगणनाले विगतका जनगणनाले नसमेटेझैं नेपालमा बोलिने आदिवासी जनजाति मातृभाषी समुदायलाई समेटेको पाइँदैन।

२०६८ सालको जनगणनालाई आधार मानी आदिवासी जनजातिको जनसङ्ख्या र वक्तासङ्ख्या विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ। साथै २०५८ को आदिवासी जनजाति ऐनले लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत, सुविधावञ्चित एवम् उन्नत समूहमा वर्गीकरण गरेको छ।

लोपोन्मुख समूहका रूपमा कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुसवाडिया गरी १० वटा समुदायहरू पर्दछन्। यी सूचीकृत आदिवासी जनजाति समुदायको जनसङ्ख्या र वक्ता विवरणलाई तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

तालिका ३.१: लोपोन्मुख जातिको जनसङ्ख्या र वक्तासङ्ख्या विवरण

क्र.सं.	आदिवासी जनजाति	जनसङ्ख्या	प्रतिशत	वक्तासङ्ख्या	प्रतिशत
१	कुसुण्डा	२७३	०.००५	२८	०.००५
२	वनकरिया	-	-	६९	०.००५
३	राउटे	६१८	०.००५	४६१	०.००५

क्र.सं.	आदिवासी जनजाति	जनसङ्ख्या	प्रतिशत	वक्तासङ्ख्या	प्रतिशत
४	सुरेल	-	-	२८७	०.००५
५	हायू	२,९२५	०.०१५	१,५२०	०.०१५
६	राजी	४,२३५	०.०२५	३,७५८	०.०३५
७	किसान	१,७३९	०.०१५	१,१७८	०.०१५
८	लेप्चा	३,४४५	०.०१५	७,४९९	०.०६५
९	मेचे	४,८६७	०.०२५	४,३७५	०.०४५
१०	कुशवाडिया	३,१८२	०.०१५	-	०.००५
	जम्मा	२१,२८४	०.०८५	१९,१७५	०.१५५

२०६८ सालको जनगणनाले सुरेल जातिको जनसङ्ख्या नै छुटाएको छ। स्थलगत अध्ययनका क्रममा पुग्दा र त्यहाँको घरधुरी लागत हेर्दा २५० भन्दा बढी देखिँदैन।

३.२ भाषा र भाषा परिवार

सुरेल भाषा चिनियाँ-तिब्बती महाभाषा परिवारअन्तर्गत तिब्बती-बर्मेली भाषा परिवारअन्तर्गत पर्ने हिमाली समूहमा पर्ने भाषा हो। एथ्नोलग (सन् २०१२)ले सुरेल भाषालाई सुनुवारको भाषिका भनेको छ। तर यस अघि ब्राड्ले (सन् १९९७) ले चाहिँ सुरेल भाषा स्वतन्त्र भाषा नै हो भनेर उल्लेख गर्दै यो भाषा दक्षिण पश्चिमी किराती भाषाहरू हायू, बायुङ, सुनुवार र सुरेल हुन सक्ने भनेका छन्।

यो भाषा किराती भाषासँग नजिकको सम्बन्ध राख्ने भाषा हो। सुरेल शब्दले जाति र भाषा दुवैलाई बुझाउँदछ।

यो भाषा बोलिने मूलथलो साविकको सुरी गाउँ विकास समिति वडा नं. ४ को सुरी गाउँ हो। यस ठाउँबाट अन्य केही क्षेत्रहरूमा छरिएर रहेका छन्। वि.सं. २०६८ सालको जनगणनाले सुरेल भाषाको वक्तासङ्ख्याको रुपमा २८६ जना भनेर उल्लेख गरेको छ।

रेखाचित्र ३.१: भाषा परिवार



स्रोत : एपिली र अन्य २०१२ मा परिमार्जित गरिएको

३.३ भाषिक अवस्था

सुरेल भाषा लापोन्मुख भाषा हो । यो भाषाको अवस्थालाई विस्तृत रुपमा बुझ्नका लागि भाषिक जीवन्तताको स्थिति, उनीहरूको भाषिक अभिवृत्ति एवम् भाषा प्रयोगको स्थिति कस्तो छ भन्ने कुरा बुझ्नुपर्छ । जसका बारेमा यस खण्डमा छलफल गरिएको छ ।

३.४.१ लिपि, लेख्य परम्परा एवम् अध्ययन-अनुसन्धान

सुरेल भाषाको लेख्यपरम्परा विकासको क्रम भए पनि विकास हुन सकेको छैन । यो भाषाको आफ्नो लिपि छैन। कहिलेकाहीं छिटफुट रुपमा लेखिँदा देवनागरी लिपि नै प्रयोग हुने गरेको छ । यस भाषाको अध्ययन-अनुसन्धान पनि धेरै हुन सकेको छैन । बोर्चेर्स (सन् २००८), भट्टचन र चेम्जोङ (सन् २००९) खड्का (२००५), ढकाल (२०१७), श्रेष्ठ (२०६७) आदि देखिन्छन् ।

३.४.२ बहुभाषिकता

सुरेल समुदायमा अब कोही पनि एकभाषी (monlingual) छैनन् । कम्तिमा सबै द्वैभाषिकता (bilingual) स्थितिमा पुगेका छन् भने थोरै सङ्ख्यामा बहुभाषिकता (multilingual) को स्थितिमा पुगेका छन् । केही सुरेलहरू विभिन्न ज्याला मजदुरीका क्रममा भारतमा पुगेका छन् भने उनीहरूले सुरेल, नेपाली र हिन्दी भाषा बोल्न सक्छन्[२] । वृद्ध सुरेलहरू दुई वटा भाषा क्रमशः सुरेल र नेपाली भाषा बोल्छन् ।

३.४.१ भाषिक जीवन्तताको स्थिति (Language viatiality)

नेपालका धेरै भाषाहरू लोपोन्मुख अवस्थामा छन् । लोपोन्मुख अवस्थाका भाषाहरूमध्ये पनि आदिवासी जनजातीय मातृभाषाहरूको बढी सङ्ख्या रहेको छ । भाषाको प्रवलता वा जीवन्ततालाई मापन गर्नका लागि लुई र साइमन (ई. २०१०) ले प्रस्ताव गरेको मोडल निकै लोकप्रिय मानिन्छ । उक्त मोडललाई विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम (Expanded

२ स्थलगत अध्ययनका क्रममा तीर्थबहादुर सुरेलले भारतमा एक दशकभन्दा बढी बसेको उल्लेख गरेका थिए । उनले हिन्दी, सुरेल र नेपाली भाषा राम्ररी बोल्ने बताए ।

Graded Intergenerational Disruption Scale [EGIDS] भनिन्छ ।

यो मोडेललाई आधार मानेर नेपालमा बोलिने १२३ वटा भाषाहरूको स्थितिलाई भाषिक जीवन्तताको मापन गरिएको छ र आदिवासी जनजातिका भाषाहरूको स्थितिलाई समेत संलग्न राखी तालिका १३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१: विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम

सि.नं.	तह	नेपालका भाषाहरू	आदिवासी जनजातिका भाषाहरू
१	संघीय (National)	१ (०.८१ %)	० (०.००५)
२	प्रादेशिक (Provinicial)	० (०.०० %)	० (०.००५)
३	व्यापकता (Wider communication)	२ (१.६२५)	१ (०.८१५)
४	शैक्षिक (Educational)	८ (६.५०५)	० (०.००५)
५	विकसित (Developing)	१४ (११.३८५)	७ (५.६९५)
६ (क)	सुरक्षित (Vigorous)	३६ (२९.२६५)	१७ (१३.८२५)
(ख)	संकटापन्न (Threatened)	४१ (३३.३३५)	३४ ९२७.६४५)
७	अपरणशील (Shifting)	१२ (९.७५५)	११ (८.९४५)
८ (क)	मृतप्रायः (Moribund)	२ (१.६२५)	२ (१.६२५)
(ख)	सुषुप्त (Nearly extinct)	४ (३२५५)	४ (३२५५)

सि.नं.	तह	नेपालका भाषाहरू	आदिवासी जनजातिका भाषाहरू
९	लोपवान (Dormant)	३ (२।४३५)	१ (०.८१५)
१०	लोप (Extinct)	१ (०.८१५)	१ (०.८१५)

स्रोतः इप्पिली र अन्य (ई. २०१२) लाई केही परिमार्जित गरिएको ।

तालिका २ मा देखिएझैं आदिवासी जनजातीय भाषाहरूमा व्यापकता भएको भाषा १ वटा, विकसित ७ वटा, सुरक्षित १७ वटा, संकटापन्न ३४ वटा, अपसरणशील ११ वटा, मृतप्रायः २ वटा, सुषुप्त ४ वटा, लोपवान १ वटा र लोप १ वटा रहेको देखिन्छ। यो सूचीमा हेर्दा अपसरणशील भाषिक समूहभित्र सुरेल भाषा पर्दछ।

प्राथमिक स्रोतका रुपमा केही तथ्याङ्कहरू समेत सङ्कलन गरिएका थिए। त्यस क्रममा स्थलगत अध्ययन गर्नका लागि सुरेल जातिको मूलथलो मानिने साविकको सुरी गाउँ विकास समिति, हाल गौरीशङ्कर गाउँपालिका वडा नं. ४ मा पुगेका थियौं। त्यहाँ सुरेल भाषा वक्ताको विवरणहरू समेत सङ्कलन गर्ने कार्य भएको थियो। यस क्रममा यसका निम्ति हामीले दोहोरो संवाद गर्न सक्ने व्यक्तिहरूको विवरणलाई मात्र तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.२ : सुरेल वक्ताहरूको विवरण

क्रसं.	वक्ताको नाम	वर्ष	ठेगाना
१	तीर्थबहादुर सुरेल	५९	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२	टपिन्द्रबहादुर सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३	मानवीर सुरेल	५९	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४	यमबहादुर सुरेल	५६	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
५	हरिकुमारी सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
६	भरत सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
७	तिलककुमारी सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ

क्रसं.	वक्ताको नाम	वर्ष	ठेगाना
८	लालबहादुर सुरेल	४६	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
९	सावित्री सुरेल	४०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१०	अन्जनी सुरेल	३३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
११	शिव सुरेल	४५	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१२	कल्याणी सुरेल	४०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१३	टीकामाया सुरेल	७०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१४	टिकामाया सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१५	भीमबहादुर सुरेल	५७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१६	ईश्वरमाया सुरेल	५६	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१७	डिलबहादुर सुरेल	५७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१८	हरिबहादुर सुरेल	५३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
१९	शिवमाया सुरेल	५७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२०	मानबहादुर सुरेल	७०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२१	मानकुमारी सुरेल	७०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२२	राजेश सुरेल	३३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२३	दीपेन्द्र सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२४	बालकुमार सुरेल	५३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२५	चक्रबहादुर सुरेल	५२	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२६	टीकामाया खत्री सुरेल	५३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२७	कल्पना सुरेल	४३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२८	लोकबहादुर सुरेल	४७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
२९	खड्क सुरेल	६०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३०	सुमशेर सुरेल	४५	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३१	सन्चकुमारी सुरेल	७०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ

क्रसं.	वक्ताको नाम	वर्ष	ठेगाना
३२	पर्शुराम सुरेल	४७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३३	राधिका सुरेल	३८	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३४	हेम सुरेल	३३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३५	सिमबहादुर सुरेल	५९	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३६	सावित्री सुरेल	५७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३७	पर्सदकुमारी सुरेल	६५	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३८	राजु सुरेल	४७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
३९	सावित्रा सुरेल	४६	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४०	चिनीमाया सुरेल	६५	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४१	रमेश सुरेल	४०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४२	धनकुमारी सुरेल	६०	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४३	बालकुमार सुरेल	४६	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४४	अर्जुन सुरेल	५८	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४५	भीमबहादुर सुरेल	५९	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४६	रञ्जिता सुरेल	३५	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४७	रामबहादुर सुरेल (आइरम)	५६	गौरीशङ्कर गाउँपालिका वडा नं. ७ बुरुम्फी
४८	हजुरआमा (बुरुम्फी) सुरेल	८३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
४९	बिरु सुरेल	६३	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
५०	विनोद सुरेल	३८	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ
५१	कुमार सुरेल	३७	गौरीशङ्कर गाउँपालिका वडा नं. ५ सुरी गाउँ

स्रोतः स्थलगत अध्ययन (२०७५)

तालिका ३.२ मा देखिएझैं सुरेल भाषाको वक्ता सङ्ख्या ५१ जना जम्मा देखिन्छ। झन्डै २५० देखि ३०० जना जति रहेको सुरेल जातिको कुल वक्ता

सङ्ख्याको झन्डै ३० प्रतिशतले भाषा बोल्ने गरेको देखिन्छ। उमेरका हिसाबमा हेर्दा बालबालिकाहरूले नबोल्ने गरेको पाइन्छ।

विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ताको विवरणलाई तालिका ३.३ मा प्रस्तुत गरिएको छ।

तालिका ३.३ : विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण

	जन्मेपछि २९ वर्षसम्म	**३० देखि ४९ वर्षसम्म**	**५० वर्षदेखि माथि**	**जम्मा**
पुरुष	० (०.०%)	११ (३७.९३%)	१८ (६२.०६%)	२९ (५६.८६%)
महिला	० (०.०%)	८ (२७.५८%)	१४ (४८.२७%)	२२ (४३.१३%)
जम्मा	० (०.०%)	१९ (३७.२५%)	३२ (६२.७४%)	५१ (१००.०%)

रेखाचित्र ३.१: विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण



३.४.२. भाषिक अभिवृत्ति

भाषिक अभिवृत्तिले सम्बन्धित भाषिक समुदायको भाषाप्रतिको अवधारणालाई बुझाउँदछ। स्थलगत अध्ययनका क्रममा सुरेल समुदायका अभियन्ताहरूले भाषाको संरक्षण र संवर्धनका बारेमा आफूहरू सकरात्मक रहेको धारणा बताए, तर अधिकांश गाउँका सुरेल समुदायका सदस्यहरूले भाषाको प्रयोग र उपादेयताबारे केही बताएनन्।

३.४.३ भाषा प्रयोगका क्षेत्रहरू

भाषाको प्रयोग मूलतः दुई किसिमले हुने गरेको देखिन्छ। पहिलो- शिक्षा, सञ्चार एवम् कामकाजी भाषाको रुपमा सरकारी निकाय वा अंगहरूमा प्रयोग भए नभएको हेरिन्छ । दोस्रो- घरपरिवारको वातावरण, धार्मिक एवम् सांस्कृतिक अनुष्ठान आदिमा कुन भाषाको प्रयोग कुन रुपमा भइरहेको छ वा छैन भनेर हेर्ने गरिन्छ। यस हिसाबले हेर्दा शिक्षा, सञ्चार र सरकारी निकायहरूमा कुनै पनि प्रयोजनका लागि सुरेल भाषाको प्रयोग भएका छैनन्। घर परिवारको वातावरणमा हेर्दा पनि सुरेल भाषा क्रमशः नेपाली भाषातिर अपशरण ९कजषतष्लन० हुँदै गएको देखिन्छ। झन्डै ३० वर्षभन्दा मुनिका सुरेलहरूले यो भाषा बोल्दैनन्।

क) घर परिवारभित्र

सुरेल समुदायमा हजुरबा-हजुरआमा र बाबु-आमा पुस्ताले सुरेल भाषा बोल्ने गरेका छन्, तर छोराछोरीसँग भने कुराकानी गरे पनि छोराछोरीले नेपाली भाषाबाट नै जवाफ फर्काउने गरेको देखिन्छ। यस हिसाबले सुरेल भाषामै दोहोरो संवाद हुँदैन।

ख) धार्मिक एवम् सांस्कृतिक अनुष्ठान कार्यमा सुरेल भाषाको प्रयोग

भूमे पूजा र चनपूजामा नाक्सोहरूले सुरेल भाषा नै प्रयोग गरेको देखिन्छ। घरभित्र पितृ बुझाउनेलगायत अन्य पूजाआजामा समेत सुरेल भाषाकै प्रयोग हुने गरेको देखिन्छ।

ग) गाउँघरका छिमेकीसँग

सुरेलहरूको झुप्प परेको बस्ती भए पनि वरिपरि खसआर्य र दलितहरूको समेत बस्ती रहेकाले छिमेकीहरूसँग कुराकानी गर्दा खस नेपाली भाषाको नै प्रयोग हुने गरेको छ। छिमेकीले बोल्ने भाषा प्रभुत्वशाली भाषा भएकाले त्यो भाषातिर नै अपशारित हुँदै गइरहेको पाइन्छ।

घ) बैठक एवम् माइन्युट गर्दा

कहिलेकाहीँ हुने बैठकहरूमा अवस्थाअनुसार दुवै भाषा प्रयोग हुने

गरेको छ। यदि सुरेलहरू मात्रै भएको अवस्था हो भने र भाषा बोल्ने हुँदा सुरेल भाषाको नै प्रयोग हुने गरेको छ। तर प्रायः युवाहरूले नै संस्था नेतृत्व गरिरहेको कारण पनि सुरेल भाषाभन्दा पनि सम्पर्क भाषा नेपाली नै प्रयोग हुने गरेको पाइन्छ। यो भाषाको लागि छुट्टै लिपिको प्रयोगमा छैन। लेख्यपरम्पराको विकास नभएको कारण पनि यो भाषाको लिपि नहुनु स्वभाविक हो। बैठकको मान्युट गर्दा नेपाली भाषा नै प्रयोग हुने गरेको छ।

ङ) **ख्यालठट्टा, गाली या झगडा गर्दा**

यो भाषाको वक्ता पहिलो र दोस्रो पुस्ता भएकाले उनीहरू मात्रै हुँदा कहिलेकाहीं ख्यालठट्टा गर्दा सुरेल भाषा नै प्रयोग हुने गरे पनि उखानटुक्का जस्ता भाषा प्रयोग हुने क्षेत्रहरू लोप भइसकेको देखिन्छ। गाली या झैंझगडा गर्दा दुवै भाषाको प्रयोग हुने गरेको देखिन्छ। यो परिवेश पनि उमेरसमूहगत व्यक्तिसँग नै सम्बन्धित रहेको पाइन्छ।

च) **मेलापात, हाटबजार भर्दा**

मेलापातमा चाहिँ भाषा बोल्नेसँग भए मातृभाषामा नै कुराकानी हुने गरेको पाइन्छ। तर हाटबजार भर्दा भने नेपाली भाषा नै प्रयोग गर्नुपर्ने बाध्यता देखिन्छ। कुनै पनि पनि बजार सुरेल भाषाको प्रभुत्व वा नियन्त्रणमा देखिँदैन नकि व्यापारी नै छन्। त्यसैले हाटबजारमा प्रयोग हुने भाषाको कुरा गर्दा सुरेलहरूको वसमा भाषा प्रयोग हुने स्थिति देखिँदैन।

छ) **गन्ती गर्दा**

कुनै पनि वस्तु वा चिज झट्ट गन्दा न्यूनतम तीनसम्म मात्र सुरेल भाषाको प्रयोग हुने गरेको भए पनि त्यसभन्दा बढी पाँच वटा गाई, ९ वटा कुखुराको चल्ला भन्नुपऱ्यो भने सम्पर्क भाषा नेपाली नै प्रयोग गर्ने गरेका छन्। यसले के देखाउँछ भने सुरेलहरूको आफ्नो पकेट क्षेत्र गुम्दै गइरहेको छ।

माथि उल्लेखित भाषाको प्रयोग क्षेत्र र अवस्थालाई हेर्दा सुरेल भाषा दुई पुस्तामा सीमित रहेको छ भने धेरैभन्दा धेरै भाषा प्रयोग

हुने क्षेत्रहरू पनि गुम्दै गइरहेको छ। भाषाको प्रयोग केवल संवाद या विचार आमोदप्रमोद गर्नका लागि प्रयोग गरिँदैन। विशिष्ट अवस्थामा भाषा नै प्रयोग गर्नुपर्ने अवस्था हुन्छ। यो हेर्दा सुरेल भाषाको आफ्नो पकेट एरिया बिस्तारै गुम्दै गएको देखिन्छ। साथै उनीहरूको प्रयोग हुने भाषाको क्षेत्र पनि अत्यन्त सीमित रहेको छ।

तस्बिर ३.१: विभिन्न उमेर समूह र लिङ्गीय आधारमा वक्ता विवरण

३.२.३ सुरेल भाषाको १०० शब्द

यस खण्डमा सुरेल भाषाको आधारभूत १०० शब्दसूचीलाई समावेश गरिएको छ जसलाई तालिका ३.२ मा प्रस्तुत गरिएका छन्।

तालिका ३.३ : सुरेल भाषाको १०० शब्दसूची

क्र.सं	सुरेल शब्द (देवानागरी)	*IPA*	नेपाली शब्द	अङ्ग्रेजी
१	*झिं*	*dzʰi*	सबै	all
२	*खर्नी*	*kʰərni*	खरानी	ash
३	*बोक्रा*	*bokra*	बोक्रा	bark
४	*कोच*	*kots*	पेट	belly
५	*थेअ्उ*	*tʰeʔu*	ठूलो	big
६	*चिउ*	*tsiu*	चरा	bird
७	*क्राइच*	*kraits*	टोक्नु	bite

क्र.सं	सुरेल शब्द (देवानागरी)	*IPA*	नेपाली शब्द	अङ्ग्रेजी
८	*केर*	*ker*	कालो	black
९	*हुस्*	*ɦus*	रगत	blood
१०	*रुस्*	*rus*	हाड	bone
११	*दुदु*	*dudu*	छाती	breast
१२	*ब्लासो*	*blaso*	जलाउनु	burn
१३	*मुकुवा*	*mukuwa*	बादल	cloud
१४	*शिक्स्यो*	*ʃiksjo*	चिसो	cold
१५	*पिउ*	*piu*	आउनु	come
१६	*बेक्च*	*bektsə*	मर्नु	die
१७	*कुचुम*	*kutsum*	कुकुर	dog
१८	*लुअ्च*	*luʔtsə*	पिउनु	drink
१९	*काम*	*kam*	सुक्खा	dry
२०	*नँफा*	*nʌpʰa*	कान	ear
२१	*पृथ्वी*	*pirtʰibi*	पृथ्वी	earth
२२	*जाचा*	*dzatsa*	खानु	eat
२३	*बाटपाट*	*batpat*	अण्डा	egg
२४	*मिक्स*	*miks*	आँखा	eye
२५	*फ्लाम*	*Pʰlam*	प्वाँख	feather
२६	*मि*	*mi*	आगो	fire
२७	*ङा*	*ŋa*	माछा	fish
२८	*मासु*	*masu*	मासु	flesh
२९	*बेर्च*	*bertsə*	उड्नु	fly
३०	*खोयल*	*kʰojəl*	खुट्टा	foot
३१	*का*	*ka*	भरि	full
३२	*गेच*	*getsə*	दिनु	give

क.सं	सुरेल शब्द (देवानागरी)	*IPA*	नेपाली शब्द	अङ्ग्रेजी
३३	*दार्स्यो*	*darsjo*	असल	good
३४	*केदुङ*	*keduŋ*	चिल्लो	grease
३५	*गिक*	*gik*	हरियो	green
३६	*चाम*	*tsam*	कपाल	hair
३७	*गुइ*	*gui*	हात	hand
३८	*पिन*	*pin*	टाउको	head
३९	*ङेच*	*ŋetsə*	सुन्नु	hear
४०	*लुअ्ङ्गुर*	*luʔŋur*	मुटु	heart
४१	*ग्लो*	*glo*	सिङ	horn
४२	*होसो*	*ɦaso*	तातो	hot
४३	*गो*	*go*	म	I
४४	*साइच*	*ʃaitsə*	मार्नु	kill
४५	*कंका*	*kəŋka*	घुँडा	knee
४६	*जोक्च*	*dzoktsə*	जान्नु	know
४७	*साफा*	*sapʰa*	पात	leaf
४८	*लोक्च*	*loktsə*	ढाँट्नु	lie
४९	*आइडी*	*aiɖi*	कलेजो	liver
५०	*ज्योसो*	*dzjoos*	लामो	long
५१	*रिः*	*ri:*	जुम्रा	louse
५२	*मुर*	*mur*	मान्छे	man
५३	*इसी*	*isi*	धेरै	many
५४	*धकार*	*dʰəkar*	चन्द्रमा	moon
५५	*पहाड*	*pəɦaɖ*	पहाड	mounta
५६	*चुउआ*	*tsuʔa*	मुख	mouth
५७	*बुइने*	*buine*	नङ	nail

क्र.सं	सुरेल शब्द (देवानागरी)	*IPA*	नेपाली शब्द	अङ्ग्रेजी
५८	*ने*	*ne*	नाम	name
५९	*स्यौर*	*sjor*	घाँटी	neck
६०	*नाक*	*nak*	नयाँ	new
६१	*तुञ्चि*	*tuɲitsə*	रात	night
६२	*नैं*	nẽ	नाक	nose
६३	*माअ्ने*	*maʔne*	होइन	not
६४	*का*	*ka*	एक	one
६५	*लाम*	*lam*	बाटो	path
६६	*मुर*	*mur*	व्यक्ति	person
६७	*रियुइसो*	*rijuso*	वर्षा	rain
६८	*लाल*	*lal*	रातो	red
६९	*डोल्लो*	*ɖollo*	गालो	round
७०	*बाल्वा*	*balwa*	बालुवा	sand
७१	*देइच*	*deitsə*	भन्नु	say
७२	*कोच*	*kots*	हेर्नु	see
७३	*पुइ*	*pui*	बीऊ	seed
७४	*निचअ्*	*nitsə*	बस्नु	sit
७५	*कोक्तेल*	*koktel*	छाला	skin
७६	*इप्च*	*iptsə*	सुत्नु	sleep
७७	*चिच*	*tsitsə*	सानो	small
७८	*कुन*	*kun*	धुवाँ उडाउनु	smoke
७९	*राप्चा*	*raptsa*	उभिनु	stand
८०	*स्योर*	*sjor*	तारा	star
८१	*लुअ्*	*luʔ*	ढुङ्गा	stone
८२	*नाम*	*nam*	घाम	sun

क्र.सं	सुरेल शब्द (देवानागरी)	*IPA*	नेपाली शब्द	अङ्ग्रेजी
८३	*जोल्चा*	*dzoltsa*	पौडिनु	swim
८४	*मिलुङ*	*miluŋ*	पुच्छर	tail
८५	*मिकोइ*	*mikoi*	त्यो	that
८६	*यें*	jẽ	यो	this
८७	*गे*	*ge*	तिमी	thou/you
८८	*लेम*	*lem*	जिब्रो	tongue
८९	*दाँत*	dãt	दाँत	tooth
९०	*रुख*	*ruk^{h}*	रुख	tree
९१	*निक्सी*	*niksi*	दुई	two
९२	*गाक्च*	*gaktsə*	हिँड्नु	walk
९३	*पाङ*	*paŋ*	पानी	water
९४	*दुइ*	*dui*	हामी	we
९५	*मार्दे*	*marde*	के	what
९६	*बुस*	*bus*	सेतो	white
९७	*सुम*	*sum*	को	who
९८	*मिस्मुर*	*mismur*	आइमाई	woman
९९	*पहेंलो*	*pəɦẽleo*	पहेंलो	yellow
१००	*सेङेर*	*seŋer*	जरा	root

३.५ सारांश

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा १० वटा लोपोन्मुख जातिमध्येको एक जातिको रुपमा सुरेललाई सूचीकृत गरेको छ। दूर्भाग्यपूर्ण नै मान्नुपर्छ कि वि.सं. २०६८ सालको जनगणनाले भने सुरेल जातिको जनसङ्ख्यालाई समावेश गरेको छैन। भाषा वक्ता सङ्ख्याको रुपमा २८६ जना भनेर उल्लेख गरेको छ। सुरेल भाषा चिनियाँ-तिब्बती महाभाषा

परिवारअन्तर्गत तिब्बती-बर्मेली भाषा परिवारअन्तर्गत पर्ने हिमाली समूहमा पर्ने भाषा हो। एथ्नोलग (सन् २०१२)ले सुरेल भाषालाई सुनुवारको भाषिका भनेको छ। तर यस अघि ब्राड्ले (सन् १९९७) ले चाहिँ सुरेल भाषा स्वतन्त्र भाषा नै हो भनेर उल्लेख गर्दै यो भाषा दक्षिण पश्चिमी किराती भाषाहरू हायू, बाहिङ, सुनुवार र सुरेल हुन सक्ने भनेका छन्। यो भाषा किराती भाषासँग नजिकको सम्बन्ध राख्ने भाषा हो। सुरेल शब्दले जाति र भाषा दुवैलाई बुझाउँदछ। सुरेल भाषाको लेख्यपरम्परा विकास भएको छैन। यो भाषाको आफ्नो लिपि पनि छैन। कहिलेकाहीं छिटफुट रुपमा लेखिँदा देवनागरी लिपि नै प्रयोग हुने गरेको छ। यस भाषाको अध्ययन-अनुसन्धान पनि धेरै हुन सकेको छैन। बोर्चेर्स (२००८), खड्का (२००५), ढकाल (२०१७), श्रेष्ठ (२०६७) आदि देखिन्छन्। भाषाको वक्ता सङ्ख्या ५१ जना जम्मा देखिन्छ। झन्डै २५० देखि ३०० जना जति रहेको सुरेल जातिको कुल वक्ता सङ्ख्याको झन्डै ३० प्रतिशतले भाषा बोल्ने गरेको देखिन्छ। उमेरका हिसाबमा हेर्दा बालबालिकाहरूले नबोल्ने गरेको पाइन्छ। सुरेल समुदायको भाषिक अभिवृत्ति सकरात्मक रहेको छ। भाषा प्रयोगको स्थिति निकै कम रहेको छ।

अध्याय ४

सामाजिक संरचना र सम्बन्ध

४.० रुपरेखा

मानव विकाससँगै उनीहरूका मूल्यमान्यताहरू पनि विकसित हुँदै आएका हुन्छन्। सुरुमा मानिस एक व्यक्ति अनि परिवार र परिवार-परिवार भएर समाजको निर्माण हुन्छ। यसरी बनेका मूल्यमान्यताहरूले उनीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ भने यसले सामाजिक संस्कार तथा मूल्य पनि सिर्जना गर्दछ। समाजको विकाससँगै नाता सम्बन्धहरू पनि विस्तार हुँदै जान्छन्। सुरेल जातिको आफ्नै किसिमका मूल्यमान्यताहरू छन्। सामाजिक संरचनाका रूपमा उनीहरूको बासस्थान, घरको बनोट पारिवारिक नातासम्बन्ध तथा संरचनाहरू पर्दछन्। यस अध्यायको खण्ड ४.१ मा सुरेल जातिको बासस्थान र घरको बनोटका बारेमा छलफल गरिएको छ। परिवार, थर र उपथरका बारेमा खण्ड ४.२ मा चर्चा गरिएको छ। त्यसैगरी नातासम्बन्धका बारेमा खण्ड ४.३ मा परिचर्चा गरिएको छ। ढोगभेटका बारेमा खण्ड ४.४, खानपानका बारेमा खण्ड ४.५ मा उल्लेख गरिएको छ भने वेषभुषा र गरगहनाका बारेमा खण्ड ४.६ मा छलफल गरिएको छ। यस अध्यायको सारांशलाई खण्ड ४.७ मा समावेश गरिएको छ।

४.१ बासस्थान र घरको बनोट

सुरेल जातिको बासस्थान रहेको गाउँ झुप्प नै रहेको छ। केही घरहरू भने अलि छुट्टै-छुट्टै गरी पनि बनाइएको पाइन्छ। सुरेलहरूको मुख्य बसोबास साविकको सुरी गाउँ नै हो, जुन अहिले स्थानीय तहको पुनःसंरचना भइसकेपछि गौरीशङ्कर

गाउँपालिका वडा नं. ४ अन्तर्गत रहेको छ। सुरी गाउँभन्दा अलि तल गुरुम्फीमा पनि केही घरहरू रहेका छन्।

मूलघरबाट भिन्न भएपछि टाढा नगई वरिपरि नै घर बनाएर बसोबास गर्ने परम्परा रहेको छ। आधुनिकीकरणको प्रभावले गर्दा मूलघरबाट टाढा घर बनाएर बस्ने पनि चलन देखिन्छ। सुरेलहरूमा के चलन छ भने बाबु जीवित रहेसम्म महत्वपूर्ण निर्णय निजबाट नै हुन्छ। बाबुको मृत्युपछि भने जेठो दाजुको घरमा भाइहरू भेला भएर रायसल्लाह गरी निर्णय गर्ने गर्दछन्।

सुरेल समुदायका घरहरू अहिले आफ्नै विशेष मौलिकता बोकेको घरहरू पाइँदैनन्। घरहरूमा कुनै कला, आकृति नभएर सामान्य साधारण रहेका देखिन्छन्। सुरेल जातिमा पहिले पहिले घरहरू तले बनाउन हुँदैन भन्ने मान्यता राख्थे। तले घर नफाप्ने जनविश्वास रही आएको थियो। खाबाले अड्याएर खरले छाएका घरहरूमा बस्दथे। स्थलगत अध्ययनका क्रममा सबभन्दा पहिले पूर्णबहादुर सुरेलले तले घर बनाएको सूचना प्राप्त भयो। रातो माटोले मात्र घर पोत्ने चलन निकै पुरानो मानिए पनि सेतो कमेरा माटो पनि प्रयोगमा आयो। पछि हुनेखानेले जस्ता र ढुङ्गाको छाना प्रयोग गरेको पाइन्छ भने निम्न आर्थिक स्थिति भएकाहरूले खरको छाना र चित्राले बारेर घर बनाउने गरेका थिए। सबै घरहरू छाने शैलीमा निर्माण भएको पाइन्छ भने ढुङ्गा र माटो नै घर बनाउन प्रयोग गरिन्छन्। घर अगाडि आँगन राख्ने र त्यो आँगन पिँढीसँग जोडिएका हुन्छन्। तले घरहरूको हकमा बार्दली र कौसीसमेत निकालिएको पाइन्छ। प्रायः सबै जसो घरको भुइँ तलामा खानपिन गर्ने, ढिकी जाँतो राख्ने र माथिल्लो तलामा अन्नपात राख्ने गरेको पाइन्छ। घर नजिकै गोठ राख्ने चलन छ। बाख्राको खोर पनि घरको पछाडिपट्टि जोडेर बनाउने चलन छ।

पहिले-पहिले खुल्ला ठाउँमा शौचालय गर्ने चलन भए पनि आजभोलि घर नजिकै शौचालय बनाएको पाइन्छ। स्वास्थ्य र सरसफाइप्रति सुरेल जातिको चेतना बढ्दै गएको देखिन्छ।

२०७२ सालको विनासकारी भूकम्पले सुरी गाउँमा भौतिक रुपले निकै क्षती पुऱ्यायो। नेपाल सरकारले पुनर्निर्माणअन्तर्गत यी क्षेत्रहरूमा निश्चित मापदण्डमा घरहरू बनाउनका लागि बजेट उपलब्ध गराएपछि आधुनिक किसिमका घरहरू पनि बन्न थालेको देखिन्छ। यी घरहरू सुरेलका मौलिक घरको संरचनाभन्दा बिल्कुलै फरक बनेका छन् ।

तस्बिर १.३: सुरेल जातिको घर

स्रोत : स्थलगत अध्ययन (२०७४)

४.२ परिवार, थर र उपथरहरू

प्रत्येक समाजको परिवार आधारस्तम्भ हो। परिवारमा नै सामाजिक संरचना र सम्बन्ध प्रतिविम्बित रहेको हुन्छ। सुरेल जातिमा परिवार सार्वभौम संस्थाको रुपमा रहेको पाइन्छ। यस जातिमा घर र परिवार दुई शब्द एकअर्काको पर्यायवाचीका रुपमा प्रयोग हुन्छन्। एउटै घरमा बस्नु भनेको एउटै परिवारमा बसोबास गरेको भन्ने अर्थ लाग्छ।

परिवारका सबै सदस्यहरूका लागि एउटै चुल्हामा खाना पाक्छ। खानेकुरामा विभेद हुँदैन। परिवारको आवश्यकता पूर्तिका लागि सबैले काम गर्छन् र सबैको भरणपोषण पनि परिवारबाटै हुन्छ। विवाहपश्चात छोरीहरू आफ्नो लोग्नेको घरमा जान्छन्।

सुरेल जातिमा एकल र संयुक्त दुवै प्रकारको परिवार अस्तित्वमा छन्। परम्परागत रुपमा संयुक्त परिवार अस्तित्वमा रहेको भए पनि आजभोलि विवाह गरेका छोराहरूको तर्फबाट नाति नातिना हुन थालेपछि मूल घरबाट छुट्टिने आकर्षण बढेको देखिन्छ। यसरी छुट्टिँदा बराबरी अंश लिएर छुट्ने गर्छन्। यसरी छुट्टिएको

बेला बाबुआमाका लागि एक हिस्सा जिउनी राख्ने चलन छ। आमाबाबुको कान्छो छोराले नै आमा बाबुको स्याहारसुसार र हेरचाह गर्ने चलन छ। त्यसैले यसबापत उसले बाबुआमाको शेषपछि जिउनी पनि लिने चलन छ।

प्राचीनकालमा सुरेल समुदायमा मातृसत्तात्मक व्यवस्था भएको भए पनि अहिले पुरुषको बढी भूमिका रहेको देखिन्छ। त्यसैले मातृसत्तात्मक व्यवस्थाबाट पितृसत्तात्मक व्यवस्थामा सुरेल समाज रुपान्तरण भएको देखिन्छ। बाबुकै रेखदेख, नेतृत्व र नियन्त्रणमा परिवार चलेको देखिन्छ।

सुरेलहरू आफूलाई बासे र वीरवलका सन्तान ठान्छन्। बासे र वीरवल ज्वाइँ थिए भने उनीहरू दुरबिचा र तुङ्कुचा थरका थिए। उनीहरू एकअर्काका कुटुम्ब पनि थिए। तुङ्किचाका थर विकास भएको देखिँदैन भने दुरबिचाअन्तर्गत ६ थरी रहेको देखिन्छ।

रेखाचित्र ४.१: सुरेल जातिको थर



श्रेष्ठ (२०६७) ले काश्यप र सान्डिल्यजस्ता गोत्रहरू रहेको र निम्न थरहरू रहेको उल्लेख गरेका छन् :

१) नाक्सो २) डाइगा

३) दर्खास ४) फुलाउरे

५) कास ६) रोङ

सुरेल जातिमा फरक-फरक थरमा मात्र विवाह हुन्छ। पहिले त दुरबिचा र तुइकुचाबिच मात्र विवाह गर्ने परम्परा थियो।

४.३ नाता सम्बन्ध

सुरेल जातिमा नाता सम्बन्ध रगत र वंशको आधारमा छुट्याउने प्रचलन छ। कम्तिमा सात पुस्तासम्म बाबुको तिरबाट विवाह वर्जित मानिन्छ। विवाहभित्र हाडनाता बाबुपट्टि बढी हेर्ने गरिन्छ, अर्थात् नातासम्बन्ध राम्ररी केलाउने गरिन्छ।

यस जातिमा अन्य केही हिमाली र पहाडी आदिवासी-जनजातिहरूले झैं फुपू-चेला र मामा-चेलाबाट वैवाहिक सम्बन्ध कायम गर्न निषेध छ। त्यसो भएकोले माइती-चेली र भान्जा-भान्जीसँगको सम्बन्ध असम्भप्राय : मानिन्छ। तर ज्वाइँको हकमा भदैनी वा भेनाजूलाई सालीलाई विवाह गर्न भने बन्देज मानिँदैन।

सुरेल जातिमा रहेको नजिक र टाढाको नाता सम्बन्धलाई हेरौं।

४.३.१ टाढाको नातेदार (non-affinal)

क) पनाति नातेदार

जिज्यू किक	'बाजेको बाउ'	[great grandfather' father's side]
जिज्यू दिक	'बाजेको आमा'	[great grandmother' father's side]
जिज्यू किक	'बाजे'	[great grandfather' mother's side]
जिज्यू किक	'बज्यै'	[great grandmother' mother's side]

ख) नाति नातेदार

किक	'बाजे'	[great grandfather' father's side]
दिक	'बाजे'	[great grandmother' father's side]
किक	'बाजे'	[great grandfather' mother's side]
किक	'बज्यै'	[great grandmother' mother's side]
चास	'नाति'	[great grandfather' mother's side]
चासम	'नातिनी'	[great grandmother' mother's side]

ग) आमा, बाबु र बच्चा

आप	'बाबु'	[father']
थेउ आप	'ठूलो बाबु'	[fatherr's elder brother]
पोप	'काका'	[father's younger brother]
थेउयाङ	'ठूली फुपू'	[father's elder sister]
चिचियाङ	'सानी फुपू'	[father'syounger sister]
आम्	'आमा'	[great grandmother' mother's side]
ठेउ आम्	'आमाको दिदी'	[great grandmother' mother's side]
चिचि आम्	'आमाको बहिनी'	[great grandmother' mother's side]
कुकु	'मामा'	[mother's brother]
ताउ/ डाउ	'छोरा'	[son]
डाउ चाहिङ्मी	'बुहारी'	[son's wife]
टेमी/ डेमी	'छोरी'	[daughter]

घ) भाइ बहिनी र फुपूतिरका भाइ बहिनी

मेङ्मी	'भाउजू'	[elder brother's wife]
डाउ	'भतिज'	[nephew]
डेमीडाउ	'भतिजी'	[cousin]
भान्जा	'भान्जा'	[nephew, of maternal side]
भान्जी	'भान्जी'	[cousin, of maternal side]

४.३.२ नजिकको नातेदार (affinal kinship)

क) आफ्नो पुस्ता

ह्वाँइच	'लोग्ने'	[husband]
जेठाजू	'जेठाजु'	[husband's elder brother]
देवर	'देवर'	[husband's younger brother]

नन्दा	'नन्द'	[husband's younger sister]
मिच	'श्रीमती'	[wife]
जेठू	'जेठु'	[wife's elder brother]
साला	'श्रीमतीको भाइ'	[wife's younger brother]
साली	'श्रीमतीको बहिनी'	[wife's younger sister]

ख) पहिलो माथिल्लो पुस्ता

सिउ '	ससुरा'	[spouse's father, father in-law]
सिमी '	सासू'	[spouse's mother, mother-in-law]

ग) पहिलो माथिल्लो पुस्ता

च्याउ	'सम्धी'	[Son's wife, daughter in-law]
चाइमी	'सम्धिनी'	[Daughter's husband, son-in-law]

४.३.२ मितेरी साइनो (fictive kinship)

सुरेल समुदायमा मितेरी साइनो अद्यावधि रहेको पाइन्छ, तर पहिलेको अनुपातमा त्यति धेरै पाइँदैन। खासगरी उनीहरूको मितेरी साइनो तामाङ, शेर्पा, विश्वकर्मा, ब्राम्हण र क्षेत्री आदिसँग हुने गरेको देखिन्छ।

मितेरी साइनो स्थापित गर्दा सगुन आदि साटासाट गर्ने चलन देखिन्छ। तर मितेरी साइनोबाट ठगिएका उदाहरणहरू प्रशस्तै पाइने गरेको पाइन्छ।

४.४ ढोगभेट

सुरेल जातिमा हिन्दु धर्म संस्कृतिको गहिरो प्रभाव परेको कारणले पनि त्यसको प्रभाव परेको देखिन्छ। ब्राम्हण क्षेत्रीकै जस्तो गरी बुहारीले सासू, नन्द र आमाजूलाई गोडामा शिर राखी ढोग्ने चलन छ। साथै लोग्नेलाई पनि गोडामा नै ढोग्ने चलन छ। सासू वा ससुरालाई ढोगभेट गर्दा अन्तरढोग (परबाटै) शिर झुकाएर ढोग्ने प्रचलन छ। छोराले आमाबाबु, दिदी, बहिनीलाई गोडामा नै ढोग्ने चलन छ। अन्य अवस्थामा भने आदर गर्नुपर्ने व्यक्ति आम्नेसाम्ने हुँदा दुई हात जोडी नमस्कार गर्ने चलन छ।

४.५ खानपान

सुरेल जातिले खाद्यान्नका रुपमा धान, मकै, कोदो, गहुँ, आलुलगायत सागसब्जी खान्छन् । यस जातिकै भनेर कुनै विशिष्ट प्रकारको खानपान रहेको पाइँदैन ।

जाँड र रक्सी आफैंले बनाएर खाने गर्छन् । जुनसुकै कार्जो वा भोजभत्तेरमा जाँड र रक्सी अनिवार्य मानिन्छ । चाडपर्व, उत्सव वा अन्य कुनै अवसरमा माछा, मासु, राँगा, खसी, बोका, कुखुरा खाने गर्छन् भने दालभात, अचार आदि मिलाएर भोजमा अतिथिहरूलाई सत्कार गर्ने चलन छ ।

४.६ वेशभुषा तथा गरगहना

हरेक जातिको पहिचानजन्य वेषभुषा हुने गर्दछ । पहिला-पहिला सुरेल जातिले अल्लोबाट बनेको *गादो* (धोक्रो जस्तो परेको कपडा) र लगौटी लगाउने गरेका थिए । महिलाहरूले पनि अल्लोबाट बनेका कपडा नै लगाउने गरेका थिए । तर अहिले अल्लोबाट बनेका कपडा लगाउने चलन छैन । अहिले पुरुषले दौरा, सुरुवाल, इस्टकोट, टोपी, गादो र कम्बरमा पटुका बाँध्ने गर्छन् । केहीले अहिले पनि कच्छाड लगाएको देखिन्छ । महिलाहरूले भने फरिया, गुन्यू, चोली, पेटीकोट र मजेत्रो ओढ्ने गर्छन् । अविवाहित महिलाहरूले फ्रक, घाँगर आदि लगाउने भए पनि अहिले आधुनिक प्रकारका कपडाहरू पनि लगाउने गर्छन् । पुरुषहरूले पनि सर्ट र पाइन्ट आदि लगाउने गर्छन् ।

हरेक जातिको आफनै जातीय पहिचान झल्किने गरगहना हुने गर्दछ । तर पनि कतिपय अवस्थामा भने धेरैको एकै प्रकारको गरगहना पनि हुने गर्दछ । महिला सुरेलहरूले नाकमा फूली, बुलाकी, यार्लिङ, कुन्डल, पोते, चारानी, आठानी, कम्पनीका माला, हार, नाडीमा बाला तथा चुरा लगाउने गर्दछन् ।

तस्बिर ४.१ कम्पनी हार र चुरा



४.७ सारांश

हरेक जातिको आफ्नै सामाजिक संरचना र त्यसको जगमा निर्माण हुने सम्बन्धहरू हुन्छन् । सुरेल जातिको सामाजिक मूल्य र मान्यताहरू आफनै किसिमका छन् । उनीहरूको बसोबासको क्रमागत संरचना, परिवारको संरचना, थर-उपथर आफ्नै किसिमका छन् । उनीहरूभित्रको नाता साइनो र त्यसका लागि प्रयोग हुने शब्दहरू पनि मौलिक छन् । यद्यपि कतिपय शब्दहरू हिन्दुकृत पनि भएको पाइन्छ । सुरेल जातिको बासस्थान एकै ठाउँमा झुप्प परेको छ । केही घरहरू भने अलि छुट्टै-छुट्टै गरी पनि बनाइएको पाइन्छ । सुरेलहरूको मुख्य बसोबास साविकको सुरी गाउँ हो ।

सुरेलहरू आफूलाई बासे र वीरवलका सन्तान ठान्छन् । बासे र वीरवल ज्वाइँ थिए भने उनीहरू दुरबिचा र तुङ्कुचा थरका थिए । उनीहरू एकअर्काका कुटुम्ब पनि थिए । तुङ्किचाका थर विकास भएको देखिँदैन भने दुरबिचाअन्तर्गत ६ थरी रहेको देखिन्छ । सुरेल जातिमा नाता सम्बन्ध रगत र वंशको आधारमा छुट्याउने प्रचलन छ । कम्तिमा सात पुस्तासम्म बाबुतिरबाट विवाह वर्जित मानिन्छ । विवाहभित्र हाडनाता बाबुपट्टि बढी हेर्ने गरिन्छ अर्थात् नातासम्बन्ध राम्ररी केलाउने गरिन्छ । यस जातिमा अन्य केही हिमाली र पहाडी आदिवासी-जनजातिहरूले झैं फुपू-चेला र मामा-चेलाबाट वैवाहिक सम्बन्ध कायम गर्न निषेध छ । त्यसो भएकोले माइती-चेली र भान्जा-भान्जीसँगको सम्बन्ध असम्भप्रायः मानिन्छ । सुरेल जातिमा हिन्दु धर्म संस्कृतिको गहिरो प्रभाव परेको कारणले पनि त्यसको प्रभाव परेको देखिन्छ । ब्राम्हण क्षेत्रीकै जस्तो गरी बुहारीले सासू, नन्द र आमाजूलाई गोडामा शिर राखी ढोग्ने चलन छ । साथै लोग्नेलाई पनि गोडामा नै ढोग्ने चलन छ । पहिला-पहिला सुरेल जातिले अल्लोबाट बनेको *गादो* (धोक्रोजस्तो परेको कपडा) र लगौटी लगाउने गरेका थिए । महिलाहरूले पनि अल्लोबाट बनेका कपडा नै लगाउने गरेका थिए । तर अहिले अल्लोबाट बनेका कपडा लगाउने चलन छैन । अहिले पुरुषले दौरा, सुरुवाल, इस्टकोट, टोपी, गादो र कम्बरमा पटुका बाँध्ने गर्छन् ।

अध्याय ५

धार्मिक–सांस्कृतिक अनुष्ठान र चाडपर्व

५.० पृष्ठभूमि

सुरेल जातिको आफ्नै प्रकारको धर्म, धार्मिक अनुष्ठान एवम् परम्परा रहेको भए पनि अहिले उनीहरूमा आमूल परिवर्तन आएको देखिन्छ। धार्मिक एवम् सांस्कृतिक परम्परामा हिन्दु संस्कृतिको गहिरो प्रभाव परेको देखिन्छ। यद्यपि केही पूजाआजा एवम् चाडपर्वहरू मौलिक नै रहेको पनि देखिन्छ। यस अध्यायको खण्ड ५.१ मा सुरेल जातिको धर्म एवम् धार्मिक परम्पराका बारेमा चर्चा गरिनेछ।

५.१ धर्म

सुरेल जाति मूलतः प्रकृतिपूजक अर्थात् प्रकृतिवाद (animism) मा विश्वास राख्ने जाति हुन्। धर्मको नाम नै लिँदा खेरि चाहिँ किरात धर्म मान्ने गरेको बताउँछन्। तर हिन्दु धर्म र संस्कृतिको प्रभावका कारण उनीहरूको जीवनपद्दति नै हिन्दु दर्शनद्धारा निर्देशित देखिन्छ।

सुरेल जाति कहिलेदेखि हिन्दुकृत भए भन्ने विषयमा श्रेष्ठ (२०६७) लेख्छन् :

सुरेल जातिले परापूर्वकालदेखि किरात धर्म मानी आएकामा वि.सं. २००५ सालमा ढ्याङ्ग्रे सुरेल(अविरे सुरेलको बुबा) ले दिएको तामपत्रका आधारमा विष्णुप्रसाद न्यौपाने (लामीडाँडा गाविसको विसमुरे)द्धारा ब्राम्हण चलाइएको देखिन्छ।

यो सूचनालाई आधार मान्ने हो भने सुरेल जातिमा वि.सं. २००५ सालदेखि

व्यवस्थित रुपले हिन्दु धर्म र संस्कृतिले गाँजेको देखिन्छ। हाल आएर हेर्दा अधिकांश उनीहरूको रीतिरिवाज धर्मकर्म ब्राम्हण क्षेत्रीले झैं अपनाएको देखिन्छ।

सुरेल जातिहरूमा अवशेषका रुपमा प्रकृतिपूजक हुन् भन्ने कुरा अहिले पनि भूमेको पूजा गर्छन्। भूमे पूज गर्ने अद्यावधि चलनले भूमि (माटो) र लाकुरी रुखको फेंद जरुरी हुन्छ। साथै उनीहरूले पितृको सम्मान गर्ने पनि गरेको पाइन्छ। अहिले पनि उनीहरूले जुनसुकै कार्जोमा 'किकि पूर्ण'का नाममा चढाउने गर्दछन्।

५.२. धार्मिक एवम् सांस्कृतिक अनुष्ठान

सुरेल जातिमा अद्यावधि रहेको धार्मिक एवम् सांस्कृतिक अनुष्ठान रहेका छन्। अद्यावधि मौलिक मानिने केही धार्मिक एवम् सांस्कृतिक अनुष्ठानका बारेमा यस खण्डमा छलफल गरिएको छ।

५.२.१ भूमे पूजा

भूमे पूजा भूमिसँग सम्बन्धित पूजा हो। आम आदिवासीहरूले प्रकृतिको पूजा र पितृलाई सम्मानभाव व्यक्त गर्ने गर्छन्। खासगरी भूमिको पूजामा भूमिबाट प्राप्त अन्नपानी आदिका लागि अनुगृहित हुँदै गरिने पूजा हो। यो वर्षमा दुईचोटि गर्ने चलन रहेको पाइन्छ। एकचोटि अन्नबाली भित्र्याउने बेला र अर्कोपटक अन्नबाली छरपाउ गर्ने बेला गर्ने चलन छ।

सुरेल जातिमा पनि भूमे पूजा गर्ने चलन छ। सुरेल जातिले मान्ने भूमेथान साविकको सुरी गाविस वडा नं. ७ र हालको गौरीशङ्कर गाउँपालिकाको वडा नं. ५ को सुरेल बस्तीकै बिच भागमा रहेको छ। उक्त स्थानमा लाँकुरीको रुख रहेको छ। यो लाँकुरीको रुख सुरेलका पूर्वजहरूले प्रड (कबोलेर) रोपेको भन्ने भनाइ छ।

भूमेथानमा सुरेल जातिले वर्षमा दुईचोटी गर्ने चलन छ। जेठ महिनामा उँभौली र कात्तिक महिनामा उँधौली गर्ने चलन रहँदै आएको छ। अन्नबाली रोपिसकेपछि गरिने उँभौलीमा भूमिलाई राम्रो बालीनाली होस्, सुब्बेफाब्बे होस्, अन्नबालीमा कुनै रोगब्याधी नलागोस्, चरा मुसा नलागोस्, दैवी विपत्ति नलागोस्, सहकाल आइदेओस् भनेर पुकारा गर्ने चलन छ। त्यसैगरी उँधौलीको बेलामा बाली उठाउने समयमा पनि भूमेथानमा नयाँ अन्नबाली

चढाउँदै राम्रो अन्नबाली भयो, कुनै विपत्ति आइलागेन, राम्रो भयो भनी भूमिसँग अनुगृहित हुने प्रचलन छ।

तस्बिर ५.१: सुरेलहरूको भूमेथान

तस्बिर ५.२: सुरेलहरूको भूमेथान

भूमे पूजा गर्ने समयमा सबभन्दा पहिले *तुङ्कुचा* जानुपर्छ। तुङ्कुचाको काम भूमेथानमा

गई सरसफाइ गर्ने हो। उसले लोक्सिप (तितेपाती) ले सफा गर्ने, लिपपोत आदि गर्ने गर्नुपर्छ। बेलामा २४ वटा पातको दुना (आजभोलि डबका)मा जाँड राखी त्यसमाथि टोटलाको फूल राखिन्छ। त्यसपछि २४ वटा चराको मासु राखी आफ्नै भाषाबाट बलपुकारा मागी पूजा गरिन्छ। पहिला-पहिला त २४ थरीकै चराको मासु चाहिने भए पनि यो चलन हराउँदै गएको छ। यसबेला प्रत्येक घरधुरीबाट कोदो र गहुँको जाँड एक/उक पाथी र बासेको भाले एक-एक वटा ल्याई उक्त स्थानमा ल्याइन्छ।

भूमे पूजा नाक्सोले मात्र गर्नुपर्ने मान्यता रहिआएको छ। नाक्सोभन्दा पनि झाँक्रीले भूमे पूजा गर्नुपर्ने भएपनि विगत ३० वर्षयता धामीझाँक्री नभएपछि नाक्सोले त्यो भूमिका निर्वाह गर्दै आइरहेको पाइन्छ। भूमे पूजा राँगा काटिँदैन, बरु २४ माना पिठो, २४ वटा कुखुराको अण्डा र २४ वटा चराको मासु भने अनिवार्यजस्तै चाहिन्छ। भूमेथानमा त्रिशुल पनि चढाउने गरिन्छ। भूमे पूजा गर्ने नाक्सोले पूजा गर्दा निम्नानुसारले पुकारा गर्ने चलन रहेको छ।

परमेश्वरी सेतीवुमे इकाली, उँधौली, उँभौली
बुझेस्यौनामी गेसो नाकी
चर्चामायौ, धोक्के जोसो
मापेसौं, रोगक्कास्य हरान पाउ

(स्रोतः मानवीर सुरेल, ६१ वर्ष, नाक्सो)

सुरेल जातिको मुख्य पेशा कृषि नै भएकोले उनीहरूको भूमिमाथिको सम्बन्ध गहिरो छ। भूमिलाई सर्वेसर्वा मान्ने भएकाले भूमे पूजाको विशेष महत्व रहँदै आएको छ।

५.२.२ **चन पूजा**

भूमे पूजापछि निकै महत्वपूर्ण सांस्कृतिक अनुष्ठानका रुपमा चन पूजालाई लिने गरिन्छ। चन पूजा सुरी गाउँमा रहेको विष्णेश्वरी विद्यालयको अलिपर गैरामा सातवटा ढुङ्गालाई आराधनास्थलका रुपमा स्थापित गरेर चन पूजा गर्ने चलन छ। चाङ शब्दबाट अपभ्रंश भई चन हुन पुगेको देखिन्छ। *चाङ* शब्दको अर्थ 'सात' हुने गर्दछ।

ढुङ्गामा स्याउली गाडेर काँचो धागोले बाँधी त्यसको फेंदमा पिठोको रेखी

हालिन्छ। रेखी हाल्दा सातवटा कोठा बनाइन्छ। प्रत्येक कोठामा सातु (मकै, गहुँ, चामल) को सोल्मा बनाइन्छ। त्यो सोल्मा कोठामा राखिन्छ। ७ वटा कुखुराको अण्डा, ७ वटा कुखुरा, सात वटा चरा, चिन्डो र २ वटा तार्काताकी (बासेको भाले) भाले चाहिन्छ। कुखुराबाहेक अन्यलाई ७ कोठामा राखिन्छ। पूजारीले पुकार्दै भन्छ :

नाचङ्गेलई गेलेबो, ओखरबोटे गेलेबो

पुच्छारखर्कको गेलेबो, मस्दिङपिके गेलेबो

कोक्सुराइला गेलेबो, टुनला गेलेबो

ओखेराला गेलेबो.....

(स्रोतः मानवीर सुरेल, ६१ वर्ष, नाक्सो)

माथिको पुकारा भन्दै गर्दा चिन्डोको जाँड छर्किंदै ७ वटै अण्डा फुटाउँछन् भने ७ वटै कुखुरा काट्छन्। फुटाएको अण्डाको आधारमा भविष्यवाणी गर्ने गरिन्छ। यसबेला सुरेलका प्रत्येक घरधुरीबाट एक-एक वटा भाले ल्याउनुपर्ने अनिवार्यजस्तै ठानिन्छ। कुखुराको मुन्टो बटारेर भोग दिइन्छ भने फुटाइएको अण्डाको एउटै बाबर रोटी बनाएर प्रसादका रुपमा वितरण गरिन्छ। उपस्थित सबैले प्रसादका रुपमा ग्रहण गर्छन्।

५.२.३ बम्बू कुल अर्थात् थानी पूजा

सुरेल जातिको घरमा कुलपितृ राख्ने चलन छ। यो कुल पितृ र पूर्वजको सम्मानार्थ राख्ने चलन रहेको भनाइ छ। यो कुलपितृलाई 'बम्बु कुल' भन्ने गरिन्छ। सुरेल जातिहरू सिमङ्गढी हुँदै आएको भन्ने गर्छन्। उतैबाट आउँदा 'बम्बु कुल'लाई पनि साथमै लिएर आएको विश्वास गर्छन्। भूमे पूजा सामूहिक स्वामित्वमा गरिन्छ भने थानी पूजा प्रत्येक घरघरमा गर्ने चलन छ।

थानी पूजा खासगरी नयाँ अन्न बाली भित्र्याउँदा र अन्य घरका विशेष पर्वहरूमा गर्ने चलन छ। थानीलाई नचढाइ खान नहुने मान्यता छ। यसको पूजा गर्दा भाकल गरेअनुसार बोका, पाठी, माछा, कुखुरा, चरा, परेवा आदिको बली दिने पनि चलन छ। थानीको पूजा नाक्सोले धूप धुवाँर र बत्ती बाली गर्ने गर्दछ भने नयाँ अन्नबाली पनि चढाउँछन्।

पूजाआजा सम्पन्न भएपछि सहोदर दाजुभाइ र छरछिमेक बोलाइ भोज खाने गर्छन्। यस अवसरमा सुखदुःखका कुरा पनि आमोदप्रमोद गर्छन्। खाना खानुभन्दा पहिले पाकेको खानेकुरा समेत थानीलाई चढाउने गर्दछन्।

५.२.४ दोक्री

यस जातिमा धामीलाई कुल चढेको बेला दोक्री बुझाउने गरिन्छ। धामीलाई कम्पन छुटेपछि आँगनको बिचमा कटुसको खाँबा गाडी फेदमा लिपी त्यस ठाउँमा चोखो जाँड चिन्डोमा राख्नुपर्छ। दोक्री बुझाउने बेलामा राँगा पनि चाहिन्छ।

बन्दोबस्त गरिएको राँगा खाँबामा बाँधी धामीले आफूले प्रयोग गर्ने धनुषवाणले राँगाको फोक्सोमा लाग्ने गरी हानेर मार्नुपर्छ। यसरी मारिएको राँगाको मासु विभिन्न परिकारमा तयार गरी सम्पूर्ण सुरेल परिवार बसी जाँड र राँगाको मासु खान्छन्। त्यसपछि राँगाको टाउको समाई झाँक्री नाच्दछ र अन्य व्यक्ति भोज खाई रमाइलो गर्दछन्। यसलाई सुप्सिर पनि भनिन्छ।

दोक्री बुझाउने कार्य अग्रज र आर्थिक हैसियत राम्रो भएकाले गर्ने गर्दछ। अहिले यो प्रचलन हराउँदै गएको छ भने पहिला-पहिला प्रयोग गरिने गरिएको एउटा वाण हाल अम्मरबहादुर सुरेलसँग सुरक्षित रहेको जानकारी प्राप्त भयो।

५.२.५ इवि

सुरेल जातिले इवि पनि बुझाउने गर्दछ। साविकको सुरी गाविस वडा. नं. ५ हाल गौरीशङ्कर गाउँपालिका वडा नं. ५ मा इविथान भन्ने स्थान छ। इवि बुझाउने दिन सुरेलहरू बिहान चरा मार्न जान्छन्। मारेर ल्याएका चराहरू इविथानमा जाँडको घैंटासँगै राखिन्छ भने त्यसरी राखिएका सामग्रीलाई विधिवत रुपमा झाँक्रीले घैंटाबाट अमृसोले जाँड छर्किदै उनीहरूको भाषाबाट बलपुकारा मागिन्छ। इवि बुझाउँदा झाँक्रीले अम्रिसोको *गुवा* (टुप्पा) को मालाजस्तो बनाई फेटा बाँधी धामी पनि नाच्दछ। इवि बुझाउने कार्य सकिएपछि मारेर ल्याइएका चराहरू पकाई जाँडसँग रमाइलो मानी खाने गर्छन्। यो कार्यले उनीहरूको सिकार युगसँगको ऐतिहासिक सम्बन्ध र परम्परालाई बुझाउँदछ, जसलाई उनीहरूले अद्यावधि निरन्तरता दिँदै

आएको देखिन्छ।

५.२.६ अन्य चाडपर्व र अनुष्ठान

सुरेल जातिहरूमा हिन्दु धर्म र संस्कृतिको गहिरो प्रभाव परेको कारणले दशैं र तिहारजस्ता चाडबाड मान्छन् भने यसका साथै अन्य केही मौलिकजस्ता लाग्ने माघे वा साउने संक्रान्ति पनि मान्दछन्। सुरी र खारीको दोभानमा एकादशीको बेला तोरण टाँग्ने, ग्रहणका बेला एकादशीमा नुहाउने आदि गर्दछन्। त्यस्तै तिनेखु महादेवमा देवलाङ्गे पूर्णिमाका बेलामा नाचगान लगाउने आदि गर्छन्। माघे संक्रान्तिका बेला जात्राहरू लाग्ने र यस्ता जात्राका बेला शक्तिपिठहरूमा गई पूजाआजा गर्ने गर्छन्। सुरेल महिलाहरूले तीज पनि मान्दछन्। तीजका बेला शिवजीका मन्दिरहरूमा गई पूजा गर्ने गर्छन्। दोलखा भीमसेन, कालिन्चोक भगवती आदि ठाउँमा गई पूजाआजा गर्ने चलन अद्यावधि रही आएको छ।

५.३ सारांश

सुरेल जातिको आफ्नै मौलिक धर्म एवम् सांस्कृतिक अनुष्ठान रहेको पाइन्छ। यद्यपि ती मौलिक र परम्परागत सांस्कृतिक मूल्य र मान्यताहरू हिन्दु धर्म र संस्कृतिको हस्तक्षेपका कारण बिटुलो हुँदै गएको छ। मूलतः सुरेल जातिहरू प्रकृतिपूजक र पितृपूजक नै हुन्। यो कुरा उनीहरूले अहिले पनि गर्ने केही मौलिक सांस्कृतिक अनुष्ठानहरूले प्रष्ट्याउँछ। आम आदिवासीहरूले गर्ने भूमे पूजा उँधौली र उँभौली गर्ने गर्छन्। त्यसैगरी चन पूजा, थानी पूजा, इवि बुझाउने, दोक्री बुझाउनेजस्ता केही सांस्कृतिक अनुष्ठानले पुष्टि गर्दछ। तर सुरेल जातिले वि.सं. २००५ सालमा द्याङ्गे सुरेल (अविरे सुरेलको बुबा) तामपत्रमा अबउप्रान्त ब्राम्हण चलाउनु भन्ने कुराले सुरेल जातिलाई हिन्दुकरण गरिएको देखिन्छ। त्यसैकारणले चुडाकर्म र ब्रतबन्ध आदि पनि सुरेल जातिमा प्रचलनमा आयो।

अध्याय ६

जीवन चक्रीय संस्कार

६.० पृष्ठभूमि

मानिस मरणशील प्राणी हो। कुनै पनि व्यक्ति समाजमा जन्मिएपछि उसको सामाजिकीकरण प्रकृया सुरु हुन्छ। जन्मेदेखि मृत्युपर्यन्तसम्म सामाजिक मूल्य र मान्यतामा आधारित संस्कार र संस्कृतिले पछ्याइरहन्छ। हरेक जातिको आ-आफ्नै प्रकारका जीवन चक्रीय संस्कारहरू रहेका छन्। सुरेल जातिको जन्म संस्कारको बारेमा खण्ड ५.१ मा छलफल गरिएको छ। खण्ड ५.२ न्वारानको बारेमा चर्चा गरिएको छ। पास्नीको बारेमा खण्ड ५.३ मा उल्लेख गरिएको छ भने छेवर र गुन्यूचोलीको बारेमा खण्ड ५.४ मा छलफल गरिएको छ। विवाह संस्कारको बारेमा खण्ड ५.५ मा परिचर्चा गरिएको छ भने अध्यायको सारांशलाई खण्ड ५.७ मा समावेश गरिएको छ।

६.१ जन्म

सुरेल जातिमा बच्चा गर्भमा आइसकेपछि बार्ने चलन देखिँदैन। बच्चालाई घरमा नै जन्म दिइन्छ। माइती घरमा बच्चालाई जन्म दिने प्रचलन पाइँदैन। बच्चा जन्मिने अवस्था भए पछि गाउँघरकै अनुभवी र जान्ने महिलाहरूबाट हेरचाह गर्ने गराउने गरिन्छ र तिनै सुँडेनीहरूबाट बच्चा जन्माउनका लागि सहयोग लिइन्छ। आफ्नै परम्परागत ज्ञान र विधि प्रयोग गर्दै आइरहेका सुरेल जातिले आजभोलि स्वास्थ्यकर्मीसँग प्रसूतिसम्बन्धी सरसल्लाह लिने गर्छन्। अहिले सुरीमा नै स्वास्थ्य केन्द्र रहेको छ।

बच्चा जन्मिन बित्तिकै सालनाल काटिदिने र हावा नलाग्ने ठाउँमा पराल वा

छ्वालीमाथि कपडामा बेरेर राखिन्छ। न्वारान नहुञ्जेल बच्चा र बच्चाको आमालाई छुट्टै राखिन्छ। न्वारान हुने दिन बिहान घर सफासुग्घर राख्ने र लिपपोत गर्ने चलन छ। त्यसैगरी उक्त दिन आमालाई पनि नुहाइ धुवाइ गरिदिएर सुनपानीले छर्किदिने चलन छ। न्वारान नगरुन्जेल कुनै पनि शुभकार्य, खेतीपाती आदि कार्य गर्न वर्जित मानिन्छ।

६.२ न्वारान

न्वारानलाई जन्मपछिको दोस्रो संस्कार मानिन्छ। न्वारानका बेला पहिले-पहिले झाँक्रीले चोख्याउने गर्ने गरेको भए पनि आजभोलि यो परम्परा हराउँदै गएको छ। विशेषगरी हिन्दु संस्कृतिको प्रभावका कारण खसआर्यले गर्ने संस्कारका विधिहरू प्रयोग गर्ने गरेको देखिन्छ[३] । बच्चा जन्मिएपछिको संस्कारलाई सुरेल जातिले *'घासिंगे'* भन्छन्। घासिंगे भनिए पनि सम्पूर्ण विधिविधान ब्राम्हण पुरोहितमा केन्द्रित हुन्छ। घासिंगे नगरुन्जेल सुत्केरी चोखिएको मानिँदैन। गाईको गहुँत छर्किएर सुत्केरी चोख्याइन्छ।

बच्चा जन्मिएपश्चात सुत्केरीको अभिभावक पुरोहितकोमा जाने गर्छन्। बार, तिथि, घडी, पला आदि बताएपछि त्यसैका आधारमा पुरोहितले नाम जुराइदिन्छन्। त्यसैले सुरेल जातिमा कसैको नाम पनि सुरेल भाषामा रहेको पाइँदैन। पहिलो नामपछि अधिकांश पुरुषको दोस्रो हिन्दु संस्कारकै प्रभाव परे पनि छैंटी गर्ने चलन भने पाइँदैन।

सुरेल जातिमा छोरी जन्मिए ५ दिन र छोरा जन्मिए ७ दिनमा न्वारान गर्ने चलन छ[४] ।

६.३ पास्नी

सुरेल जातिमा बच्चा जन्मिएको ६ महिना पुगेपछि छोराको र ५ महिना पुगेपछि छोरीको पास्नी गर्ने चलन छ। पास्नी पनि ब्राम्हण पुरोहितद्धारा नै गराइन्छ।

---

३ वि.सं. १९९२ सालमा लापिलाङ गाविस विसमुरेका विष्णुप्रसाद न्यौपानेका बुबा (निसान) ले ब्राम्हण (बाहुन वाची) चलाएपछि हिन्दु संस्कारअनुसार न्वारान गरिने प्रथाको थालनी भएको पाइन्छ भने थोरैको गहुँत मन्तरेर छर्केपछि शुद्ध गर्ने प्रचलन आएको देखिन्छ (श्रेष्ठ, २०६७:५७) ।

४ स्थलगत अध्ययनका क्रममा तीर्थबहादुर सुरेल (५९ वर्ष) सँग कुराकानी गर्दा माथिका कुरा बताए पनि श्रेष्ठ (२०६७) ले भने छोराको जन्म भयो भने ११ वा २२ दिनमा र छोरीको जन्म भए ३,५ वा ७ दिनमा न्वारान गर्ने गरेको कुरा उल्लेख गरेका छन् ।

पास्नीको बेलामा दर-दाजुभाइ र आफन्त भेला भई बच्चालाई अक्षेताको टीका लगाई आशिष दिने चलन छ। सबभन्दा पहिले आमाबाबुको हातबाट नै टीका लगाईदिई आशीर्वाद दिने गरिन्छ। बच्चालाई अन्न खुवाउँदा पुरानो ढ्याके (डबली) पैसाले खुवाउने चलन छ। बच्चालाई खुवाउने कार्य सम्पन्न भइसकेपछि आमन्त्रित इष्टमित्रहरूलाई भोजका रुपमा तयार गरिएको मासुको प्रकार, रक्सी, चिउरा आदि प्रदान गरिन्छ।

६.४. छेवर र गुन्यूचोली[५]

हिन्दु संस्कृतिमा रहेको चुडाकर्म वा व्रतबन्धजस्तो कर्मका रुपमा छेवरलाई लिने गरिन्छ। छोराको लागि छेवर गरिन्छ भने छोरीका लागि गुन्यूचोली दिने चलन छ। छेवर नगरेसम्म कपाल काट्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ भने विवाह आदि कर्मका लागि छोराको लागि छेवर र छोरीका लागि गुन्यूचोली कर्म सम्पन्न गरिसक्नुपर्ने मान्यता रही आएको छ। हिन्दुकृत भएको अधिकांश सुरेलहरूको नाम पनि खसआर्यले बोल्ने नेपाली भाषामा रहेको छ। श्रेष्ठ (२०६७)ले लेखेका छन् :

वि.सं. १९९२ सालमा ब्राम्हण चलाउँदा निसानप्रसाद न्यौपानेले गजे सुरेल, कलु सुरेल, कतुवा सुरेल, विरुल सुरेल, पूर्ण सुरेल, जाप्पे सुरेल, टापुले सुरेल, पिटौरे सुरेल, ढ्याङ्ग्रे सुरेल, मण्डाई सुरेल, महावीरे सुरेल, दार्लिङ्गे सुरेल, गोरे सुरेल, विदुर सुरेल, छोनो सुरेल, फक्ताई सुरेल, अबिरे सुरेल, लादाङ सुरेल, टाडी सुरेल, बुधे सुरेल, चतुर सुरेल, गोत्मे सुरेल, गजबले सुरेल, जसु सुरेल, जिम्बु सुरेल, बिण्डेली सुरेल आदिको ब्राम्हण विधिअनुसार ब्रतबन्ध गरिएको थियो।

हाल आएर उनीहरू आफ्नै मौलिक संस्कारको खोजी र संस्कारलाई पुर्नजीवित तुल्याउन लागेको कुरा सुरेल उत्थान संघका अध्यक्ष सुवास सुरेलले बताए।

६.५ विवाह

विवाहलाई निकै महत्वपूर्ण जीवन कर्मका रुपमा लिने गरिन्छ। विवाहले मानव

५ श्रेष्ठ (२०६७)ले सुरेल जातिमा ब्रतबन्ध (चुडा कर्म) रहेको कुरा उल्लेख गरेका छन् । तर हामीलाई दिइएको सूचनामा चुडाकर्म (ब्रतबन्ध) नभई छोराको हकमा छेवर गरिदिने र छोरीको हकमा गुन्यूचोली दिने सूचना प्राप्त गर्‍यौं । उनले सुरेल जातिमा हुने चुडाकर्म (ब्रतबन्ध) ब्राम्हण परम्परअनुसार ज्योतिषले जुराई दिने, कपला खौरिदिने र बटुकलाई मृगको छाला तथा भ्कोलातुम्बी भिर्न लगाई गर्ने कुरा उल्लेख गरेका छन् ।

सृष्टिको निरन्तरतालाई कायम गर्दछ। विवाहले सामाजिक वैद्यता प्रदान गर्दछ। विवाह विपरित लिङ्गीहरूका बिचमा हुने गर्दछ।

वैवाहिक सम्बन्ध कायम गर्ने हरेक समुदायमा आ-आफ्नै प्रकृया र विधि हुने गर्दछ। किनभने हरेक समुदायमा विवाहमा वैद्यता प्राप्त गर्नका लागि केही सामाजिक मूल्य र मान्यतालाई पूरा गर्नुपर्छ। सुरेल जातिमा मागी र भागी विवाह हुने गरेको पाइन्छ। तर केही समय अगाडिसम्म चोरी विवाह पनि प्रचलनमा थियो। अहिले चोरी विवाहको प्रचलन हराइसकेको छ।

क) मागी विवाह

सामान्यतया सुरेल जातिले आफ्नै जातिभित्र नै विवाह गर्दछन्। आफ्नै जातिभित्र विवाह गर्ने परम्परालाई प्रश्रय दिन्छन्। मागी विवाहका लागि उमेर पुगेका केटा पक्षका अभिभावकसमक्ष केटी माग्ने कार्य हुन्छ।

सुरेल जातिमा फुपूचेला, मामाचेलीमाबिच विवाह हुने चलन छैन। हिन्दु संस्कारका कारणले पञ्चेबाजा बजाई विवाह हुने गरेको पाइन्छ[६]। विवाहका बेला ब्राम्हण नै प्रयोग गर्ने गरिएको पाइन्छ। जग्गे राख्ने चलन पनि देखिन्छ। बरबधूका अभिभावकद्धारा आपसमा उपहार साटासाट गरी विवाह सम्पन्न गरिन्छ। यस जातिमा बहुविवाह गर्ने चलन पनि छ।

विवाहको प्रसंगमा अविरे सुरेलको भनाइलाई उल्लेख गर्दै यस जातिबारे मधुसूदन आचार्य (२०६३) ले भनेका छन्, 'सुरेल जातिको स्वास्नीले बाबुआमालाई रक्सीको घैटो र केही रकम राखी दिनुपर्ने हुन्छ। स्वास्नी पोइला गएको लोग्नेले एक सयदेखि एक हजार रुपैयाँसम्म जारी उठाउने परम्परा छ।'

पहिलो पटक केटी माग्न जाँदा सामान्य कुराकानी हुन्छ । यसरी पहिलोपटक ससुराली जाँदा सगुनस्वरुप रक्सी लिएर अनिवार्य हुँदैन। किनभने पहिलो पटक फुको कुरा मात्रै हुन्छ। दोस्रो पटक कुरा गर्न जाँदा दुई बोतल रक्सी अनिवार्य लिएर जानुपर्छ। यसरी सगुनस्वरुप लिएर गएको रक्सी केटी पक्षले स्वीकार गरी ग्रहण गऱ्यो भने केटी दिएको भन्ने बुझिन्छ। यदि रक्सी लिन

६ स्थलगत अध्ययनको क्रममा तीर्थबहादुर सुरेलले पन्चेबाजा बजाएर विवाह गर्ने कुराले सुरेल जातिलाई नफापेकाले पन्चेबाजाको प्रयोगलाई निरुत्साहित गरिएको कुरा हामीलाई बताए ।

मानेनन् भने केटी नदिएको भनेर बुझ्नु पर्नेहुन्छ। त्यसपछि भने केटाकेटीको बिच विवाहको शुभकार्य प्रारम्भ हुन्छ। विवाहका लागि कसै-कसैले ब्राम्हणबाट साइत जुराउने गरेको भए पनि कसैले ब्राम्हण नबोलाई बिहेको लगन छोपेर दिन तय गर्दछन्। पहिले पहिले बालविवाह हुने गरेको भए पनि विवाहको उमेरमा राज्यले तोकेकै उमेर समूहलाई आधार मान्ने गर्छन्।

माथि उल्लेख भएअनुसार खस-आर्य संस्कृतिको प्रभाव परेको कारण विवाहका दिन दुलहासहित केटीका घरमा जन्ती जान्छन्। सुरेल बुढापाकाहरूले पहिल पहिले दुलहीको घरमा दुलहाका तर्फबाट छुट्टै जगिया बनाउने चलन भए पनि अहिले हराएको बताउँछन्।

विवाहमा दुलहीको घरमा मण्डप बनाउने प्रचलनसमेत रहेकामा हालका दिनमा भने त्यस्तो किसिमको प्रचलन रहेको देखिँदैन। विवाहमा केटीको घरमा विवाह मण्डप बनाउने र त्यस्तो मण्डपमा तोरण तथा ध्वजापताका आदि टाँग्ने गरिन्छ। ब्राम्हण क्षेत्रीले भैं सिन्दूर हाल्ने, साइमुन्द्रो खसाल्ने आदि गरिन्छ। सिन्दूर हाल्दा दुलहीको सिउँदोमाथि सेतो कपडा टाँगेर ७ पटकसम्म हालिन्छ। अनि उक्त कपडामा नै सुर्केनी गाँठो पारिन्छ, जसलाई लगनगाँठो भनिन्छ। यस जातिमा पनि गोडा धुने, जल खाने, कन्यादान दिने र दाइजोसमेत दिने प्रचलन छ। विवाह भएको ३ दिन, ५ दिन वा १६ दिनमा दुरन फर्काउने चलन छ। यसरी दुरन फर्काउदा सेल रोटी, रक्सी लिएर जाने प्रचलन छ।

बिहे गरेको सालको पहिलो दशैंमा केटाका तर्फबाट टीका लगाउन ससुराली जाँदा खसी लिएर जाने प्रचलन छ। तर दशैं कात्तिक महिनामा परे टीकाटाला नहुने मान्यता रहको छ भने ससुराली जानै वर्जित गरिँदैन।

ख) भागी विवाह

भागी विवाह केटा र केटीबिच मिलेमतो भए पछि केटीपक्षले विवाह रोक्ने संभावना रहेको बेला भागी विवाह गर्ने चलन छ। यसरी भागेर विवाह गरे पनि सामाजिक मान्यता प्रदान गर्नका लागि पुनः विवाहका हरेक रीत पूरा गर्नुपर्ने हुन्छ।

६.६ मृत्यु

मानिस मरणशील प्राणी हो । जन्मेपछि एक दिन मर्नै पर्छ । मृतक व्यक्तिका लागि जे जति कार्य गरिन्छ, त्यो नै मृत्यु संस्कार हो । प्रत्येक जातजातिको मृत्यु संस्कार आ-आफ्नै प्रकारको हुन्छ ।

सुरेल जातिको कोही व्यक्तिको मृत्यु भएपछि उसको शवलाई घरबाहिर निकाली पिँढीको दाहिनेपट्टि गुन्द्रीमा राखिन्छ । मृतकको घरमा तत्कालै गाईको गोबरले लिपपोत गरिन्छ । शवलाई पनि नुहाइ धुवाइ गरी नयाँ कपडाले फेरिदिने चलन छ । साथै मृतकको मुखमा ढ्याके पैसा राखिदिइन्छ ।

सानो-सानो बालबालिका (१० वर्षभन्दा कम उमेरका) लाई गाड्ने प्रचलन छ । तर त्यसभन्दा माथि उमेरको कोही मृतक भए जलाउने चलन छ । आदिवासीको गाड्ने चलन भए पनि जलाउने प्रचलन चाहिँ हिन्दु संस्कारबाट सिकेको भान हुन्छ ।

सुरेल बुढापाकाहरूले भनेअनुसार धेरै पहिले लाश पोल्ने दुई जना हुन्थे भने किरिया नाक्सोले गरिदिन्थे । मृतकको घरमा गच्छेअनुसार चामल वा कोदोको जाँड पकाई बाख्रा काटी घेवा गर्नुपर्थ्यो भने लाश पोल्ने दुई जनालाई चाहिँ आँगनमा पूर्व फर्काई बाख्राको टाउको सिँगै बाँडेर खाने गरी दिइन्थ्यो । त्यसबेला उनीहरूलाई भरपुर खानेकुरा दिनुपर्दथ्यो ।

सुरेलहरूले पहिले-पहिले अरुले पकाएको पनि खाने गर्दथे । तर आजभोलि काजकिरिया गर्दा किरियापुत्री भकारीले कोरा बारेर धागोले घेरी बस्छन् । यसरी किरिया बस्दा छोरा, बुहारी अलग-अलग बस्ने गर्छन् । छोराले पँधेरामा आफैं पकाएर एक छाक खाने र बुहारीले पनि पँधेरामा एक छाक खाने गर्छन् । मृत्यु भएको १३ दिनपछि मात्र चोखिने गरिन्छ । किरियापुत्री बस्दा सेतो कपडा, लंगौटी, कोरा कपडा लगाउनुपर्छ । खाना पकाउनका लागि जुन दाउरा प्रयोग हुन्छ, किरिया बसुन्जेल त्यहीं नै प्रयोग गरिन्छ । घ्यू र भात, निम्बू, आलु, फलफूल खाने गरिन्छ ।

कोरो बारेर बसेको ठाउँ नजिकै बाँसको एउटा भाँडामा पानी भरी दूध आउने रुखमा झुन्ड्याएर राख्ने चलन छ । यसका साथै पँधेरामा ढिकुरोसमेत बनाउने गर्छन् । आजभोलि त काजकिरिया उतार्ने समेत ब्राम्हण नै प्रयोग गर्ने गरिन्छ ।

मौलिक संस्कार हराउनुका कारण सोधीखोजी गर्दा सुरेल जातिमा परम्परागत रुपले

गर्ने धामी झाँक्री नै जम्मा १ जना रहेको र ऊ पनि तल गुरुम्फीमा रहेको कुरा बताए।

सुरेलमा वर्षदिनसम्म नै बरखी बार्ने चलन रहेको पाइन्छ। त्यसो त वार्षिक श्राद्ध गर्नका लागि पनि ब्राम्हणलाई बोलाई गर्ने चलन छ। यस्तो श्राद्ध सोह्र श्राद्धको तिथिमा समेत पर्ने गर्दछ। तर हिन्दु संस्कारले नगाँजुन्जेल त बरखी पुगेपछि मान पास्यो (घेवा) नै गर्ने चलन रहेको थियो। यो बेला त गोरु नै काट्ने चलन थियो। तीर्थबहादुर सुरेलले दिएको सूचनाअनुसार वि.सं. २०१९ सालदेखि पूर्ण रुपले बाहुन प्रयोग गर्न थालेको बताए।

६.७ सारांश

हरेक जाति विशेषको जीवन चक्रीय संस्कार हुने गर्दछ। सुरेल जातिको जीवन र जगतलाई हेर्ने आफ्नै दृष्टिकोण छ। जन्मदेखि मृत्युसम्मको संस्कार हेर्दा उनीहरूको मौलिक संस्कारभन्दा हिन्दु संस्कारबाट प्रभावित भएको देखिन्छ। बच्चालाई जन्म दिनका लागि घरमै र प्राकृतिक रुपमा नै जन्म दिने कुरालाई राम्रो मान्छन्, तर आजभोलि आधुनिक उपचार पद्दतिका कारण स्वास्थ्य चौकी वा प्रसूति उपचार केन्द्रहरूमा जाने प्रचलन पनि रहेको छ। सुरेल जातिमा छोरी जन्मिए ५ दिन र छोरा जन्मिए ७ दिनमा न्वारान गर्ने चलन छ । सुरेल जातिमा बच्चा जन्मिएको ६ महिना पुगेपछि छोराको र ५ महिना पुगेपछि छोरीको पास्नी गर्ने चलन छ। पास्नी पनि ब्राम्हण पुरोहितद्धारा नै गराइन्छ। छोराको लागि छेवर गरिन्छ भने छोरीका लागि गुन्यूचोली दिने चलन छ। छेवर नगरेसम्म कपाल काट्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ भने विवाहआदि कर्मका लागि छोराको लागि छेवर र छोरीका लागि गुन्यूचोली कर्म सम्पन्न गरी सक्नुपर्ने मान्यता रही आएको छ। सुरेल जातिमा मागी र भागी विवाह हुने गरेको पाइन्छ। तर केही समय अगाडिसम्म चोरी विवाह पनि प्रचलनमा थियो, तर अहिले यो प्रचलन हराइसकेको छ। सुरेल जातिको कोही व्यक्तिको मृत्यु भएपछि उसको शवलाई घरबाहिर निकाली पिँढीको दाहिनेपट्टि गुन्द्रीमा राखिन्छ। मृतकको घरमा तत्कालै गाईको गोबरले लिपपोत गरिन्छ। शवलाई पनि नुहाइ धुवाइ गरी नयाँ कपडाले फेरिदिने चलन छ। साथै मृतकको मुखमा ढ्याके पैसा राखिदिइन्छ। सानो सानो बालबालिका (१० वर्षभन्दा कम उमेरका) लाई गाड्ने प्रचलन छ। त्यसभन्दा माथि उमेरको कोही मृतक भए जलाउने चलन छ। आम आदिवासीलाई गाड्ने चलन भए पनि जलाउने प्रचलन चाहिँ हिन्दु संस्कारबाट सिकेको भान हुन्छ।

अध्याय ७

आर्थिक तथा राजनैतिक परम्परा र अभ्यास

७.० रुपरेखा

कुनै पनि मुलुकको मेरुदण्ड उक्त मुलुकको आर्थिक व्यवस्था हो । नेपाल एक बहुजातीय मुलुक हो । नेपालको समृद्धि र विकास विविधतासहितका जातजातिहरूको आर्थिक समृद्धिसँग जोडिएको हुन्छ । त्यसैगरी अर्थतन्त्र राजनीतिसँग जोडिएको विषय पनि हो । त्यसैले समाज व्यवस्थामा अर्थराजनीतिको महत्वपूर्ण भूमिका हुने गर्दछ । खण्ड ७.१ मा परम्परागत आर्थिक प्रणालीका बारेमा छलफल गरिएको छ । वर्तमान अवस्थामा सुरेल जातिको अर्थप्रणालीका बारेमा खण्ड ७.२ मा परिचर्चा गरिएको छ भने खण्ड ७.३ मा भूस्वामित्वका बारेमा व्याख्या गरिएको छ । खण्ड ४.४ परम्परागत संस्थाका बारेमा छलफल गरिएको छ भने खण्ड ७.५ सामाजिक सुरक्षा भत्ता र प्रभावका बारेमा परिचर्चा गरिएको छ । त्यसैगरी परम्पारागत राजनैतिक प्रणालीका बारेमा खण्ड ७.६ मा विश्लेषण गरिएको छ भने यस अध्यायको सारांशलाई खण्ड ७.७ मा समावेश गरिएको छ ।

७.१ परम्परागत आर्थिक प्रणाली

सुरेलहरूको आफ्नै किपट भए पनि त्यो किपट बिस्तारै बिस्तारै गुम्दै गयो । यद्यपि उनीहरूसँग जग्गा जमिन अलिअलि बाँकी रहेको छ । जग्गा जमिनमा मात्र अहिले निर्भर रहन सक्ने स्थिति देखिँदैन । मुस्किलले ५ वा ६ महिनासम्मलाई मात्र खाना पुग्ने देखिन्छ । बाँकी महिना उनीहरू ज्याला मजदुरीजस्ता वैकल्पिक स्रोतमा निर्भर हुनुपर्छ ।

कृषि यस समुदायको जीविकोपार्जनको स्रोत कृषि नै हो। यसका अलावा पशुपालन, बाँसका सामग्री निर्माण गरेर बेचबिखन गर्ने र सिकार आदि विविध पेशा र आयआर्जनको स्रोत देखिन्छ। आलु खेती गर्नका लागि खाल्डो बनाउने परम्परा पनि लोप भइसकेको छ। परम्परागत विधिहरूमा समेत ह्रास आइसकेको छ। पहिला-पहिला सिकार खेल्ने प्रचलन रहेको भए पनि अहिले त्यस किसिमको परम्परा हराइसकेको छ।

बाँसबाट बन्ने नाङ्लो, डालो आदि आयआर्जनका स्रोत भए पनि अहिले यी सामग्री निर्माण गर्ने व्यक्ति पाइन छोड्यो। स्थलगत अध्ययनका क्रममा ७८ वर्षका खड्कबहादुर सुरेलसँग भेट हुँदा ऊ मात्र एक्लो नाङ्लो बुन्ने व्यक्ति रहेछन्। उनीपछि यो पेश गर्ने अर्को मानिस नपाइने स्थिति देखिन्छ।

बुरुम्फीमा झरेका सुरेलहरूले माछा मार्ने र बेचबिखन गरेर जिविकोपार्जन गर्ने गरेको पाइन्छ। यसका लागि जाल, पासो थाप्ने, दुवाली छेक्ने आदि गर्ने गरिन्छ। तर अहिले माछा मार्ने पेशा पनि संकटको संघारमा पुगिसकेको देखिन्छ। सुरी खोलामा साना तथा लघु जलविद्युतका आयोजनाहरू बन्न थालेका छन्।

अहिले सुरेलहरूले प्रमुख बालीका रुपमा धान, मकै, कोदो, गहुँ, जौं, फापरलगायत खेतीपाती गर्छन् भने सागसब्जीका रुपमा रायो, तोरी, मूला र फलफूलका रुपमा नासपती, कागती, अम्बा, सुन्तला आदिको खेती गर्ने गर्छन्। यसका लागि उन्नत बीऊ बिजनको प्रयोग नगरी स्थानीय बीऊ बिजन नै प्रयोग हुने गरेको छ। रासायनिक मलको सट्टामा गाई, गोरु, भैंसी, बाख्रा र कुखुरा आदिको मल प्रयोग गर्ने गरिन्छ। सिंचाइको अभावले गर्दा आकाशे खेती गर्ने चलन छ। अलि तल बेंसीमा भने पैनी चल्ने खेत छ, तर त्यसका लागि पनि पानी जम्मा गरेर खेती गर्नुपर्ने स्थिति देखिन्छ।

७.१.१ उत्पादन वितरण प्रणाली

अहिले पनि सुरेल गाउँमा ऐँचोपैँचो अर्थात् वस्तु साटसाट (barter system) गर्ने चलन अद्यावधि छ। आवश्यकताका आधारमा सामग्री साटासट गर्ने हो। यसका लागि कुनै बजार वा हाट पुग्नु जरुरी हुँदैन। तर व्यापारमा मुद्रा प्रणाली सुरु भएपछि यो प्रथा हट्दै गएको छ। अहिले बजारमा नै आवश्यक सामग्रीहरू किनबेच गर्ने प्रचलन बढ्दै गएको छ।

बाँसको सामग्रीबाट निर्माण हुने नाङ्लो वा डालो आदि भने सिंगटी र चरिकोटसम्म पुऱ्याएर बेच्ने प्रचलन रही आएकोमा अहिले यो पेशा पनि हराइसकेको छ।

तस्बिर ७.१: चोयाको डोको र गुन्द्री बनिरहेको

७.१.२ श्रम विभाजन

अ) परिवार

सीप, क्षमता र ज्ञानका आधारमा हरेक घरका सदस्यहरूले काममा सहभागिता जनाउँछन्। पहिले-पहिले मातृसतात्मक व्यवस्थामा एक प्रकारको थियो भने भने अहिले पुरुषप्रधान समाज बन्दै गएको देखिन्छ। शारीरिक श्रमका कार्यहरूमा पुरुषकै महत्वपूर्ण भूमिका हुने गरेको छ। विशेषगरी घरबाहिरका कार्यहरूमा पुरुषले नेतृत्व गरेको देखिन्छ। भीर मौरी, खेतीपाती, काठपात ल्याउने वा खोलामा माछा मार्ने, शिकार गर्ने आदिमा पुरुषकै मुख्य भूमिका हुने गरेको छ। घर व्यवस्थापनमा महिलाहरूको अग्रणी भूमिका देखिन्छ भने घाँस, दाउरा, गोठाला आदिमा भने सानासाना केटाकेटीहरूको सहभागिता हुने गर्दछ। अहिले भने साना साना नानीहरूलाई पठनपाठनका लागि विद्यालयमा पठाउने गरिन्छ।

आ) अर्मपर्म

समुदायगत रुपमा पनि श्रमविभाजन हुने गर्दछ। सुरेल समुदायले अद्यावधि बचाएर ल्याएको परम्परागत प्रथा अर्मपर्म पनि हो जसलाई उनीहरूले *मिलेख पर्म* भन्दछन्। यो पर्म विशेषगरी खेतीपाती लगाउने बेला, गोडमेल गर्ने र अन्नपात थन्क्याउने बेला अर्मपर्मको व्यवहार गर्दछन्।

अर्मपर्मका साथसाथै सापटी पनि यस समुदायमा प्रचलित छ। गाह्रो अप्ठेरोका बेला सापटी लिनेदिने गर्दछन्।

७.१.३ प्राकृतिक स्रोत साधनको मौलिक व्यवस्थापन

रैथाने थलोमा विविध किसिमका सांस्कृतिक परम्परा विद्यमान छन्। जैविक विविधता र प्राकृतिक स्रोत साधनको व्यवस्थापनका लागि स्थानीय ज्ञान र उपायहरू छन्। सुरी खोलामा दिसा, पिसाब गर्नु हुँदैन। सो कार्य गरे अशुभ हुने, नागले श्राप दिने कुरामा विश्वास गरिन्छ। त्यसैगरी कुकर ब्याएपछि अमला टिप्न नहुने जनविश्वास छ। कसैकसैले गुराँस फुलेपछि माछाका लागि दुवाली फर्काउन नहुने मान्यता राखेको हुन्छ। भूमे पूजाका दिन खेतीपाती गर्ने आदि गर्न नहुने विश्वास राखिन्छ। धर्तीलाई धेरै बोझ भयो, धर्तीलाई आराम गर्न दिनुपर्छ भन्ने मान्यता राखिन्छ। भूमेथान रुखको फेंदमा नै गर्ने चलन छ, यसले जङ्गलको सुरक्षा वा संरक्षण गर्नुपर्छ भन्ने अर्थ राख्छ। त्यसैले यो पनि आदिवास ज्ञानको आधारमा प्राकृतिक स्रोत साधनको मौलिक व्यवस्थापन वा तरिका हो।

आदिवासी ज्ञान, सीप र मान्यताहरू स्थापित हुनका लागि हजारौं वर्ष लागेको छ। खासगरी अनुभव, प्रयोग र परीक्षणद्धारा मात्र आदिवासी ज्ञान, सीप वा मूल्य मान्यताहरू स्थापित भएका छन्। त्यसैले उनीहरूको ज्ञान अनुभवसिद्ध छन्, प्रयोग सिद्ध छन् र परीक्षणबाट पनि सिद्ध छन्।

७.१.४ खाद्य सुरक्षा प्रणाली

मकैको बिरौलो उनीहरूको खाद्य सुरक्षाको एउटा उदाहरण हो। पिँडालुलाई जमिनमुनि गाडेर राख्नु पनि खाद्य सुरक्षा नै हो। सागलाई सुकाएर गुन्द्रुक या सिन्की बनाउने परम्परा पनि रही आएको छ, जुन खाद्य सुरक्षा प्रणाली

मानिन्छ। उनीहरूको खुर्सानी, कागती आदिको अचार बनाउनेजस्ता विधिहरू अपनाइन्छ।

७.२ वर्तमान अवस्थामा आर्थिक प्रणाली

नव उदारवादी अर्थतन्त्रको उदय भएपछि यसले निर्माण गरेको बजारीकरण र भूमण्डलीकरणले आदिवासी अर्थशास्त्र र अर्थप्रणाली नै तहसनहस हुन पुग्यो। बजार पूँजीले निर्माण गर्ने र नियन्त्रण गर्नेजस्ता दुवै गर्न थाल्यो।

सुरेल जातिहरू पनि भूमिसुधारको मारमा पर्दै आत्मनिर्भरताबाट बिस्तारै परनिर्भतामा पुग्न थाले। जैविक उत्पादनबाट रसायनिकतिर उन्मुख हुँदै गए। जैविक खानाबाट बिस्तारै 'जंक फुड' अर्थात् भूमण्डलीय बजारले उत्पादन गरेको खानेकुरातर्फ आकर्षित गरायो। दूध, दही, मोही आदिलाई फेन्टा, कोकाकोला, स्प्राइट आदिले विस्थापन गरेको छ। भुटेको मकै भटमासलाई चाउचाउले विस्थापन गर्दै लगेको छ।

७.३ भूस्वामित्व

सुरेल जातिको स्वामित्वमा रहेको कुनै बेलाको किपट अहिले खिइएर सीमित घेरामा बाँकी छन्। उनीहरू निरिहजस्ता बन्न पुगेका छन्। खासगरी खसआर्यहरूको प्रवेशसँगै उनीहरूको जग्गा जमिनहरू भालेकुद गर्दै हडप्न थाले। एक माना पिठोमा समेत जग्गा दिएका उदाहरणहरू स्थलगत अध्ययनका क्रममा फेला परे। सुके गह्रा पनि रहेछ- जसको अर्थ हो एक सुकामा जग्गा दिएको रहेछ।

२०६७ सालको लागत हेरेर श्रेष्ठ (२०६७) मा उल्लेख भएको विवरणलाई तालिकालाई तालिका ७.१ मा प्रस्तुत गरिएको छ।

तालिका ७.१: सुरेल जातिको नाममा रहेको जग्गाजमिनको विवरण

क्र.सं.	नाम थर	खेत	रोपनी	बारी	रोपनी
१	हर्कबहादुर सुरेल	२०५०	४.२	४०५०	७.९५
२	भरत सुरेल	१५४५	३.३	५३२५	१०.४६
३	टेकबहादुर सुरेल	६४४०	१२.६५	१४२०	२.७८

क्र.सं.	नाम थर	खेत	रोपनी	बारी	रोपनी
४	मानबहादुर सुरेल	-	-	१४९०	२.९२
५	लालबहादुर सुरेल	-	-	१८५५	३.६४
६	सन्चकुमारी सुरेल	३७६०	७.१९	१०६४०	२०.९
७	श्यामबहादुर सुरेल	-	-	१५९५	३.१३
८	सुसबहादुर सुरेल	-	-	८०९५	१५.९
९	कविराज सुरेल	-	-	३५६५	७
१०	रामबहादुर सुरेल	-	-	३४३०	६.३६
११	खड्गबहादुर सुरेल	-	-	८०९५	१५.
१२	धनबहादुर सुरेल	-	-	६५०	१.२७
१३	भगवती सुरेल	-	-	८९५	१.७५
१४	मंगली सुरेल	३७२०	७.३	११५२०	२२.७३
१५	सिमबहादुर सुरेल	२४४०	४.७९	३०६५	६.०२
१६	अमृतबहादुर सुरेल	३९३०	७.७२	९६७०	१८.८६
१७	सन्चकुमार सुरेल	१९५	०.३८	४३५५	८.५५
१८	अम्बरबहादुर सुरेल	-	-	८८६६	१७.४
१९	चक्रबहादुर सुरेल	-	-	१०४५	२.०५
२०	खड्गबहादुर सुरेल	-	-	३३३५	६.५५
२१	टीकामाया सुरेल	१६५०	३.२४	११९२०	२३.४१
२२	भीमबहादुर सुरेल	-	-	१४३०	२.८
२३	मानबहादुर सुरेल	-	-	९५१०	१८.६८
२४	जुन्कीमाया सुरेल	-	-	३८०५	७.४७
२५	हरिकुमारी सुरेल	४४३	०.८७	४९१०	९.६४
२६	मानवीर सुरेल	४४३	०.८७	३२७३	६.४३
२७	पृथी सुरेल	-	-	२२१५	४.३५

क्र.सं.	नाम थर	खेत	रोपनी	बारी	रोपनी
२८	डबल सुरेल	५८५	१.१४	२५१५	४.९४
२९	चित्रबहादुर सुरेल	२९५०	५.७९	७७९५	१५.३१
३०	भीमबहादुर सुरेल	-	-	१०६	०.२
३१	शिवबहादुर सुरेल	३६७५	७.२२	३३०५	६.४९
३२	कृष्णबहादुर सुरेल	३६५५	७.१८	२१२०	४.१६
	जम्मा	**३७४८१**	**७३.८४**	**१४५८५९**	**२८६.४**

७.४ सामाजिक सुरक्षा भत्ता र यसको प्रभाव

नेपाल सरकारले निश्चित मापदण्ड बनाई अल्पसङ्ख्यक जातिहरूका लागि सुरक्षा भत्ताको व्यवस्था गर्दै आइरहेको छ। यस क्रममा सुरेल समुदायले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आइरहेका छन्। पछिल्लो विवरणअनुसार झण्डै ३०० जनाको हाराहारीमा रहेका सुरेलका समुदायले मासिक चार हजार रुपैयाँ प्राप्त गर्दै आइरहेका छन्। *(नोटः अनुसन्धानक्रममा सुरेल समुदायले सामाजिक सुरक्षा भत्तास्वरुप मासिक तीन हजार रुपैयाँ प्राप्त गरिरहेका थिए ।)*

सुरेल समुदायलाई सामाजिक सुरक्षा भत्ताले निकै न सहज तुल्याएको कुरा उनीहरूले समूहगत छलफलका क्रममा बताए। विशेषगरी यो पैसाले औषधिमूलो, नून, भुटुन र अन्य घरायसी दैनिक उपभोग्य सामग्री खरिद गर्ने गरेका छन्। तर कुनै बचत गर्ने वा सहकारीको अवधारणामा भने गइसकेको देखिँदैन।

७.५ परम्परागत संस्था

सुरेल जातिको परम्परागत संस्थाका रुपमा 'नाक्सो' देखिन्छ। नाक्सोको काम मूलतः सामाजिक नेतृत्व गर्दछ। परम्परागत रुपमा पूजारीको भूमिकामा रहँदै आएको नाक्सोभन्दा अरुको ओहदा माथि हुँदैनन्। उनलाई सहयोग गर्ने काइस्ट हुने गर्दछ। उसको काम चाहिँ खासगरी भूमे पूजाको बेला आवश्यक सामग्रीहरू जुटाईदिने हुन्छ।

हाल मानवीर सुरेल नाक्सोका रुपमा रहेका छन्। उनले भूमे पूजाको नेतृत्व गर्दै आइरहेका छन्। उनको सामाजिक रुपमा उच्च सम्मान हुने गर्दछ। उनकै सम्धी

तीर्थबहादुर सुरेलले उनलाई सहयोग गर्दै आइरहेका छन् । नाक्सोको निर्देशनमा वनमा गएर २४ वटा चरा खोज्नुपर्ने हुन्छ । त्यसैगरी सामाजिक निर्णय लिने कुरामा पहिले-पहिले नाक्सोको भूमिका रहने गरेको भए पनि अहिले त्यस्तो केही देखिँदैन । जब डिठ्ठालाई न्यायनिसाफका लागि ल्याइसकेपछि सुरेल जातिमा परम्परागत न्यायप्रणाली नै हराएको देखिन्छ । केही घटना वा विवादहरू भए प्रहरी प्रशासनलाई गुहार्ने र न्यायका लागि समेत अदालत धाउने कार्यको अभ्यास पनि लामो भइसकेको छ ।

७.६ राजनैतिक तथा सामाजिक आन्दोलन

सुरेल जातिहरूको राजनैतिक एवम् सामाजिक रुपमा पहुँच पुगेको त देखिँदैन । तर उनीहरू लामो समयदेखि हिन्दु धर्म, संस्कृतिको प्रभावमा परेका कारणले उनीहरूमा मौलिक किसिमको मूल्य मान्यताहरू नै गुमिसकेका छन् । यतिसम्म कि हामीले स्थलगत अध्ययनका क्रममा पुग्दा केहीले त ब्रतबन्ध नै गर्ने गरेको कुरा खुलासा भयो । यसले के देखाउँछ भने उनीहरू तथाकथित मूलधार अर्थात् हिन्दु धर्म, संस्कृतिको संरक्षणमा उनीहरूको भूमिका त छ, तर प्रत्यक्ष रुपमा उनीहरूले शक्ति बाँडफाँडको तहमा पुगेर सत्ता सम्हालेको त्यति धेरै अनुभव छैन ।

मुलुक संघीय संरचनामा गैसकेपछि स्थानीय सरकारका रुपमा रहेको गाउँपालिकाको मनोनित सदस्य (महिला र पिछडिएको समुदायबाट समेट्नु पर्ने भएकाले) का रुपमा एक जना प्रतिनिधिले मात्र प्रतिनिधित्व गरेको पाइन्छ । यससँगसँगै राजनीतिक दलहरूमा पनि संगठित हुन थालेको देखिन्छ । राजनीतिक दलमा पनि स्थानीय तहमा बन्ने संगठनको संरचनामा मात्र सीमित छन् ।

सामाजिक आन्दोलनमा चाहिँ आदिवासी जनजाति महासंघमा आवद्ध छन् भने यसले सञ्चालन गर्ने सडक संघर्ष, आन्दोलन र अभियानहरूमा संलग्न हुँदै आएको छ ।

७.७ सारांश

सुरेलहरूको परम्परागत आर्थिक आयआर्जनको मूल स्रोत कृषि नै हो । सुरेलहरूको आफ्नै किपट भए पनि त्यो किपट बिस्तारै गुम्दै गयो । यद्यपि उनीहरूसँग जग्गा जमिन अलिअलि बाँकी रहेको छ । जग्गा जमिनमा मात्र अहिले निर्भर रहन

सक्ने स्थिति देखिँदैन। मुस्किलले ५ या ६ महिनासम्मलाई मात्र खाना पुग्ने देखिन्छ। बाँकी महिना उनीहरू ज्याला मजदुरीजस्ता वैकल्पिक स्रोतमा निर्भर हुनुपर्छ। कृषि यस समुदायको जीविकोपार्जनको स्रोत कृषि नै हो। यसका अलवा पशुपालन, बाँसका सामग्री निर्माण गरेर बेचबिखन गर्ने र सिकार आदि विविध पेशा र आयआर्जनको स्रोत देखिन्छ। आलु खेती गर्नका लागि खाल्डो बनाउने परम्परा पनि लोप भइसकेको छ। परम्परागत विधिहरूमा समेत ह्रास आइसकेको छ। पहिला-पहिला सिकार खेल्ने प्रचलन रहेको भए पनि अहिले त्यस किसिमको परम्परा हराइसकेको छ। बाँसबाट बन्ने नाङ्लो, डालो आदि आयआर्जनका स्रोत भए पनि अहिले यी सामग्री निर्माण गर्ने व्यक्ति पाइन छोड्यो। नेपाल सरकारले निश्चित मापदण्ड बनाइ अल्पसङ्ख्यक जातिहरूका लागि सुरक्षा भत्ताको व्यवस्था गर्दै आइरहेको छ। राजनीतिमा पनि उनीहरूको प्रवेश भर्खरैदेखि मात्र भएको देखिन्छ। स्थानीय तहमा मनोनित सदस्यका रुपमा एक जना सुरेल महिलालाई समावेश गरिएको छ। यस क्रममा सुरेल समुदायले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आइरहेका छन्। पछिल्लो विवरणअनुसार झण्डै ३०० जनाको हाराहारीमा रहेका सुरेलका समुदायले मासिक चार हजार रुपैयाँ पाइरहेका छन् ।

अध्याय ८

शिक्षा र स्वास्थ्य

८.० रुपरेखा

सुरेल समुदायको शिक्षाको मूलधारमा त्यति धेरै उपस्थिति हुन सकेको छैन । स्नातकमा अध्ययनरत एक जनाबाहेक स्नातकोत्तर गर्ने कोही पनि छैनन् । त्यसैगरी प्राविधिक शिक्षा (डाक्टर, इन्जिनियर) जस्ता क्षेत्रमा पनि उपस्थिति शून्य छ । यद्यपि पछिल्लो अवस्थामा भने केही थोरै सुरेलहरूले एसएलसी (एसइई)गर्नेहरूको सङ्ख्या बढ्न थालेको देखिन्छ । उनीहरूको स्वास्थ्योपचार विधि पहिले-पहिले परम्परागत विधि नै प्रयोग गर्ने गरेको भए पनि अहिले आएर आधुनिक मूलधारको स्वास्थ्य विधि नै प्रयोग गर्ने गरेका छन् । सुरेल जातिको शिक्षको अवस्थाका बारेमा खण्ड ९.१ मा चर्चा गरिएको छ भने स्वास्थ्यका बारेमा खण्ड ९.२ मा परिचर्चा गरिएको छ । अध्ययनको सारांशलाई भने खण्ड ९.३ मा समावेश गरिएको छ ।

८.१ शैक्षिक अवस्था

मानिसले जन्मेदेखि मृत्युपर्यन्तसम्म ज्ञान आर्जन गरिरहेको हुन्छ । ज्ञानलाई शिक्षाको रुपमा प्रामाणिक गर्न औपचारिकता दिने गरिन्छ । यद्यपि शिक्षा भन्ने कुरा अनौपचारिक रुपले पनि हासिल गरिरहेकै हुन्छ । तर आजको आधुनिक समाजविकासको संरचनाले कुनै निश्चित मापदण्डमा रहेर शिक्षा हासिल गर्नका लागि उत्प्रेरित गर्दछ । औपचारिक शिक्षालाई विद्यालय वा विश्वविद्यालयले औपचारिकता प्रदान गर्दछ ।

क) परम्परागत शिक्षा

राज्यको संयन्त्रले स्थापना गरेको मूल्यमान्यतामा आधारित शिक्षा हुन्छ भने यसभन्दा फरक आदिवासीहरूको आफ्नै ज्ञान वा परम्परागत शिक्षा प्रणाली हुने गर्दछ। तर सुरेल जातिमा भने परम्परागत, धार्मिक-सांस्कृतिक अनुष्ठानमा आधारित शिक्षा पाइँदैन। घरायसी र आफूले अँगालेको पेसामा अभिभावक या अग्रजहरूबाट व्यवहारिक ज्ञान दिने-लिने बाहेक उनीहरूमा अन्य संस्थागत शैक्षिक परम्परा देखिँदैन।

ख) आधुनिक शिक्षा प्रणाली

सुरेल समुदायबाट उच्च शिक्षा हासिल गर्ने व्यक्ति त्यति धेरै छैन। अहिलेसम्मको विवरण हेर्दा १ जनाले स्नातक अध्ययन गर्दै गरेको पाइन्छ भने आधा दर्जन जत्तिले प्रविणता प्रमाणपत्र तह (कक्षा ११ र १२) पढेको देखिन्छ।

सुरेल बसोबास रहेको सुरी गाउँमा एउटा विष्णेश्वरी प्राथमिक विद्यालय छ। यस विद्यालयमा ९० प्रतिशत बालबालिका सुरेल समुदायका छन् भने बाँकी १० प्रतिशत यसै गाउँका दलित, ब्राम्हण र क्षेत्री समुदायका बालबालिका रहेका छन् । कुनै पनि बालबालिकाले सुरेल भाषा बोल्दैनन्। यसबारे अध्याय ३ मा समेत विस्तृत रुपमा चर्चा गरिएको छ।

यस विद्यालयमा १ जना कार्यालय सहयोगी सुरेल समुदायको रहेको छ भने करार सेवामा लिइएको छ भने बाँकी सबै गैरसुरेल (बाहुन क्षेत्री) समुदायका शिक्षक शिक्षिकाहरू रहेका छन्। विष्णेश्वरी प्राविमा अध्ययनरत छात्रछात्राको विवरणलाई तालिका ८.१ मा प्रस्तुत गरिएको छ।

तालिका ८.१: विष्णेश्वरी प्राविमा अध्ययनरत छात्रछात्राको विवरण

क्र.सं.	नाम	ठेगाना	कक्षा
१	आयुस्मा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
२	अविना सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
३	सदिक्षा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
४	रिदम सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु

क्र.सं.	नाम	ठेगाना	कक्षा
५	निरज सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
६	सुशील सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
७	प्रशान्त सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	शिशु
८	प्रतिसा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१
९	स्मरण सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१
१०	सन्ध्या सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१
११	फिलिश सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२
१२	सीमा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२
१३	नरेन्द्र सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	३
१४	यशोदा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	३
१५	हिरा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	३
१६	कृष्ण सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४
१७	अविनाश सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४
१८	सौरभ सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४
१९	निश्चल सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४
२०	निर्जल सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४
२१	आशिष सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	५
२२	युवराज सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	५
२३	विपना सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	५
२४	अनिष सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	५

स्रोत : स्थलगत अध्ययन-२०७६

तालिका ९.१ ले देखाएझैं अध्ययनस्थलमा पुगेको समय अर्थात् आजको मितिसम्म

प्राथमिक तहमा पढ्ने जम्मा विद्यार्थीको सङ्ख्या २४ रहेको देखिन्छ। जसमध्ये शिशु कक्षामा सात जना, कक्षा १ मा तीन जना, कक्षा २ मा दुई जना, कक्षा ३ मा २ जना, कक्षा ४ मा तीन जना र कक्षा ५ मा चार जना सुरेल बालबालिका अध्ययनरत रहेका देखिन्छन्। विभिन्न अवसरको खोजीमा काठमाडौं गएका सुरेलहरूका सन्तानहरू त्यहाँ केही थोरै सङ्ख्यामा (४ देखि ५ जना अनुमानित) निजी विद्यालयहरूमा समेत पढ्ने गरेको कुरा सुरेल संस्थाका अध्यक्ष सुवाश सुरेलले बताए।

तालिका ८.२ मा छात्र र छात्राको विवरणलाई प्रस्तुत गरिएको छ जसको आधारमा महिला र पुरुषको सहभागितालाई अवलोकन गर्न सकिन्छ ।

तालिका ८.२: छात्र र छात्राको विवरण

क्रसं.	कक्षा	छात्र	छात्रा	जम्मा
१	शिशु	४	३	७
२	१	१	२	३
३	२	१	१	२
४	३	१	२	३
५	४	४	०	४
६	५	३	२	४
	जम्मा	१४	१०	२४

प्रारम्भिक तहमा हेर्दा पनि छात्राभन्दा छात्र अर्थात् महिलाभन्दा पनि पुरुषको सहभागिता बढी देखिन्छ। कक्षा शिशुदेखि कक्षा पाँचसम्मको विवरण हेर्दा छात्रको सङ्ख्या १४ जना र छात्राको सङ्ख्या १० जना देखिन्छ। यो विवरणलाई रेखाचित्र ८.१ मा पनि हेर्न सकिन्छ।

रेखाचित्र ८.१: सुरेल समुदायबाट छात्र-छात्राको कक्षागत विवरण



हलेश्वर उच्च माध्यामिक विद्यालयमा अध्ययनरत सुरेल समुदायका विद्यार्थीहरूको शैक्षिक हासिल गर्ने दर विष्णेश्वर प्राथमिक तहमा पढ्ने विद्यार्थीको सङ्ख्याभन्दा घट्दो क्रममा रहेको देखिन्छ। विष्णेश्वरी प्राविबाट पास भएर गएका विद्यार्थीहरू हलेश्वर उच्च माविमा गएका विद्यार्थीहरूको विवरणलाई तालिका ८.२ मा हेर्न सकिन्छ :

तालिका ८.३: कक्षा ६ देखि १० सम्मको विवरण

क्र.सं.	नाम	ठेगाना	कक्षा
१	सुनिता सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	६
२	मिथुन सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	६
३	ज्योति सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	७
४	आशिका सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	७
५	मुना सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	८
६	चुट्मिला सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	८
७	नरेश सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	९
८	घनश्याम सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१०
९	रविन सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१०

क्र.सं.	नाम	ठेगाना	कक्षा
१०	अजित सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१०
११	युवराज सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	१०
१२	रचना सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	९
१३	राजमणि सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	४

विष्णेश्वर प्राथमिक तह उत्तीर्ण गरेर उच्च माध्यमिक तहमा पढ्न पुगेका विद्यार्थीको सङ्ख्या प्राथमिक तहभन्दा कम हुँदै गएको देखिन्छ। कक्षा ६ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या जम्मा दुई जना देखिन्छ भने कक्षा ७ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या पनि दुई जनामात्र देखिन्छ। त्यसैगरी कक्षा आठमा अध्ययनरत विद्यार्थीको सङ्ख्या दुई जना देखिन्छ। त्यसैगरी कक्षा नौमा एक जना मात्र देखिन्छ। कक्षा दशमा भने चार जना देखिन्छ।

तालिका ८.४: कक्षा ६ देखि १० सम्मका छात्रछात्राहरूको कक्षागत विवरण

क्रसं.	कक्षा	छात्र	छात्रा	जम्मा
१	६	१	१	२
२	७	०	२	२
३	८	०	२	२
४	९	१	०	१
५	१०	४	०	४
	जम्मा	**६**	**५**	११

तालिका ८.४ मा हेर्दा कक्षा ६ मा १ जना छात्र र १ जना छात्रा अध्ययनरत रहेको देखिन्छ। कक्षा ७ मा दुई जना छात्रा, कक्षा ८ मा पनि २ जना छात्रा अध्ययनरत रहेको देखिन्छ। त्यसैगरी कक्षा ९ मा १ जनामात्र छात्र अध्ययनरत रहेको देखिन्छ। कक्षा १० मा भने ४ जना नै छात्र रहेको तथ्याङ्क देखिन्छ। कुल सङ्ख्यामा पनि छात्राको सङ्ख्या भन्दा छात्रको सङ्ख्या नै बढी देखिन्छ।

रेखाचित्र ८.३: कक्षा ६ देखि १० सम्मका छात्रछात्राहरूको कक्षागत विवरण



नेपाली समाजमा कुनै बेला फलामे ढोका भनेर चिनिने एसएलसी सुरेल समुदायमा हालसम्म २० जना जतिले उत्तीर्ण गरेको देखिन्छ। वि.सं. २०६० सालदेखि एसएलसी उत्तीर्ण गर्न थालेका सुरेल युवायुवतीहरूले कुनै कुनै साल उत्तीर्ण गरेको देखिँदैन। कुनै-कुनै साल उनीहरूको सहभागिता रहेको पनि देखिँदैन। सुरेल समुदायबाट एसएलसी (एसइई) उत्तीर्ण गर्नेहरूको विवरणलाई तालिका ८.६ मा प्रस्तुत गरिएको छ।

तालिका ८.६ : हालसम्म एसएलसी उत्तीर्ण सुरेलहरूको विवरण

क्र.सं.	नाम	ठेगाना	उत्तीर्ण साल
१	विनोद सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६०
२	कुमार सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६२
३	प्रमिला सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६२
४	यमुना सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६४
५	सुवास सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६४
६	रुपा सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६५
७	विकास सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६७

क्र.सं.	नाम	ठेगाना	उत्तीर्ण साल
८	उत्तर सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६७
९	प्रल्हाद सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६७
१०	सुनिल सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६७
११	सुरज सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६८
१२	सरण सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६८
१३	सचिन सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६८
१४	नवराज सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०६८
१५	अजय सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७०
१६	संजय सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७०
१७	बदी सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७२
१८	मेनुका सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७३
१९	अनिल सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७३
२०	अनिस सुरेल	गौरीशङ्कर गाउँपालिका वडा नं. ४	२०७३

२०६० सालमा १ जनाले मात्र एसएलसी (एसइई) उत्तीर्ण गरेकोमा २०६२ सालमा २ जना, २०६४ सालमा २ जना, २०६५ सालमा १ जना, २०६७ सालमा ४ जना, २०६८ सालमा ४ जना, २०७० सालमा २ जना, २०७२ मा १ जना, २०७३ सालमा ३ जना उत्तीर्ण भएको देखिन्छ। सुरेल समुदायबाट वि.सं. २०६१, २०६३, २०६६, २०६९, २०७१ सालमा उत्तीर्ण भएको विवरण पाइँदैन।

सुरेल समुदायले हालसम्म २० जनाले एसएलसी (एसइई) उत्तीर्ण गरेकामा छात्र अर्थात् पुरुषले १६ जना र ४ जना छात्राले उत्तीर्ण गरेको देखिन्छ, जसलाई तालिका ८.७ मा प्रस्तुत गरिएको छ।

तालिका ८.७ : एसएलसी उत्तीर्ण छात्र र छात्राको सहभागिता

क्रसं.	छात्र	छात्रा	उत्तीर्ण साल
१	१	०	२०६०
२	०	०	२०६१
३	१	१	२०६२
४	०	०	२०६३
५	१	१	२०६४
६	०	१	२०६५
७	०	०	२०६६
८	४	०	२०६७
९	४	०	२०६८
१०	२	०	२०६९
११	०	०	२०७०
१२	०	०	२०७१
१३	१	०	२०७२
१४	२	१	२०७३
१५	०	०	२०७४
१६	०	०	२०७५
जम्मा	१६	४	-

रेखाचित्र ८.४ : एसएलसी उत्तीर्ण छात्र-छात्राको विवरण



८.२ स्वास्थ्य

सुरेल आदिवासीले स्वास्थ्योपचार विधि आफ्नै परम्परागत विधिबाट गर्दै आए पनि अहिले आधुनिक विधि पनि अपनाउने गरेको पाइन्छ। परम्परागत उपचार विधि अपनाउँदा धामी, झाँक्री आदिको सहरा लिने गरेको पाइन्छ भने आधुनिक उपचार विधिका लागि स्वास्थ्यचौकी र अस्पताल जाने पनि गर्छन्। साविकका गाउँविकास समितिमा एउटा स्वास्थ्य चौकी रहने प्रावधान रहेबमोजिम सुरी गाउँमा पनि एउटा प्राथमिक स्वास्थ्यचौकी रहेको छ।

परम्परागत विधि पनि अहिले कमजोर हुँदै गइरहेको पाइन्छ। धामी, झाँक्री पनि अहिले पाइन छाड्यो। स्थलगत अध्ययनको क्रममा बुरम्फीमा एक जना आइरम भन्ने व्यक्तिमात्र रहेको सूचना प्राप्त भयो। अहिले आधुनिक उपचार पद्दतिमा नै बढी आकर्षण रहेको पाइन्छ।

८.३ सारांश

सुरेल समुदायबाट शिक्षाको मूलधारमा त्यति धेरै उपस्थिति देखिँदैन। २०४७ सालमा प्रजातन्त्र पुर्नस्थापना भएपछि मात्र लेखपढमा प्रवेश गरेका सुरेलहरूले उच्चशिक्षा हासिल गर्ने क्रम देखिन्छ । स्नातक तहमा अध्ययनरत एक जनाबाहेक स्नातकोत्तर गर्ने कोही पनि छैनन्। त्यसैगरी प्राविधिक शिक्षा (डाक्टर, इन्जिनियर)

जस्ता क्षेत्रमा पनि उपस्थिति शून्य छ। यद्यपि पछिल्लो अवस्थामा भने केही थोरै सुरेलहरूले एसएलसी (एसइई)गर्ने सुरेलहरूको सङ्ख्या बढ्न थालेको देखिन्छ। अहिलेसम्म सुरेल समुदायबाट एसएसलसी गर्नेको सङ्ख्या २० जना मात्र देखिन्छ। जसमध्ये पुरुष १६ जना र महिला ४ जनाले मात्र एसएलसी (एसइई) उत्तीर्ण गरेको देखिन्छ। तर पछिल्लो चरणमा एसइई गर्ने सुरेलहरूको सङ्ख्यामा पनि ह्रास आइरहेको छ। यस प्रकारको उदासिनताको अवस्थालाई हेर्दा शिक्षा हासिल गर्दा पनि बेरोजगारको स्थिति व्यहोर्नु पर्ने हो। उनीहरूको स्वास्थ्योपचार पहिले-पहिले परम्परागत विधि नै प्रयोग गर्ने गरेको भए पनि अहिले आएर आधुनिक मूलधारको स्वास्थ्य विधि नै प्रयोग गर्ने गरेका छन्।

अध्याय ९

सहभागिता, परामर्श र समावेशीकरण

९.० रुपरेखा

सामाजिक एवम् राजनैतिक परिवर्तनसँगै सुरेलहरूको वर्तमान अवस्थामा पनि परिवर्तन देखिन थालेको छ। उनीहरूमा आएको चेतना र सामूहिक सहभागिता आदिका कारण आवश्यकताअनुसार राज्यको संयन्त्र वा राजनैतिक दलहरूले एक मुष्टमा परामर्श गर्न थालेको छ भने सामुदायिक हितसँग सम्बन्धित मागका लागि समेत संस्थागत रुपमै माग राख्ने हैसियत बनाउन थालेको देखिन्छ। यस अध्यायको खण्ड १०.१ मा सहभागिताको बारेमा चर्चा गरिएको छ भने खण्ड १०.२ मा परामर्श एवम् समावेशीकरणको बारेमा छलफल गरिएको छ। यस अध्यायको सारांशलाई भने खण्ड १०. ३ मा समावेश गरिएको छ।

९.१ सहभागिता र सहकार्य

कुनै बेला आफ्नै किपट भएका सुरेलहरूले क्रमशः किपट मात्र होइन, खनीखोस्री खाने जग्गा जमिन पनि गुमाउँदै गए। पञ्चायतकालसम्म उनीहरूको सुरेल नाममा कुनै पहिचान थिएन। राज्य उनीहरूबारे बेखबर थियो। २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापित भएपछि र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान अस्तित्वमा आइसकेपछि २०५८ सालको ऐनमा सूचीकृत जाति बन्न पुग्यो। २०६२/६३ सालको जनआन्दोलनले स्थापित गरेको अन्तरिम संविधानले बल्ल सुरेल जातिहरू पनि खुल्ला समाजमा आउन थाले। यसको जगमा आएको सामाजिक र राजनैतिक परिवर्तनसँगै सुरेलहरूको अवस्थामा पनि परिवर्तन आएको थालेको

देखिन्छ। उनीहरूमा आएको चेतना र सामूहिक सहभागिता आदिका कारण राज्यस्तरबाट या त कुनै राजनैतिक पार्टी वा त कुनै संघसंस्थाबाट उनीहरूसँग सम्बन्धित क्षेत्र र कार्य गर्नुपर्दा आवश्यकरुपमा नभए पनि केही रुपमा उनीहरूको सहभागिता खोजिन थालिएको छ। उनीहरूले पनि आफ्नो हिस्सा वा सहभागीका निम्ति 'स्पेश' खोज्न थालेका छन्।

९.१.१ सरकारी निकाय वा राजनैतिक पार्टीमा सहभागिता

सुरेल जातिको बसोबास सघनमात्र नभई एकै ठाउँमा मात्र झुरुप्प भएकाले पनि स्थानीय सरकारले विशेष महत्वका साथ हेर्ने गरेका छन्। राजनैतिक दलहरू पनि सुरेल जातिलाई आफ्नो पक्षमा लिनका लागि बाध्यमात्र होइन, लालायित पनि हुने गरेको छ। साविकको गाविसमा त सुरेल जातिको उपस्थिति निर्णायकजस्तो देखिन्थ्यो, तर अहिले गौरीशङ्कर गाउँपालिकाको एउटा वडामा सीमित हुनुपरेको छ।

क) सुरेल जाति उत्थान संघ र यस संस्थाको गतिविधि

सुरेल जाति उत्थान संस्थाको स्थापनापश्चात आदिवासी जनजाति महासंघमा २०६० सालमा आवद्ध भयो। सानो भूगोलमा सीमित भएको कारणले संगठनात्मक संरचना विस्तार भएको छैन। जिल्ला वा गाउँ इकाइ नभई केन्द्रीय संरचनाका रुपमा नै कार्यरत रहेको छ।

सुरेल जातीय संस्थाको जिल्ला प्रशासन कार्यालय दोलखामा समेत विधिवत् रुपमा दर्ता पुग्यो। साथै यो संस्थाले नवीकरण एवम् लेखा परीक्षण गर्दै आइरहेको छ। यस संस्थाले आवधिक योजना निर्माण गर्ने र आवश्यकताका आधारमा कार्यक्रम माग गर्ने आदि पनि गर्दै आइरहेको छ। विद्यार्थीहरूका लागि छात्रवृत्तिका लागि समेत संस्थाको तर्फबाट सिफारिस गर्ने, 'सुरेल आदिवासी हो' भनेर प्रमाणित गर्ने प्रकृयाका लागि समेत संस्थाबाट सिफारिस गर्ने कार्य पनि गर्दै आइरहेको छ। उक्त जातिको सिफारिसका आधारमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले परिचयपत्र बनाईदिने गर्दछ। सुरेल समुदायसँग जोडिएका मुद्दा जस्तै नागरिकता, जग्गाको लालपूर्जा र केही सामाजिक मामिलामा समेत यस संस्थाले सहयोगीको भूमिका निर्वाह गर्दै आइरहेको छ।

युवाहरूलाई पनि ध्यानमा राखेर खेलकुद कार्यक्रमहरूको आयोजना गर्ने, तिहारमा देउसीभैलो कार्यक्रम आयोजना गर्नेजस्ता कामहरू गर्दै आइरहेको छ।

आदिवासी जनजाति महासंघले आयोजना कार्यक्रमहरूमा समेत प्रतिनिधिमूलक ढंगले उपस्थिति जनाउने, सहभागिता देखाउनेजस्ता कार्यहरू गर्दै आइरहेको छ। त्यसैगरी महासंघको जिल्ला समन्वय परिषद् दोलखाले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा पनि सहभागिता जनाउँदै आएको छ । त्यसैगरी सांस्कृतिक झाँकीहरू प्रदर्शन गर्दा पनि सुरेल जाति र समुदायको तर्फबाट पनि सहभागिता जनाउँदै आइरहेको छ।

ख) दातृसस्थाहरूको कार्यक्रम छनौट र सञ्चालनमा सहभागिता र सहकार्य

यस संस्थाले हालसम्म आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँगको सहकार्यमा आयआर्जनमूलक कार्यहरू पनि गर्दै आइरहेको छ। जसमध्ये कृषि तरकारी खेती, सिलाइ कटाइ आदि गरेको देखिन्छ। त्यसैगरी प्रशिक्षणमूलक कार्यक्रमहरू पनि भएको पाइन्छ।

जनसीप कार्यक्रम अन्तर्गत पौढशिक्षाको कार्यक्रम पनि सम्पन्न भएको देखिन्छ। त्यसैगरी सहकारी बचत तथा ऋणसम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएका छन्।

यस संस्थाले २०७५ सालमा संस्थाको नाममा एक रोपनी जग्गा खरिद गरी संस्थागत भवन निर्माण सुरु भएको छ। यसका लागि गौरीशङ्कर गाउँपालिकाबाट २० लाख बजेट विनियोजन भएपछि एकतले भवन निर्माण भइसकेको छ। यो भवनको थप तलाका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले थप १२ लाख रुपैयाँ आव २०७६/०७७ का लागि विनियोजन गरेको छ भने भवनको थप तलाको कार्यारम्भ भएको छ।

तस्बिर ९.१ : साबुन बनाइरहेका सुरेल महिलाहरू

९.२ संस्थागत प्रयास र समावेशीकरण

राज्यको मूलप्रवाहमा सुरेल जातिको सहभागिता जुन रुपमा हुनुपर्ने हो, त्यस्तो रहेको देखिँदैन। राजनीतिक रुपमा होस् या स्थायी सरकारका रुपमा चिनिने निजामती क्षेत्रमा समेत सुरेल समुदायको प्रवेश हुन सकेको छैन।

मौजुदा कार्यसमितिका रुपमा आमा समूहको गठन भएको छ। आमा समूहको गठन यसप्रकार छः

अध्यक्ष : यमकुमारी सुरेल
उपाध्यक्ष : प्रमिला सुरेल
सचिव : राधिका आचार्य
कोषाध्यक्ष : सृजना सुरेल
सदस्य : शिवमाया सुरेल
सदस्य : सुभद्रा सुरेल
सदस्य : अन्जना सुरेल
सदस्य : सुस्मिता सुरेल

सदस्य : निशा सुरेल

सदस्य : सावित्री सुरेल

गौरीशङ्कर संरक्षण क्षेत्रमा बनेको यो संस्थामा सुरेल महिलाहरूको सहभागिता रहेको देखिन्छ। महिलाहरूको नियमित बैठक सञ्चालन गर्नका लागि फादर अरुणले निर्माण गरिदिएको भवन प्रयोग गर्दै आइरहेको छ। फादर अरुणले उक्त भवन भूकम्प प्रभावित क्षेत्रमा निर्माण गरेका थिए ।

राधिका आचार्यको नेतृत्वमा महिला वन उपभोक्ता समूह बनेको छ। यो संस्थामा समेत सुरेल महिलाहरूको उपस्थिति रहेको पाइन्छ।

कतिपय विकास र परियोजनाबाट भने सुरेल जाति वन्चित रहेको देखिन्छ। विम्बका रुपमा प्रयोग हुने बत्तीको मुनि अँध्यारो उखानले विम्ब भन्दा पनि कहिलेकाहीँ सिधा अर्थ पनि दिने रहेछ। सुरेल बस्तीसँगै जोडिएको केही तल सुरी र खारे खोला छ। यी दुवै खोलासँग उनीहरूको आदिम सम्बन्ध छ। विगत केही वर्षदेखि उनीहरूले सानो र घरेलु जलविद्युतस्वरुप सेल्ट्रीपेटको स्थापना गरे। दुई वर्ष नबित्दै ठीक त्यहीँ सेल्ट्रीपेटभन्दा अलिमाथि सुरी हाइड्रो, हिमाल हाइड्रोलगायतका चारपाँच वटा हाइड्रोहरू बन्न थाले। ती हाइड्रो बन्ने भएपछि मौजुदा अवस्थामा रहेको सेल्ट्रीपेटलाई ठूलो असर पुगेको छ । यसले गर्दा अहिले पूर्णतया बन्द भएको छ। तल खोलाबाट निकालिएको बत्तीले अन्य कतिपय ठाउँहरूमा उज्यालो छरिरहेको होला, तर सुरेल गाउँ भने अँध्यारोको अँध्यारै रहेको छ।

बत्तीसँगै ग्रामीण सडक पनि राजनैतिक प्रभावमा पारेर एउटा हाइड्रोले झन्डै तीन किलोमिटरको बाटो पावर हाउसमा पुऱ्याएर पूरै सडकलाई घुमाउने काम भएको छ । यसले गर्दा तल गुरुम्फीबाट सुरी गाउँ पुग्नका लागि बाटो निकै घुमाउरो बनेको छ। स्थानीयहरूले सडकको बाटो हिँड्नुभन्दा पैदल हिँड्दा नै छिटो र छोटो बाटो हुने बताउँछन्।

९.३ सारांश

सुरेल जातिको राज्यका अमुक निकायहरूमा सहभागिता बिस्तारै देखिन थालेको छ। उनीहरूको शैक्षिक योग्यता र राजनैतिक पहुँच नभएकाले राज्यका

निकायहरूमा निकै कम उपस्थिति रहेको छ। यद्यपि २०४७ सालपछिको खुल्ला वातावरण, २०६२/६३ सालको जनआन्दोलनको उभारले ल्याएको राजनैतिक एवम् सामाजिक चेतनाले उनीहरूमा परिवर्तन आएको छ। संगठित हुनुपर्छ भन्ने भावनाले एकताबद्ध गराएको छ। सुरेल जातिहरूको समग्र उत्थान गर्नका लागि सामाजिक संस्था नै स्थापना गरेका छन्। महिलाहरूको पनि सामाजिक संस्थामा संलग्नता देखिन थालेको छ भने परामर्शका लागि पनि उनीहरूको संलग्नता बढ्दै गएको देखिन्छ। राजनैतिक सहभागितामा समेत महिलाको उपस्थिति साङ्केतिक रुपमा देखिएको छ। मौजुदा कार्यकालका लागि गौरीशङ्कर गाउँपालिकाको मनोनित सदस्यका रुपमा महिला सुरेलले नै प्रतिनिधित्व गरेको छ।

अध्याय १०

सारांश र निष्कर्ष

१०.० रुपरेखा

यस अध्यायमा अध्ययनको सारांश र निष्कर्षलाई समावेश गरिएको छ। खण्ड १०.१ मा अध्ययनको सारांशलाई समावेश गरिएको छ भने खण्ड १०.२ मा अध्ययनको निष्कर्षलाई समावेश गरिएको छ।

१०.१ सारांश

सुरेल लोपोन्मुख आदिवासी जनजातिहरूमध्येको एक जाति हो। उनीहरूको छुट्टै मौलिक भाषा, धर्म, संस्कृति, रहनसहन, वेशभूषा, जीवनपद्दति रहेको पाइन्छ। यो जातिका मानिसहरू सरल र मिजासिला हुनाका साथै इमानदार स्वभावका हुन्छन्। उनीहरूको कुनै बेला आफ्नै किपट भए पनि अहिले उनीहरू सानो घेरामा खुम्चिएका छन्।

आम आदिवासीहरूको उत्पत्तिसम्बन्धीको मिथक, इतिहास आदि श्रुति परम्परामा नै सीमित रहँदै आएको छ। ती मिथकहरू मौलिक परम्पराको हुने गर्दछ। तर समयको अन्तराल, बसाइँसराइ र अन्य जाति या भाषिक संरचनामा आइसकेपछि त्यस्ता मौलिक परम्परा हराउँदै गएको पनि हुन सक्छ। किपट नै प्राप्त गरेर बसेका सुरेलहरूले एकात्मक केन्द्रीकृत राज्यसत्ताको कारण भूमि गुमाउँदै गए। काँधमा बोकेर ल्याएका डिठ्ठाले र उनका सन्तानले बिस्तारै षड्यन्त्र र जालझेलपूर्वक सुरेलहरूको जग्गा जमिन हडपे। सुरेलहरूले आफूहरू सिमङमगढबाट आएको त बताउँछन् तर त्यस अघिको कथा भन्न सक्दैनन्। सिकार खेल्दै आउने क्रममा

उनीहरू आजको ठाउँमा आएको देखिन्छ। त्यहाँ रहनुको कारण पनि उनीहरूले खनीखोस्री गरेर खाने जग्गा माझीका बच्चाहरूलाई उद्दार गरेवापत प्राप्त गरेका थिए। उक्त ठाउँमा लामो समयदेखि भोगचलन गरेकै कारण पनि स्थाननामहरू सुरेल भाषामा रहेको पाइन्छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा १० वटा लोपोन्मुख जातिमध्येको एक जातिको रुपमा सुरेललाई सूचीकृत गरेको छ। दूर्भाग्यपूर्ण नै मान्नुपर्छ कि वि.सं. २०६८ सालको जनगणनाले भने सुरेल जातिको जनसङ्ख्यालाई समावेश गरेको छैन। तर भाषा वक्तासङ्ख्याको रुपमा २८६ जना भनेर उल्लेख गरेको छ। सुरेल भाषा चिनियाँ-तिब्बती महाभाषापरिवार अन्तर्गत तिब्बती-बर्मेली भाषा परिवारअन्तर्गत पर्ने हिमाली समूहमा पर्ने भाषा हो। एथ्नोलग (सन् २०१२) ले सुरेल भाषालाई सुनुवारको भाषिका भनेको छ। तर यस अघि ब्राड्ले (सन् १९९७)ले चाहिँ सुरेल भाषा स्वतन्त्र भाषा नै हो भनेर उल्लेख गर्दै यो भाषा दक्षिण पश्चिमी किराती भाषाहरू हायू, बाहिङ, सुनुवार र सुरेल हुन सक्ने भनेका छन्। यो भाषा किराती भाषासँग नजिकको सम्बन्ध राख्दछ। सुरेल शब्दले जाति र भाषा दुवैलाई बुझाउँदछ। सुरेल भाषाको लेख्यपरम्परा विकास भएको छैन। यो भाषाको आफ्नो लिपि पनि छैन। कहिलेकाहीं छिटफुट रुपमा लेखिँदा देवनागरी लिपि नै प्रयोग गर्छन् ।

सुरेल जातिको आफ्नै मौलिक धर्म एवम् सांस्कृतिक अनुष्ठान रहेको पाइन्छ। यद्यपि ती मौलिक र परम्परागत सांस्कृतिक मूल्य र मान्यताहरू हिन्दु धर्म र संस्कृतिको हस्तक्षेपका कारण बिटुलो हुँदै गएको छ। मूलतः सुरेल जातिहरू प्रकृति र पितृपूजक नै हुन्। यो कुरा उनीहरूले अहिले पनि गर्ने केही मौलिक सांस्कृतिक अनुष्ठानहरूले प्रष्ट्याउँदछ। आम आदिवासीहरूले गर्ने झैं उनीहरूले पनि भूमे पूजा उँधौली र उँभौली पूजा गर्छन्। त्यसैगरी चन पूजा, थानी पूजा, इवि बुझाउने, दोक्री बुझाउने जस्ता केही सांस्कृतिक अनुष्ठानले पुष्टि गर्दछ। तर सुरेल जातिले वि.सं. २००५ सालमा ढ्याङ्ग्रे सुरेल(अविरे सुरेलको बुबा) तामपत्रमा अबउप्रान्त ब्राम्हण चलाउनु भन्ने कुराले सुरेल जातिलाई हिन्दुकरण गरिएको देखिन्छ। त्यसैकारणले चुडाकर्म र ब्रतबन्ध आदि पनि सुरेल जातिमा प्रचलनमा आयो।

हरेक जाति विशेषको जीवन चक्रीय संस्कार हुने गर्दछ। सुरेल जातिको जीवन

र जगतलाई हेर्ने आफ्नै दृष्टिकोण छ। जन्मदेखि मृत्युसम्मको संस्कार हेर्दा उनीहरूको मौलिक संस्कारभन्दा हिन्दु संस्कारबाट प्रभावित भएको देखिन्छ। बच्चालाई जन्म दिनका लागि घरमै र प्राकृतिक रुपमा भएको राम्रो मान्छन्, तर आजभोलि आधुनिक उपचार पद्दतिका कारण स्वास्थ्य चौकी वा प्रसूति उपचार केन्द्रहरूमा जाने प्रचलन पनि रहेको छ। सुरेल जातिमा छोरी जन्मिए ५ दिन र छोरा जन्मिए ७ दिनमा न्वारान गर्ने चलन छ । सुरेल जातिमा बच्चा जन्मिएको ६ महिना पुगेपछि छोराको र ५ महिना पुगेपछि छोरीको पास्नी गर्ने चलन छ। पास्नी पनि ब्राम्हण पुरोहितद्धारा नै गराइन्छ। छोराको लागि छेवर गरिन्छ भने छोरीका लागि गुन्यूचोली दिने चलन छ। छेवर नगरेसम्म कपाल काट्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ भने विवाह आदि कर्मका लागि छोराको लागि छेवर र छोरीका लागि गुन्यूचोली कर्म सम्पन्न गरिसक्नुपर्ने मान्यता रही आएको छ। सुरेल जातिमा विवाह मागी र भागी हुने गरेको पाइन्छ। तर केही समय अगाडिसम्म चोरी विवाह पनि प्रचलनमा थियो । अहिले सो प्रचलन हराइसकेको छ। सुरेल जातिको कोही व्यक्तिको मृत्यु भएपछि उसको शवलाई घर बाहिर निकाली पिँढीको दाहिनेपट्टि गुन्द्रीमा राखिन्छ। मृतकको घरमा तत्कालै गाईको गोबरले लिपपोत गरिन्छ। शवलाई पनि नुहाइ धुवाइ गरी नयाँ कपडाले फेरिदिने चलन छ। साथै मृतकको मुखमा ढ्याके पैसा राखिदिइन्छ। सानो सानो बालबालिका (१० वर्षभन्दा कम उमेरका) लाई गाड्ने प्रचलन छ। तर त्यसभन्दा माथि उमेरको कोही मृतक भए जलाउने चलन छ। आम आदिवासीको गाड्ने चलन भए पनि जलाउने प्रचलन चाहिँ हिन्दु संस्कारबाट सिकेको भान हुन्छ।

सुरेलहरूको परम्परागत आर्थिक आयआर्जनको मूल स्रोत कृषि नै हो। सुरेलहरूको आफ्नै किपट भए पनि त्यो किपट बिस्तारै गुम्दै गयो। यद्यपि उनीहरूसँग जग्गा जमिन अलिअलि बाँकी रहेको छ। जग्गा जमिनमा मात्र अहिले निर्भर रहन सक्ने स्थिति देखिँदैन। मुस्किलले ५ या ६ महिनासम्मलाई मात्र खाना पुग्ने देखिन्छ। बाँकी महिना उनीहरू ज्याला मजदुरीजस्ता वैकल्पिक स्रोतमा निर्भर हुनुपर्छ। यस समुदायको जीविकोपार्जनको स्रोत कृषि नै हो। यसका अलवा पशुपालन, बाँसका सामग्री निर्माण गरेर बेचबिखन गर्ने र सिकार आदि विविध पेशा र आयआर्जनको स्रोत देखिन्छ। आलु खेती गर्नका लागि खाल्डो बनाउने परम्परा पनि लोप भइसकेको छ। परम्परागत विधिहरूमा समेत ह्रास आइसकेको छ। पहिला सिकार खेल्ने प्रचलन रहेको भए पनि अहिले त्यस किसिमको परम्परा हराइसकेको छ।

बाँसबाट बन्ने नाङ्लो, डालो आदि आयआर्जनका स्रोत भए पनि अहिले यी सामग्री निर्माण गर्ने व्यक्ति पाइन छोड्यो। नेपाल सरकारले निश्चित मापदण्ड बनाई अल्पसङ्ख्यक जातिहरूका लागि सुरक्षा भत्ताको व्यवस्था गर्दै आइरहेको छ। राजनीतिमा पनि उनीहरूको प्रवेश भर्खरैदेखि मात्र भएको देखिन्छ। स्थानीय तहमा मनोनित सदस्यका रुपमा एक जना सुरेल महिलालाई समावेश गरिएको छ। यस क्रममा सुरेल समुदायले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आइरहेका छन्। पछिल्लो विवरण अनुसार झण्डै ३०० जनाको हाराहारीमा रहेका सुरेलका समुदायले मासिक चार हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् ।

सुरेल समुदायबाट शिक्षाको मूलधारमा त्यति धेरै उपस्थिति देखिँदैन। २०४७ सालमा प्रजातन्त्र पुर्नस्थापना भएपछि मात्र लेखपढमा प्रवेश गरेका सुरेलहरूले उच्चशिक्षा हासिल गरिसकेको देखिँदैन। स्नातक तहमा अध्ययनरत एक जनाबाहेक स्नातकोत्तर गर्ने कोही पनि छैनन्। त्यसैगरी प्राविधिक शिक्षा (डाक्टर, इन्जिनियर) जस्ता क्षेत्रमा पनि उपस्थिति शून्य छ। यद्यपि पछिल्लो अवस्थामा भने केही थोरै सुरेलहरूले एसएलसी (एसइई)गर्नेहरूको सङ्ख्या बढ्न थालेको देखिन्छ। अहिलेसम्म सुरेल समुदायबाट एसएसलसी गर्नेको सङ्ख्या २० जनामात्र देखिन्छ। जसमध्ये पुरुष १६ जना र महिला ४ जनाले मात्र एसएलसी (एसइई) उत्तीर्ण गरेको देखिन्छ। तर पछिल्लो चरणमा एसइई गर्ने सुरेलहरूको सङ्ख्यामा पनि ह्रास आइरहेको छ। यस प्रकारको उदासिनताको अवस्थालाई हेर्दा शिक्षा हासिल गर्दा पनि बेरोजगारको स्थिति व्यहोर्नु पर्ने स्थिति पनि हो। उनीहरूको स्वास्थ्योपचार विधि पहिले-पहिले परम्परागत विधि नै प्रयोग गर्ने गरेको भए पनि अहिले आएर आधुनिक मूलधारको स्वास्थ्य विधि नै प्रयोग गर्ने गरेका छन्।

सुरेल जातिको राज्यका अमुक निकायहरूमा सहभागिता बिस्तारै देखिन थालेको छ। उनीहरूको शैक्षिक योग्यता र राजनैतिक पहुँच नभएकाले राज्यका निकायहरूमा निकै कम उपस्थिति रहेको छ। यद्यपि २०४७ सालपछिको खुल्ला वातावरण २०६२/६३ सालको जनआन्दोलनको उभारले ल्याएको राजनैतिक एवम् सामाजिक चेतनाले उनीहरूमा परिवर्तन आएको छ। संगठित हुनुपर्छ भन्ने भावानाले एकताबद्ध गराएको छ। सुरेल जातिहरूको समग्र उत्थान गर्नका लागि सामाजिक संस्था नै स्थापना गरेका छन्। महिलाहरूको पनि सामाजिक संस्थामा संलग्नता देखिन थालेको छ भने परामर्शका लागि पनि उनीहरूको संलग्नता बढ्दै

गएको देखिन्छ। राजनैतिक सहभागितामा समेत महिलाको उपस्थिति साङ्केतिक रुपमा देखिएको छ। मौजुदा कार्यकालका लागि गौरीशङ्कर गाउँपालिकाको मनोनित सदस्यका रुपमा महिला सुरेलले नै प्रतिनिधित्व गरेको छ।

१०.३ निष्कर्ष

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा १० वटा लोपोन्मुख जातिमध्येको एक जातिको रुपमा सुरेललाई सूचीकृत गरेको छ। दूर्भाग्यपूर्ण नै मान्नुपर्छ कि वि.सं. २०६८ सालको जनगणनाले भने सुरेल जातिको जनसङ्ख्यालाई समावेश गरेको छैन। भाषा वक्तासङ्ख्याको रुपमा २८६ जना भनेर उल्लेख गरेको छ।
- सुरेल भाषा चिनियाँ-तिब्बती महाभाषापरिवार अन्तर्गत तिब्बती-बर्मेली भाषा परिवारअन्तर्गत पर्ने हिमाली समूहमा पर्ने भाषा हो। एथ्नोलग (सन् २०१२) ले सुरेल भाषालाई सुनुवारको भाषिका भनेको छ। तर यस अघि ब्राड्ले (सन् १९९७)ले चाहिँ सुरेल भाषा स्वतन्त्र भाषा नै हो भनेर उल्लेख गर्दै यो भाषा दक्षिण पश्चिमी किराती भाषाहरू हायू, बाहिङ, सुनुवार र सुरेल हुन सक्ने भनेका छन्। यो भाषा किराती भाषासँग नजिकको सम्बन्ध राख्ने भाषा हो। सुरेल शब्दले जाति र भाषा दुवैलाई बुझाउँदछ। सुरेल भाषाको लेख्यपरम्परा विकास भएको छैन। यो भाषाको आफ्नो लिपि पनि छैन। कहिलेकाहीं छिटफुट रुपमा लेखिँदा देवनागरी लिपि नै प्रयोग गर्छन् ।
- सुरेल जातिको आफ्नै मौलिक धर्म एवम् सांस्कृतिक अनुष्ठान रहेको पाइन्छ। यद्यपि ती मौलिक र परम्परागत सांस्कृतिक मूल्य र मान्यताहरू हिन्दु धर्म र संस्कृतिको हस्तक्षेपका कारण बिटुलो हुँदै गएको छ। मूलतः सुरेल जातिहरू प्रकृति र पितृ पूजक नै हुन्। यो कुरा उनीहरूले अहिले पनि गर्ने केही मौलिक सांस्कृतिक अनुष्ठानहरूले प्रष्ट्याउँदछ। आम आदिवासीहरूले गर्ने भूमे, उँधौली र उँभौली पूजा गर्ने गर्छन्।
- जन्मदेखि मृत्युसम्मको संस्कार हेर्दा उनीहरूको मौलिक संस्कारभन्दा हिन्दु संस्कारबाट प्रभावित भएको देखिन्छ। बच्चालाई जन्म दिनका लागि घरमै र प्राकृतिक रुपमा नै जन्म दिने कुरालाई राम्रो मान्छन्, तर आजभोलि आधुनिक उपचार पद्दतिका कारण स्वास्थ्य चौकी वा प्रसूति उपचार केन्द्रहरूमा जाने

प्रचलन पनि रह्को छ। सुरेल जातिमा छोरी जन्मिए ५ दिन र छोरा जन्मिए ७ दिनमा न्वारान गर्ने चलन छ। सुरेल जातिमा बच्चा जन्मिएको ६ महिना पुगेपछि छोराको र ५ महिना पुगेपछि छोरीको पास्नी गर्ने चलन छ। पास्नी पनि ब्राम्हण पुरोहितद्धारा नै गराइन्छ। छोराको लागि छेवर गरिन्छ भने छोरीका लागि गुन्यूचोली दिने चलन छ। छेवर नगरेसम्म कपाल काट्न हुँदैन भन्ने मान्यता रहेको पाइन्छ भने विवाह आदि कर्मका लागि छोराको लागि छेवर र छोरीका लागि गुन्यूचोली कर्म सम्पन्न गरिसक्नु पर्ने मान्यता रही आएको छ।

- सुरेल जातिमा मागी र भागी विवाह हुने गरेको पाइन्छ। केही समय अगाडिसम्म चोरी विवाह पनि प्रचलनमा थियो तर अहिले सोको प्रचलन हराइसकेको छ। सुरेल जातिको कोही व्यक्तिको मृत्यु भएपछि उसको शवलाई घरबाहिर निकाली पिँढीको दाहिनेपट्टि गुन्द्रीमा राखिन्छ। मृतकको घरमा तत्कालै गाईको गोबरले लिपपोत गरिन्छ। शवलाई पनि नुहाइ धुवाइ गरी नयाँ कपडाले फेरिदिने चलन छ। साथै मृतकको मुखमा ढ्याके पैसा राखिदिइन्छ। स-सानो बालबालिका (१० वर्षभन्दा कम उमेरका) लाई गाड्ने प्रचलन छ, तर त्यसभन्दा माथि उमेरको कोही मृतक भए जलाउने चलन छ। आम आदिवासीको गाड्ने चलन भए पनि जलाउने प्रचलन चाहिँ हिन्दु संस्कारबाट सिकेको भान हुन्छ।
- सुरेलहरूको परम्परागत आर्थिक आयआर्जनको मूल स्रोत कृषि नै हो। सुरेलहरूको आफ्नै किपट भए पनि त्यो किपट बिस्तारै गुम्दै गयो। यद्यपि उनीहरूसँग जग्गा जमिन अलिअलि बाँकी रहेको छ। जग्गा जमिनमा मात्र अहिले निर्भर रहन सक्ने स्थिति देखिँदैन। मुस्किलले ५ या ६ महिनासम्मलाई मात्र खाना पुग्ने देखिन्छ। बाँकी महिना उनीहरू ज्याला मजदुरीजस्ता वैकल्पिक स्रोतमा निर्भर हुनुपर्छ।
- यस समुदायको जीविकोपार्जनको स्रोत कृषि नै हो। यसका अलवा पशुपालन, बाँसका सामग्री निर्माण गरेर बेचबिखन गर्ने र सिकार आदि विविध पेशा र आयआर्जनको स्रोत देखिन्छ। आलु खेती गर्नका लागि खाल्डो बनाउने परम्परा पनि लोप भइसकेको छ। परम्परागत विधिहरूमा समेत ह्रास आइसकेको छ। पहिला सिकार खेल्ने प्रचलन रहेको भए पनि अहिले

त्यस किसिमको परम्परा हराइसकेको छ। बाँसबाट बन्ने नाङ्लो, डालो आदि आयआर्जनका स्रोत भए पनि अहिले यी सामग्री निर्माण गर्ने व्यक्ति पाइन छोड्यो। नेपाल सरकारले निश्चित मापदण्ड बनाई अल्पसङ्ख्यक जातिहरूका लागि सुरक्षा भत्ताको व्यवस्था गर्दै आइरहेको छ।

- राजनीतिमा पनि उनीहरूको प्रवेश भर्खरैदेखि मात्र भएको देखिन्छ। स्थानीय तहमा मनोनित सदस्यका रुपमा एक जना सुरेल महिलालाई समावेश गरिएको छ। यस क्रममा सुरेल समुदायले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आइरहेका छन्। पछिल्लो विवरणअनुसार झण्डै ३०० जनाको हाराहारीमा रहेका सुरेलका समुदायले मासिक तीन हजार रुपैयाँ सो भत्ता पाउछन् ।
- सुरेल समुदायबाट शिक्षाको मूलधारमा त्यति धेरै उपस्थिति देखिँदैन। २०४७ सालमा प्रजातन्त्र पुर्नस्थापना भएपछि मात्र लेखपढमा प्रवेश गरेका सुरेलहरूले उच्च शिक्षा हासिल गरिसकेको देखिँदैन। स्नातक तहमा अध्ययनरत एक जनाबाहेक स्नातकोत्तर गर्ने कोही पनि छैनन्। त्यसैगरी प्राविधिक शिक्षा (डाक्टर, इन्जिनियर) जस्ता क्षेत्रमा पनि उपस्थिति शून्य छ। यद्यपि पछिल्लो अवस्थामा भने केही थोरै सुरेलहरूले एसएलसी (एसइई)गर्ने सुरेलहरूको सङ्ख्या बढ्न थालेको देखिन्छ। अहिलेसम्म सुरेल समुदायबाट एसएसलसी गर्नेको सङ्ख्या २० जना मात्र देखिन्छ।
- सुरेल जातिको राज्यका अमुक निकायहरूमा सहभागिता बिस्तारै देखिन थालेको छ। उनीहरूको शैक्षिक योग्यता र राजनैतिक पहुँच नभएकाले राज्यका निकायहरूमा निकै कम उपस्थिति रहेको छ। यद्यपि २०४७ सालपछिको खुल्ला वातावरण २०६२/६३ सालको जनआन्दोलनको उभारले ल्याएको राजनैतिक एवम् सामाजिक चेतनाले उनीहरूमा परिवर्तन आएको छ। संगठित हुनुपर्छ भन्ने भावानाले एकतावद्ध गराएको छ।
- सुरेल जातिहरूको समग्र उत्थान गर्नका लागि सामाजिक संस्था नै स्थापना गरेका छन्। महिलाहरूको पनि सामाजिक संस्थामा संलग्नता देखिन थालेको छ भने परामर्शका लागि पनि उनीहरूको संलग्नता बढ्दै गएको देखिन्छ। राजनैतिक सहभागितामा समेत महिलाको उपस्थिति साङ्केतिक रुपमा देखिएको छ। मौजुदा कार्यकालका लागि गौरीशङ्कर गाउँपालिकाको मनोनित सदस्यका रुपमा महिला सुरेलले नै प्रतिनिधित्व गरेको छ।

सन्दर्भसूची

क) देवनागरी

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (२०५८) काठमाडौँः कानुन किताब व्यवस्था समिति ।

आचार्य, मधुसूदन (२०६६) *सुरेल जातिको उत्पत्ति, धर्म र संस्कृति,* काठमाडौँ : पैवरबी प्रकाशन ।

नेपाली बृहत् शब्दकोश (२०७५), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनलाल (२०४९) *हाम्रो समाजः एक अध्ययन,* काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, मधुसूदन (२०६४) *नेपालका जनजातिहरू,* काठमाडौँ : पैरबी प्रकाशन ।

ख) रोमन

Bhattachan, Krishna B. and Dambar Chemjong. 2006. *Achieving the Millennium Development Goals among the Indigenous Surels of Nepal*. A Report submitted to the International Labour Organization (Project to promote the rights of Indigenous Peoples (PRO169).

Borchers, Dörte. *Surel narrations about everyday live and history*. https://elar.soas.ac. uk/Collection/MPI106044. Retrieved on 25/08/2017.

Bradley,D.(1997). *Tibeto-Burman Languages and Classification*. In D. Bradley (Ed), Papers in Southeast Asian Linguistics No. 14: Tibeto-Burman Languages of the Himalayas. Canberra: Pacific Linguistics, 1-72.

Central Bureau of Statistics. 2012. *Statistical Year Book of Nepal 2001*. Kathmandu: HMG. Dhakal,

Dubi Nanda. 2017. *A Sociolinguisitc Survey of Surel,* A Research Report submitted to Linguistic Survey of Nepal, and Central Department of Linguistics, Tribhuvan University.

Eppele, John W., M. Paul Lewis, Dan Raj Regmi, Yogendra P. Yadava. 2012. *Ethnologue: Languages of Nepal*. Kathmandu: Linguistic Survey of Nepal and SIL International.

Hanßon, Gerd. 1991. *The Rai of Eastern Nepal: Ethnic and linguistic grouping. Findings of the Linguistic Survey of Nepal,* Werner Winter, ed. Kathmandu: Linguistic Survey of Nepal and Centre for Nepal and Asian Studies, Tribhuvan University, 1991.

Khadka, Indra Bahadur. 2055 BS. *A Study of Social and Cultural Study of Surel People (in Nepali)*. Dissertation submitted to Tribhuvan University, Kathmandu, Nepal.

National Foundation of Development of Indigenous Nationalities (2003). *National Foundation for Development of Indigenous Nationalities: An Introduction*.

van Driem, George. 2007. *South Asia and the Middle East*. In: Christopher Moseley (ed.), Encyclopedia of the world's major endangered languages. London and New York: Routledge Taylor & Francis Group, 283-348.

van Driem, George.2001. *Languages of the Himalayas*, Vol. I. Leiden: Brill.

Yadava, Yogendra P. 2014. *"Language Use in Nepal"*. Population Monograph of Nepal, Vol II, Social Demography). Kathmandu: CBS: 51-72.

परिशिष्ट

तस्बिरहरू

JACK&JONES
VINTAGE CO





HAPPY DIPAWALI